# पत्रकारिता

माघ, २०७५

PATRAKARITA









## नेपाल पत्रकार महासंघ

## महिला राष्ट्रिय सम्मेलन

# विशेषाङ्क

# नेपाल पत्रकार महासंघ, महिला समितिका गतिविधिहरू

नेपाल पत्रकार महासंघ, महिला समितिद्वारा २०७४ फागुन ७ गते 'सूचनाको हकमा महिला पत्रकारहरूको पहुँच' विषयक अन्तर्क्रिया एवं सगरमाथा आरोहण गर्ने पत्रकार महिलालाई शुभकामना कार्यक्रम सम्पन्न भयो ।

त्यसैगरी नेपाल पत्रकार महासंघले २०७४ फागुन १९ गते लैङ्गिक समानता र अवसर विषयमा अन्तर्क्रिया गर्नुका साथै तीन जना महिला पत्रकारलाई पुस्कार प्रदान गरेको थियो । कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले सञ्चार क्षेत्रमा महिला पत्रकारको सहभागिता बराबरी हुनुपर्नेमा सरकार को जोड रहेको बताउँदै सञ्चार प्रतिष्ठानको स्थापना गरी दक्ष पत्रकारको उत्पादन गर्ने लक्ष्य रहेको बताउनुभयो । नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले लैङ्गिक समानताको विषय महिला र पुरूषबीच रहेका विभेद हटाउनका लागि सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो ।

नेपाल पत्रकार महासंघ महिला समितिको आयोजनामा ' महिला पत्रकार फुटबल प्रतियोगिता' सम्पन्न भयो । सातदोबाटो स्थित एन्फा मैदानमा खेलाइएको उक्त फुटवल खेलको माननीय युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा)ले रेफ्रीलाई बल हस्तान्तरण गरी उदघाटन गर्नभएको थियो ।

त्यस्तै, २०७५ असोज ११ गते महिला समितिले सूचनाको हकबारे महिला पत्रकारको भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।















## यो अंकमा



# हिजोको पत्रकारिता र आजको परिवेश

राधा बुढाथोकी । ६ ।



# पत्रकार महिलाका चुनौती र अवसर

संगीता खड्का । ८ ।

## शुभकामना

- **प्रधानमन्त्री केपी शर्मा ओली**
- **सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटा**
- **अध्यक्ष गोविन्द आचार्य**


- महिला पत्रकारहरूको भौतिक सुरक्षाको सवाल । **लक्ष्मी पुन**, १०
- पत्रकारिता र लैंगिक समावेशीकरण । **शीतलप्रसाद महतो**, १४
- लैंगिक समानताका लागि मिडियाको भूमिका : नीतिमा प्रष्ट, व्यवहार स्पष्ट । **कृष्ण गिरी**, १८
- महिला पत्रकार अझै किन पलायन ? **सिर्जना अर्याल**, २१
- पत्रकारिता क्षेत्रमा कहाँ छ समावेशिता ? । **जानुका बराल**, २३
- आमसञ्चारगृहमा महिला पत्रकार टिकाउने आधार के ? । **मधु शाही**, २५
- महासंघको इतिहासमा महिला पत्रकारको नेतृत्वः विगत र वर्तमान । **मीरा राजभण्डारी अमात्य**, २७
- पत्रकार महिला ३३ प्रतिशत खोई ? । **अमृता अनमोल**, ३१
- सञ्चारमा महिला सहभागिता न्यून । **अछरी पोखेल**, ३३
- समानतामैत्री सञ्चार अबको आवश्यकता । **चाँदनी आचार्य**, ३६
- कर्णाली प्रदेशमा पत्रकार महिलाहरूको वर्तमान अवस्था र चुनौती । **डम्मर आचार्य**, ३८
- युद्ध पत्रकारिताको त्यो परिस्थिति पार गर्दा । **स्मिता निरौला**, ४०
- दायित्व र कर्तव्य । **शान्ति गुरुङ**, ४२
- पत्रकार महिला र कलमले फेरिएका जीवन । **दीपा घर्ती (पौडेल)**, ४४
- किन टिक्दैनन् कर्णालीका महिला पत्रकार ? । **कृष्णमाया उपाध्याय**, ४७
- पत्रकारिता भर्सेस इमान्दारिता । **प्रतिक्षा काफ्ले**, ४९
- भोजपुरदेखि काठमाडौंसम्मको मेरो यात्रा । **विद्या राई**, ५१
- पत्रकारितामा महिलाको संख्यात्मक र गुणात्मक सहअस्तित्व चाहिन्छ । **विमला पाण्डे**, ५४
- विभिन्न समस्याले पत्रकारितामा टिक्दैनन् महिला । **मनिषा केसी**, ५६
- पत्रकार महिलाको अवस्था र चुनौती । **पार्वती पाण्डे**, ५८
- लमजुङका पत्रकार महिलाको अवस्था र चुनौती । **शान्ता कमली**, ६०
- पत्रकारको प्रश्न । **यशोदा अधिकारी**, २४
- सूचना प्रवाहमा नारी । **मन गहिरे**, ४६

सम्पादकीय

# यता पनि ३३ प्रतिशतको कुरा गरौं !

आजको युगमा आइपुग्दासम्म हाम्रो समाज पुरानै परम्परागत पितृसत्तात्मक सोंचको अधिनमै छटपटाइरहेको छ । महिलाहरू जतिसुकै उचाईको ओहदामा पुगे पनि हाम्रो कामकारवाही र व्यक्तित्वलाई हेर्ने दृष्टिकोणमा खासै परिवर्तन आएको छैन । केही अग्रज महिला नेतृहरूले हरेक मोर्चामा पहलकदमी त लिएका छन् तर त्यो सन्देश देशका कुनाकन्दरासम्म पुग्ने वातावरण छैन । यस युगमा पनि पसल जाँदा समेत घरपरिवार, श्रीमान् वा अन्य अभिभावकको स्वीकृति लिनुपर्ने बाध्यता अझै छ ।

नेपाल पत्रकार महासंघको महिला समितिको पहलमा आयोजना हुन लागेको यसै सम्मेलनमा सहभागी हुनका लागि समेत यहाँहरू कतिले निकै पापड बेल्नु पर्‍यो होला ? यहाँहरूले अँगालेको पेशा पनि त कम चुनौतीपूर्ण छैन । आफूहरू सामाजिक, साँस्कृतिक, आर्थिक लगायतका बाधाअड्चनका बावजुद आवाजविहीनहरूको आवाज बन्ने जमर्को गर्नुभएको छ । आफ्ना खुट्टाहरूमा घरायशी नेलरूपी बन्धन भए पनि कलम भने हातबाट खस्न दिनु भएको छैन । बाहिरबाट सरसर्ती हेर्दा महिला पत्रकारको पहिचान बनाउन सफल भएपनि निरन्तर यस पेशामा टिक्न फलामको चिउरा चपाएझैं छ । यस पेशाभित्र लुकेका काँडा सामान्य बाटोमा हिँडिरहेको मानिसले आँकलन गर्न सक्दैन । स्क्रिनमा चट्ट परेर आरामसँग पूर्ण आत्मविश्वासका साथ समाचार पढेको त सबैले देख्दछन्, तर त्यस कुर्सीमा कति हप्कीदप्की र आर्थिक शोषणको मारमा पिल्सिएको कुराको भान आम दर्शकलाई शायदै हुने गर्छ ।

पत्रकारिता जगत पनि पुरूषप्रधान सङ्कीर्ण सोचबाट खासै मुक्त हुन सकेको छैन । महिला पत्रकारहरूले पत्रिका चलाउँदा समेत नकारात्मक टिप्पणी गर्ने प्रवृत्ति छ । 'महिलाले चलाएको पत्रिका चली हाल्छ नि !' भन्नेजस्ता निकृष्ट शव्दवाण प्रहार गरिन्छ । महिला पत्रकारहरूले चलाएका सञ्चार माध्यमहरूलाई कम आँक्ने प्रवृत्ति पनि उत्तिकै छ ।

महिला पत्रकार यस क्षेत्रमा टिकिरहून् भन्ने सोच धेरैको हुँदैन । किनभने अन्य पेशा अँगालेकी छोरी, श्रीमती वा बुहारीले पत्रकारको भन्दा बढी तलब ल्याउँछन् । शुरूमा पत्रकार शव्द सुन्नेबित्तिकै "वाउ"को प्रतिक्रिया आउँछ । तर बेलुका घर ढिला आउन थालेपछि 'भो छोडिदेऊ यस्तो काम' भन्न थालिन्छ । अर्को कुरा, सुरक्षा एउटा महत्वपूर्ण पाटो हो । राज्य र सम्बन्धित मिडियाले उनीहरू अबेर रात्रिकालीन सेवाबाट घर जाने व्यवस्था हुनु पर्दछ । पत्रकारिताको कुनै ठोस समयतालिका हुँदैन । किनभने आम मानिसलाई सुसूचित गर्ने पहरेदारहरू आफै सुस्ताए भने त्यो काम गर्ने कसले ?

सबै महिलाका समस्या पनि एकैखाले हुँदनन् । त्यसको प्रतिनिधित्व पुरूषहरूले कुनै हालतमा गर्न सक्दैनन् । तसर्थ अब नेपाल पत्रकार महासंघमा महिलाहरूको प्रतिनिधित्व बढाउने बेला भएको छ । पत्रकार महिलाहरूका लागि कस्तो नीतिनियम र ऐनकानुन आवश्यक छ ? त्यो पत्रकार महिलाहरूले आफै कोर्ने अवस्था हुनुपर्छ । त्यसैले विभिन्न निकायमा महिला प्रतिनिधित्व ३३ प्रतिशतको माग गर्दै आवाज घन्काउने हरू आफै साँघुरिनु कतिको जायज होला ! अब समय भएको छ, महासंघकै केन्द्रीय समितिमा महिला पत्रकारहरूको समावेशी सहभागिता ३३ प्रतिशत पुर्‍याउने र पदाधिकारीमा पनि सोहीअनुरूप ३३ प्रतिशत कायम गर्ने । त्यसैगरी उपाध्यक्षमा एकजना महिला पदको व्यवस्था गर्नु पर्दछ । यसो भएमा कसैको भाग खोसिने होइन । त्यसो भएमा महिला पत्रकारहरूले वास्तवमा न्याय पाउने वातावरण सुनिश्चित हुनेछ ।

प्रधानमन्त्री

काठमाडौं, नेपाल

## शुभकामना

नेपाली पत्रकारहरुको छाता संगठनका रुपमा सुपरिचित नेपाल पत्रकार महासंघले महिला पत्रकारहरुको राष्ट्रिय भेलाको आयोजना गर्न लागेको खबर पाउँदा मलाई खुशी लागेको छ । चितवनको पटिहानीमा आयोजना गर्न लागिएको यस राष्ट्रिय भेलाले नेपालका पत्रकार महिलाहरुले सामना गरिरहनु परेका चुनौतिका बारेमा गम्भीर छलफल हुने विश्वास मैले लिएको छु । भेलामा पत्रकारिताका विविध क्षेत्रमा महिलाहरुको उपस्थितिको अभिवृद्धि गर्ने विषयमा समेत विचार विमर्श हुने कुरामा म विश्वस्त छु ।

महिला पत्रकारको हक-हितका पक्षमा भेलाले ठोस निर्णय गर्ने विश्वासका साथ यसको भव्य सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपाली पत्रकारितामा महिलाहरुको भौतिक उपस्थिति पुरुषका दाँजोमा न्यून छ । अझ सम्पादकीय नेतृत्वमा त महिला पत्रकारको उपस्थिति निकै कम छ । यो अवस्था रहीरहनु उपयुक्त होइन । संविधानमै राज्यका हरेक निकायमा महिलाको उपस्थिति ३३ प्रतिशत हुनै पर्ने प्रावधान रहेको छ । संविधानले राज्यका निकायमा यसरी उल्लेखनीय रुपमा महिला सहभागिताको सुनिश्चिता गरेको छ । यस परिप्रेक्ष्यमा पत्रकारिता जगतमा समेत महिलाको उपस्थिति न्यून हुनु उपयुक्त होइन । आमसञ्चार माध्यममा महिलाको सवाललाई अभिवृद्धि गर्न समाचार कक्ष वा रिर्पोटिङ्को क्षेत्रमा महिलाको उल्लेखनीय उपस्थिति प्रभावकारी हुन्छ ।

नेपालले विश्वस्तरमै दृष्टान्त प्रस्तुत गर्दै महिला सशक्तिकरणको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको सर्वविदितै छ । नेपाली पत्रकारितामा पनि महिलाहरुले अझ बढी प्रोत्साहित हुने वातावरण सृजना हुँदै जाने कुरामा म विश्वस्त छु ।


महिला पत्रकारहरुलाई पत्रकारितामा आकर्षित गर्ने, उपयुक्त वातावरण प्रदान गर्दै निरन्तर काममा प्रोत्साहित गर्ने र सम्पादकीय नेतृत्वमा पुग्न मद्दत गर्ने सवालमा सरकार सदैव सकारात्मक छ । महिला पत्रकारहरु अनेक चुनौतिका बीचमा पनि पत्रकारितामा संलग्न छन् । यो गौरवको कुरा हो । नेपालका पुरुष पत्रकारहरु सँगै अब महिला पत्रकारहरुले पनि क्षमता वृद्धिका लागि विषेश ध्यान दिनु पर्दछ । यसका लागि सरकारले आवश्यक सहयोग गर्ने कुरामा म विश्वास दिलाउनु चाहन्छु ।

महिला पत्रकार भेलाको पूर्ण सफलताको कामना गर्दछु ।

माघ, २०७५

के.पी. शर्मा ओली

नेपाल सरकार
मा. गोकुल प्रसाद बाँस्कोटा
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।



# शुभकामना

नेपाल पत्रकार महासंघ, महिला समितिको आयोजनामा हुन गइरहेको महिला पत्रकारहरुको राष्ट्रिय सम्मेलन तथा सो अवसरमा प्रकाशन हुन लागेको महिला पत्रकार सम्बन्धी विशेषाङ्कमा शुभकामना दिन पाउँदा खुसी लागेको छ ।

पत्रकारिता समाज रुपान्तरणको सशक्त माध्यम हो । समाजका विकृति, विसंगतिहरुलाई उजागर गर्दै आमनागरिकहरुमा जनचेतना अभिवृद्धि गर्नु पत्रकारिताको ध्येय पनि हो । राष्ट्रले अघि सारेको नीति, कार्यक्रम तथा योजनाहरुलाई आमनागरिक सम्म पुयाउन, विकास निर्माण कार्यमा हुने अनियमितता तर्फ खबरदारी गरी सुशासन कायम गर्दै भ्रष्टाचार रहित समाज निर्माण गर्न र सरकारले अघि सारेको सुशासन, विकास र समृद्धिको नारालाई मूर्तरुप दिने कार्यमा पत्रकारिताको अमूल्य योगदान रहन्छ, यस दिशातर्फ यस संस्थाको ध्यान जाने कुरामा म विश्वस्त छु । यस सम्मेलनले पत्रकारिता क्षेत्रमा महिलाहरुको उपस्थितिलाई अझ बाक्लो बनाउँदै महिला सञ्चार कर्मीहरुको हक हित र सुरक्षाका खातिर अझ सशक्त भई अघि बढ्न सहयोग पुऱ्याउने अपेक्षा समेत गरेको छु ।

अन्तमा, सम्मेलन सफलताको शुभकामना दिंदै नेपाल पत्रकार महासंघ, महिला समितिको प्रगतिको लागि शुभकामना दिन चाहन्छु ।

धन्यवाद !

गोकुल प्रसाद बाँस्कोटा
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

मिति २०७५।१०।१३

मा. गोकुल प्रसाद बाँस्कोटा
मन्त्री

फोन नं. ९७७-१-४२११५५५, ४२११७०१, ४२११६५०, (कार्यालय) फ्याक्स : ९७७-१-४२११५००

# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


Ref No. :

नेपाल पत्रकार महासंघ केन्द्रीय समिति Central Committee Federation of Nepali Journalists

मिति : २०७५।१०।१४

### शुभकामना

नेपाल पत्रकार महासंघको महिला समितिको सक्रियतामा माघ १६ र १७ गते चितवनमा हुनगइरहेको पत्रकार महिलाको राष्ट्रिय सम्मेलनको अवसर पारेर पत्रकारिताको **महिला पत्रकार विशेषाङ्क** प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । यस अवसरमा म महिला समितिका पदाधिकारी तथा सदस्यहरूमा हार्दिक बधाई ज्ञापन गर्दछु ।

नेपाली सञ्चारमाध्यममा स्वामित्व, विषयवस्तु र भौतिक उपस्थितिको दृष्टिले महिलाहरू पछि परिरहेको अवस्था एकातिर छ भने अर्कोतिर सञ्चारमाध्यममा लैङ्गीय असमानताका साथै महिला पत्रकारप्रतिको दृष्टिकोणका कारण विभिन्न किसिमका समस्याहरु पनि उब्जिरहेका छन् ।

यो पृष्ठभूमिमा प्रकाशन हुने **महिला पत्रकार विषेशाङ्क**ले खासगरी पत्रकार महिलाको हकहितका साथै उनीहरूप्रति हुने हरेक किसिमका ज्यादतीहरूको प्रतिवाद गर्दै तिनको निराकरणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल होस भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

साथै, पत्रकार महिलाको यो **राष्ट्रिय सम्मेलन**ले पत्रकार महिलाको भौतिक तथा पेशागत सुरक्षालगायतका विषयमा गहन छलफल गरी भविष्यमा आइपर्ने हरेक चुनौतीको सामना गर्न उपयुक्त रणनीतिहरू तर्जुमा गर्न सफल हुनेछ भन्ने विश्वासका साथ सम्मेलनको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

गोविन्द आचार्य
अध्यक्ष


Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977 1 4112763 / 4112673 Fax: +977 1 4112785 Email: fnjnepalcentral@gmail.com URL: www.fnjnepal.org

# हिजोको पत्रकारिता र आजको परिवेश

**यसैको समानान्तर संगठनका रूपमा नेपाल पत्रकार संघकै नामबाट गैरव्यवसायिक संगठन समेत अस्तित्वमा देखिएपछि नेपाल पत्रकार संघलाई नेपाल पत्रकार महासंघमा रूपान्तरित गरिएको हो । मेरो लागि पेशागत जिम्मेवारीका हैसियतमा यो रूपान्तरणमा आफ्नो समेत प्रतिनिधित्व भएकोले गौरवको अनुभूति हुन्छ ।**



राधा बुढाथोकी

पत्रकारिताको त्याति लामो अनुभव त हासिल गर्न सकिएन । तर पनि पञ्चायतकाल हुँदै संवैधानिक राजतन्त्रकालको अवस्थासम्म आइपुग्दा पत्रकारिताले आफूलाई पछ्याउन नछोडेपछि त्यस अवधिबीचको पत्रकारिताको अनुभव राम्रैसँग गरिएको छ । महिमा साप्ताहिक, नयाँ हाँक साप्ताहिक, नव जनक्रान्ति साप्ताहिक, नयाँ मोर्चा दैनिक, नयाँ मोर्चा साप्ताहिक र समता साप्ताहिक लगायतका पत्रिकाहरूमा जिम्मेवारी सम्हाल्दै सम्पादक र प्रकाशकको भूमिकासम्म निर्वाह गरियो । त्यसैमा पनि आफू महिला पत्रकार भएकाले पत्रकारिता पेशा गर्ने क्रममा महिलाले भोग्नुपरेका केही अनुभवहरू यहाँ प्रस्तुत गर्नु सान्दर्भिक लागेको छ ।

आजको पिँढीका नवप्रतिभा महिला पत्रकारहरूलाई पनि केही सहयोग पुग्ने आशा गर्न सकिन्छ । मेरो अगुवाइमा महिला पत्रकारहरूका समस्याबारेमा आफू नेपाल पत्रकार महासंघको उपसभापति रहेकै समयमा पोखरामा महिला पत्रकारहरूको राष्ट्रिय भेला सम्पन्न गरिएको थियो । त्यसैगरी महिलाहरूलाई यस क्षेत्रमा अग्रसर र उत्प्रेरित गराउनका लागि धनकुटामा महिलाहरूलाई पत्रकारिता सम्बन्धी तालिम दिइएको थियो । महिला पत्रकार र पुरुष पत्रकारहरूबीच धेरै भिन्नता छ भन्ने मलाई लाग्दैन । पुरुष पत्रकारहरूले भन्दा महिला पत्रकारहरूले थुप्रै चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ । असुरक्षाका कारण रात्रिकालीन कार्यक्रमहरूमा महिला पत्रकारहरूलाई सहभागिता त्यति सहज हुँदैन । मलाई एउटा घटनाको

अहिले पनि सम्झना आइरहन्छ । काठमाडौंको भृकुटीमण्डपस्थित राष्ट्रिय सभागृहमा आयोजना भएको नेपाल पत्रकार संघको अधिवेशनमा त्यो बेलाका पत्रकार रघुजी पन्तले मैले लगाएको कुर्ता र सुरूवालको प्रशंसा गर्दै कति राम्रो कुर्ता सुरूवाल लगाउनु भएको भनेर स्पर्श गर्दा म तर्सिएकी थिएँ । म डराएर कमल कसजू दिदीको पछाडि लागेर सुरक्षित भएको महशुस गरेकी थिएँ । यो महिला पत्रकार भएका कारणले भोग्नु परेको पीडा हो । रघुजी पन्तको नियत के थियो ? मैले कसरी बुझ्ने ?

पत्रकारिता हिजोको होस्, आजको होस् वा भोलिकै किन नहोस्, जनतालाई सु-सूचित गराउने लक्ष्य नै पत्रकारिताको जिम्मेवारी हो भन्ने मेरो बुझाइ छ । महिला पत्रकारका हकमा झनै जिम्मेवारीबोध हुन्छ । हिजोका दिनहरूमा पत्रकारिता त्यति सहज थिएन । प्रविधिको विकाससँगै विज्ञापनका माध्यमहरूको विकासले पत्रकारितालाई निकै सहज तुल्याएको महशुस हुन्छ । हिजोका दिनहरूमा लेटर प्रेसको झन्झटिलो प्रविधिबाट गरिने पत्रकारिता निकै कष्टकर थियो । अक्षरहरू कम्पोज गरेर दिनभरिमा एक व्यक्तिले एक पृष्ठको समाचार तयार गर्नसक्ने अवस्थाबाट विकसित हुँदै आएको मेरो अनुभवको पत्रकारिता आजको दिनमा एकै दिनमा एकै व्यक्तिले २० औं पृष्ठ तयार गर्न सक्ने अवस्था छ । यो विज्ञान र प्रविधिको विकासको परिणाम हो भन्ने सहजै बुझ्न सकिन्छ ।

पत्रकारिताकै माध्यमबाट पत्रकारिता पेशाको छाता संगठन नेपाल पत्रकार महासंघको उपसभापतिको जिम्मेवारी समेत सम्हालेको अनुभवका आधारमा भन्नुपर्दा पत्रकारिता पेशा एकातर्फ लगामविहीन जस्तै अनुभव गरियो भने यो पेशा लावारिश पेशा पनि हो भन्ने अनुभव गरियो । पत्रकारिता पेशाको निश्चित आयस्रोत हुँदैन । यथार्थमा पत्रकार भनेका समाजमा देखापर्ने अन्याय, अत्याचार र विकृति तथा विसंगतिहरूलाई तह लगाउने सिपाही हुन् । समाजमा अन्याय गर्नेहरूका विरूद्ध लेख्नु भनेको जोखिम मोल्नु पनि हो । पत्रकारले जस्तोसुकै खालको जोखिमसँग पनि सामना गर्न सक्नु पर्दछ । यो वास्तविकतालाई राज्यले बुझ्न सकेको पाइँदैन । हिजोको अवस्थासँग आजको अवस्थाले मेल खाने सन्दर्भ यो अद्यापि छ ।

पत्रकारिताले सरकारलाई मार्गदर्शन गर्दछ । सरकारले जनताको पक्षमा काम गर्न चाहने हो भने प्रेस जगत सरकारको आँखा साबित हुन सक्छ । जनता समाजमा रहेका शोषक वर्गबाट विभिन्न ढङ्गले ठगिएका हुन्छन् । ठगिएका जनतासँग उजुरी गर्ने अवस्था समेत रहेको हुँदैन । ठगिएका शोषित पीडित जनता अन्याय सहेर बस्नुपर्ने बाध्यता रहेको हुन्छ । त्यस्तो अवस्थामा सरकारले न्याय दिलाउन सक्ने अवस्था रहँदैन । यो स्थितिमा प्रेस जगतको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । सरकारलाई पीडित जनताको अवस्था जानकारी गराउने माध्यम प्रेस जगत हुने भएकाले राज्यले प्रेस जगतलाई सरकारको ऐनाको रूपमा लिनु पर्दछ । मेरो पत्रकारिताको अनुभवका आधारमा कमसेकम यतिसम्म भन्न सक्ने अवस्था छ ।

प्रेस जगतलाई राज्यले चौथो अङ्गको मान्यता दिइएको छ । तर यो मान्यता नेपालको परिवेशमा भन्नुपर्दा नेपाली प्रेस निकै ठूलो चुनौतीका साथ अगाडि बढिरहेको छ । नेपाली प्रेसको विगत अत्यन्त पीडादायी थियो । दलहरू प्रतिबन्धित रहेका अवस्थामा सरकार र प्रतिबन्धित दलहरूबीचको संवादको माध्यम पनि प्रेस जगत नै थियो । प्रतिबन्धित दलहरूका गतिविधि सरकारसमक्ष पुर्‍याउने काम पनि प्रेस जगतले नै गरेको थियो । प्रेस जगतको भूमिका नभइदिएको भए प्रजातन्त्रको पुनर्वहाली हुने स्थिति यति छिटै आउन सक्ने थिएन ।

दलविहीनबाट बहुदलीय प्रणाली र संवैधानिक राजतन्त्रबाट गणतन्त्रसम्मको राजनीतिक परिवर्तनमा नेपाल धेरै अगाडि बढिसकेको छ । तर नेपाली प्रेस संख्यात्मक हिसाबले वृद्धि भएको देखिए पनि प्रेसको प्रभावकरिता र राज्यले प्रेसलाई गर्नुपर्ने दायित्व निर्वाह गरिरहेको अवस्था छैन । त्यसैले नेपाल सरकारले नेपाली प्रेसलाई राज्यको चौथो अङ्गको रूपमा स्वीकार गरेको छ भनेर विश्वास गर्ने अवस्था छैन ।

प्रेस स्वतन्त्रता निःसन्देह पत्रकारहरूको चाहना हुन्छ । स्वतन्त्रता लेख्नको लागि मात्र नभएर विज्ञापन पाउने स्वतन्त्रता पनि पत्रकारहरूको चाहना मात्र होइन अधिकार पनि हो । राजनीतिमा उल्लेखनीय उपलब्धि हासिल गरिसकेको हाम्रो देशमा प्रेस जगतको चाहनालाई सम्बोधन गर्ने इच्छाशक्ति सरकार सञ्चालन गर्ने कुनै पनि राजनीतिक दलहरूमा पाइएको छैन । देशलाई गणतन्त्रात्मक मुलुक घोषित गरिसकेपछि पनि देशमा प्रेस जगतलाई संकुचनमा राख्ने प्रयास भइरहेको पाइन्छ ।

प्रेसको स्तर विकास गर्न विज्ञापनको महत्वपूर्ण योगदान रहन्छ । मैले पत्रकारिता सुरू गर्दाखेरीको विज्ञापनको अभाव जस्तै आज पनि देखिन्छ । त्यसैले त्यो बेलाको पत्रकारिता र आजको पत्रकारिता स्तरीयताको हिसाबले खासै प्रगति भएको मान्ने अवस्था छैन । राज्यबाट प्रेसको स्तर विकासका लागि कुनै ठोस कार्यक्रम आएको देखिँदैन । प्रेसले लेखेको कुराप्रति सरकारको चासो समेत नरहने अवस्था हिजो पनि थियो आज पनि त्यस्तै छ । यो नै सबैभन्दा दुर्भाग्यपूर्ण विषय हो । प्रेसले गलत समाचार सम्प्रेषण गरेको छ भने राज्यले सचेत बनाउनु जरूरी हुन्छ । राज्यलाई ऐना देखाउने प्रेसले हो । प्रेसले नै गलत समाचार सम्प्रेषण गरेपछि राज्यले राम्रो काम गर्ने मार्गनिर्देशन कोबाट लिने ? त्यसैले समाचार सम्प्रेषणमा प्रेस जगतको होशियारी आवश्यक हुन्छ ।

नेपाल पत्रकार महासंघको नामकरण भएको म स्वयं नेपाल पत्रकार संघको उपसभापति रहेको कार्यकालमै हो । नेपाली प्रेस जगत पञ्चायतकालमा शासकहरूको स्तुतिमा प्रस्तुत हुनुपर्ने बाध्यता जस्तै थियो । राजनीतिक स्वतन्त्रताको पक्षमा लेख्ने पत्रकारहरू बाहेक अरू पत्रकारहरू पञ्चायतकालीन शासकहरूका कार्यकर्ता जस्ता देखिन्थे । राजनीतिक स्वतन्त्रताको पक्षधर पत्रकारहरूले नेपाल पत्रकार संघलाई सरकारको दासताका विरूद्ध उभ्याउने प्रयासअन्तर्गत तत्कालीन समयमा प्रकाशन हुने 'समय' दैनिकका सम्पादक मणिराज उपाध्यायको नेतृत्वबाट थालिएको हो । तत्कालीन अग्रज पत्रकारहरूमा मणिराज उपाध्याय, गोपालदास श्रेष्ठ, गोविन्द वियोगी लगायतको नेतृत्वमा नेपाल पत्रकार संघलाई पेशागत संगठनका रूपमा विकसित गराउने प्रयास भएको हो । तर यसैको समानान्तर संगठनका रूपमा नेपाल पत्रकार संघकै नामबाट गैरव्यवसायिक संगठन समेत अस्तित्वमा देखिएपछि नेपाल पत्रकार संघलाई नेपाल पत्रकार महासंघमा रूपान्तरित गरिएको हो । मेरो लागि पेशागत जिम्मेवारीका हैसियतमा यो रूपान्तरणमा आफ्नो समेत प्रतिनिधित्व भएकोले गौरवको अनुभूति हुन्छ । तर प्रेस जगतले हिजोका दिनहरूमा भोग्नु परेको कठिनाइ आज पनि त्यही अवस्थामा रहेको पाइनु दुःखद पक्ष हो भन्ने लाग्छ । यसमा राज्यले ध्यान पुर्‍याउनु जरूरी छ ।

**(बुढाथोकी नेपाल पत्रकार महासंघका पूर्वउपसभापति हुनुहुन्छ ।)**

# पत्रकार महिलाका चुनौती र अवसर

**छापामाध्यम सागसंगै**
**टेलिभिजन र रेडियो पत्रकारिताका कारण पनि दिनानुदिन यस पेशामा पत्रकार महिलाहरूको सहभागिता बढ्दो छ । यस पेशामा पत्रकार महिलाहरूको आकर्षण बढ्दै जानु पत्रकारिता क्षेत्रकै लागि पनि सुखद पक्ष हो । पत्रकारिता पेशामा रहेको महिला सहभागिता पर्याप्त होइन तर उत्साहजनक भने मान्न सकिन्छ ।**



संगीता खड्का

पत्रकारिता क्षेत्रका ठूला ठूला हस्तीहरूले भनेका छन्- जुन कुरा सरोकारवाला निकायले लुकाउन खोज्छन्, त्यो समाचार हो, जुन कुरा सार्वजनिक गर्न खोज्छन्, त्यो केवल विज्ञापन हो । समाचारको यो परिभाषाले नै पत्रकारिता पेशाको महत्व र चुनौतीलाई दर्शाउछ । पत्रकारिता पेशा आफैमा चुनौतीपूर्ण पेशा हो ।

विश्वका विभिन्न विकसित देशको तुलनामा नेपालमा पत्रकारिता क्षेत्र निक्कै प्रारम्भिक अवस्थामा रहेको छ । पत्रकारिता पेशा त दशकौंदेखि चल्दै आएको छ तर अझै पनि व्यवसायिक दृष्टिले हेर्ने हो भने नेपालको पत्रकारिता प्रारम्भिक र कमजोर अवस्थामा नै छ । जसोतसो नेपाली पत्रकारिताले आफ्नो धार बनाउँदै लग्दा यस चुनौतीपूर्ण पेशामा पत्रकार महिलाहरूको आकर्षण भने दिनानुदिन बढ्दै गएको छ । पत्रकारिता क्षेत्रमा महिलाहरूको सहभागिता बढ्दै जानुलाई नेपाली  समाज रुपान्तरण हुँदै गएको अर्थमा पनि लिन सकिन्छ ।

**पत्रकारिता क्षेत्रमा महिलाको सहभागिता**

पत्रकारिता क्षेत्रमा महिला सहभागिताको चर्चा गर्ने हो भने पछिल्ला दुई दशकअघिको अवस्था र अहिलेको अवस्थालाई हेरे मात्रै पनि पुग्दछ । दुई दशकअघि पत्रकारिता क्षेत्रमा क्रियाशील महिला खोज्नु पर्‍यो भने शिला खोजे जस्तै एकाध पत्रकार महिला भेटिन्थे तर आज नेपाल पत्रकार महासंघको सदस्यता संख्यालाई नै

हेर्ने हो भने पनि २ हजार भन्दा माथिको संख्या रहेको छ । वर्षौदेखि क्रियाशील रहेपनि सदस्यता पाउन नसकेका पत्रकार महिलाहरूको संख्या पनि सयौंकै संख्यामा रहेको छ । छापामाध्यम सँगसँगै टेलिभिजन र रेडियो पत्रकारिताका कारण पनि दिनानुदिन यस पेशामा पत्रकार महिलाहरूको सहभागिता बढ्दो छ । यस पेशामा पत्रकार महिलाहरूको आकर्षण बढ्दै जानु पत्रकारिता क्षेत्रकै लागि पनि सुखद पक्ष हो । पत्रकारिता पेशामा रहेको महिला सहभागिता पर्याप्त होइन तर उत्साहजनक भने मान्न सकिन्छ ।

### पत्रकारिता क्षेत्रमा महिलाका लागि चुनौती र अवसर

पत्रकारिता पेशा हरबखत तयारी हालतमा रहनुपर्ने पेशा हो । आकस्मिक घटना घटेको बेलामा जत्ति बेला पनि रिपोर्टर तयार हुन सक्नुपर्दछ । यस्तो चुनौतीपूर्ण पेशा हरकोहीका लागि जटिल पेशा हो भने हाम्रो जस्तो सामाजिक परिवेश भएको देशमा त महिलाका लागि अझ थप चुनौतीपूर्ण पेशा हो । साँझ वा बिहान नभनी घरबाट जत्ति बेला पनि निस्कन सक्ने वातावरण कमै महिलाले पाउँछन् । यस पेशामा हुनसक्ने भौतिक र मानसिक असुरक्षा, समयको असीमितताका कारण पनि थोरै महिला मात्रै यस पेशामा आउन आकर्षित हुने गर्दछन् । यस पेशामा आइसकेका महिलाहरू पनि एकाध वर्षमा उपर्युक्त अवसर पाएमा अन्य पेशामा मोडिनेहरूको संख्या पनि निक्कै धेरै छ । पत्रकारिता पेशाका सबै जटिलतालाई बेहोर्दै वर्षौसम्म निरन्तर यस पेशामा टिकिरहने महिलाको संख्या निक्कै कम हुन आउँछ । यति धेरै जटिलताका बाबजुद पत्रकार महिलाका लागि जति चुनौती छन्, त्योभन्दा धेरै अवसर पनि रहेका छन् । टेलिभिजन, रेडियो र अनलाइन सञ्चारमाध्यमको व्यापक बृद्धिले पत्रकार महिलालाई काम गर्ने राम्रो वातावरण पनि प्राप्त हुँदै गएको छ । पत्रकारिता क्षेत्रमा लागेका महिलाहरूलाई प्राथमिकताका साथ अवसर पनि सम्बन्धित सञ्चारमाध्यमहरूले दिने गरेका छन् । नेपालको राजनीतिमा आएको समावेशिताको मुद्दा सँगसँगै जिल्लाको रिपोर्टर छनौटमा होस् वा न्युजरूमभित्र होस्, महिलाहरूको सहभागितालाई प्राथमिकता दिइन्छ । अवसर पाएपछि आफूलाई अब्बल सावित गर्नका लागि सम्बन्धित पात्रले कसरी काम गर्छ, त्यो अनुसार नै उसको प्रगति हुने गर्दछ । पत्रकारिता पेशा चुनौतीपूर्ण पेशा हो तर यस पेशाभित्र धेरै अवसर पनि छन् ।

### निर्णायक तहमा पत्रकार महिलाको अवस्था

पत्रकारिता पेशामा निरन्तर दशकौं जीवन व्यतीत गर्ने महिलाहरू सयौंको संख्यामा नै रहेका छन् । करिब यस पेशामा दुई दशकभन्दा बढी समय निरन्तर काम गरेका महिलाहरू पनि निर्णायक तहमा भने अपवाद बाहेक छैनन् भन्दा पनि हुन्छ । पत्रकार महिलाका लागि यो सबैभन्दा दुःखको कुरा हो । पत्रकार महिलाका लागि अवसर र चुनौतीको चर्चा गरिरहँदा निरन्तर काम गरिरहेका महिलाहरू किन निर्णायक ठाउँमा भने पुग्न सकेका छैनन् भन्ने विषयमा पनि बहस गर्न जरूरी छ । पत्रकार महिलाहरू नेतृत्वका लागि व्यवस्थापकबाट पत्याइएनन् वा महिलाहरूले त्यहीस्तरमा क्षमता विकास गर्न सकेका छैनन् वा हाम्रो सामाजिक परिवेश जहाँ महिलाहरूलाई पुरूषप्रधान समाजले नेतृत्वमा ल्याउन चाहँदैन ? यी प्रश्नहरूमा निकै बहस गर्न जरूरी छ । काममा निरन्तर लाग्दैमा सबैका सबै नेतृत्व तहमा पुग्ने भन्ने पनि होइन तर नेतृत्व क्षमता राम्रैसँग विकास गरेका महिलाहरूले पनि कि त यस पेशाबाट अन्य क्षेत्रमा परिवर्तन हुनुपर्दछ कि त आफ्ना सहकर्मीको मातहतमा रहेर काम गर्नुपर्ने देखिन्छ । अघि उठाइएका प्रश्नहरूमध्ये सबैभन्दा प्रमुख कारण हाम्रो जस्तो सामाजिक परिवेश जहाँ महिलालाई नेतृत्व तहमा देख्न हाम्रो पुरूषप्रधान समाज तयार नै छैन । यस्तो परिवेशका बावजुद पनि नेतृत्व तहमा पत्रकार महिलालाई कसरी अघि बढाउन सकिन्छ भनेर बहस गरिरहन र व्यवहारिकरूपमा हरेक सञ्चारसंस्थाहरूले कार्यान्वयन गर्दै लानका लागि वातावरण निर्माण गरिरहन जरूरी छ ।

### पत्रकार महिलाका लागि के गर्न सकिएला ?

पत्रकार हुनुका नाताले पुरूष वा महिलाका पेशागत हकहितका मुद्दा एउटै हुन् । यी पेशागत साझा मुद्दाका लागि सरोकारवाला निकायहरू निरन्तर लागेका छन् र लागिरहनेछन् । पत्रकारिता क्षेत्रका साझा जटिलताहरू सँगसँगै पत्रकार महिलाले लैङ्गिक हिसाबले पनि धेरै अप्ठ्याराहरू झेल्दै आएका छन् । जुन समस्याहरू समाधान गर्न नसकिने होइनन् तर यसका लागि निरन्तर बहस र दवाव जरूरी हुन्छ । नेपाल पत्रकार महासंघ, सञ्चारिका समूह जस्ता संस्थाहरूले पत्रकार महिलाका समस्यालाई पहिचान गरी निरन्तर यी मुद्दालाई कार्यान्वयनका लागि सरोकारवाला निकायहरूलाई दबाब दिइरहन जरूरी हुन्छ । पत्रकार महिलाका समस्यालाई केवल महिलाको समस्याको रूपमा मात्रै नलिई हरेक सञ्चारमाध्यममा लैंगिकमैत्री वातावरण बनाउन सिंगो सञ्चारमाध्यममा कार्यरत व्यक्तिहरू लाग्नु पर्दछ । महिलालाई रातको समयमा कार्यालयबाट घरसम्म सुरक्षित वातावरणमा पुर्‍याउने व्यवस्था हुने हो भने पनि ढिलो भयो भन्ने चिन्तामा महिलाहरू पर्नु पर्दैन ।

जेहोस् सञ्चारमाध्यममा काम गर्दा लैङ्गिकमैत्री वातावरण हुने, महिलाहरूलाई क्षमताअनुसार निर्णायक तहमा पुर्‍याउनुपर्छ भन्ने भावना सञ्चारसंस्थाका नेतृत्वतहमा रहेका व्यक्तिमा हुने हो भने पनि महिलाका लागि धेरै सहज वातावरण निर्माण हुने थियो । यो सँगसँगै महिलाहरूले पनि आफूले अवसर पाउँदा आफूलाई अब्बल सावित गर्न हर कोशिस गर्न जरूरी छ । नेपाल पत्रकार महासंघ जस्ता संस्थाले महिलालाई अघि बढाउन आफ्नो पदाधिकारीमा महिलाहरू धेरै भन्दा धेरै संख्यामा निर्वाचित गराउन पहल गर्ने, सरकारी सञ्चारमाध्यम वा सञ्चारसम्बन्धी नीतिनिर्माण गर्ने ठाउँमा राज्यले प्रतिनिधि नियुक्त गर्दा पनि केही संख्या  महिलाका लागि अनिवार्य व्यवस्था गर्न लगाउने हो भने पनि पत्रकार महिलाका समस्या निराकरण गर्न धेरै हदसम्म सफलता मिल्न सक्दथ्यो ।

**(खड्का नेपाल पत्रकार महासंघकी पूर्वउपाध्यक्ष हुनुहुन्छ)**

# महिला पत्रकारहरूको भौतिक सुरक्षाको सवाल !

**महिला पत्रकारहरूको सुरक्षा राज्यको पनि दायित्व हो । त्यसका लागि विशेष नीति निर्माण गर्न आवश्यक छ । लैंगिकमैत्री नीति निर्माण गर्नुका साथै कार्यान्वयनको पाटो पनि मजबूत बनाउन सही संयत्र विकास गर्न जरूरी छ । हरेक सञ्चार नीति निर्माण गर्न वा सुझाव संकलनका लागि बनेका निकायमा अनिवार्य महिला प्रतिनिधित्व गराउनु पर्छ ।**



लक्ष्मी पुन

पत्रकारहरूको सुरक्षा केही विकसित राष्ट्रहरूमा नीति निर्माणका बखत गहन छलफलको विषय बने पनि हाम्रो जस्तो मुलुकमा खासै चर्चा पाउन सकेको छैन । त्यसमा झनै महिला पत्रकारहरूको सुरक्षाको विषयले गम्भीर छलफलमा खासै प्रवेश पाउने गरेको छैन । समाजमा व्याप्त रहेको भ्रष्टाचार, तस्करी, कुरिती लगायत विरूद्ध जेहाद छेडने काममा महिला पत्रकारहरूको भूमिका पनि त्यति नै उल्लेखनीय छ । सञ्चारगृहहरूले आफनो अनुकूल काममा त लगाउँछन् तर उनीहरूको सुरक्षाको विषय ओझेलमै परेको देखिन्छ । पत्रकारिता क्षेत्र नै त्यस्तो हो यसको स्पष्ट १० देखि ५ को समय हुँदैन । हरेक प्रहर कुनै न कुनै घटना घटेकै हुन्छ र जनतालाई समयमै सुसूचित गराउने पत्रकारहरूको मुख्य कर्तव्य हो । नेपाली पत्रकारिताको इतिहासमा महिला पत्रकारहरूले पकड जमाएको खासै लामो समय भएको छैन । कुनै कालखण्डमा नेपाली पत्रकारिता जगत मात्र होइन पूरै दक्षिण एशियामा पुरूषको मात्रै पकड थियो । विस्तारै महिलाहरूले पनि आफनो उपस्थिति जनाउँदै दखल दिन थाले । आफ्नो पदछाप छोड्ने गरी सक्रियताका साथ महिलाहरू पनि लागे । त्यो समय प्रविधिको युग थिएन । उनीहरूले निकै ठूलो अग्निपरीक्षा पार गर्नुपर्थ्यो । अहिलेको अवस्थामा सञ्चारका हरेक श्रेत्रमा विभिन्न विषयगत बिट सम्हाल्दै उनीहरू पैतृक दम्भ तोड्दै आफनो व्यक्तित्व निखार्न सफल भएका छन् । तर समग्रमा पेशागत सुरक्षा सँगसँगै उनीहरूको भौतिक सुरक्षाको

विषयलाई पनि टड्कारो रूपमा लिनुपर्ने अत्यन्तै जरूरी छ । सुरक्षाको अनुभूति न हुँदासम्म पेशा परिवर्तन गर्ने समस्याको समाधान कहिले पनि हुनसक्ने छैन । यस क्षेत्रप्रति आकर्षण, सम्मान र लगावका साथ प्रवेश गर्ने महिला पत्रकारहरूलाई रिपोर्टिङ्का क्रममा, हुलमुलमा, समाचार स्रोतसँग भेट्दा, कार्यालयस्थल लगायतका स्थानमा कसरी सुरक्षित राख्ने भन्ने विषय एक नम्बरमा सोच्नु पर्ने विषय हो । उनीहरूलाई टिकाउनु नै प्रमुख चुनौती र दायित्व बनेको छ । संक्षिप्त भए पनि अनिवार्यरूपमा आत्मसुरक्षाको तालिम आवश्यक देखिन्छ । युद्धबाट ग्रस्त अन्य मुलुकको तुलनामा नेपाल धेरै सुरक्षित भए पनि ढुक्क हुने अवस्था भने छैन । किनभने अपहरण र हत्यामात्र भौतिक सुरक्षाअन्तर्गत पर्दैन । भौतिक सुरक्षा भन्नासाथ मानसिक, शारीरिक दुबै पर्दछन् । विश्वमा भएका कैयौं घटनाले के पुष्टि गर्दछन् भने बलात्कार, यौनजन्य हिंसा लगायतका व्यवहार एउटा सजायका रूपमा घटाइएका छन् । तिमी महिला भएर पनि निहु खाज्ने र कलम चलाउने भन्ने पुरूषप्रधान सोच हावी हुँदा ती घटनाहरू घटेका हुन्छन् । नेपालको सन्दर्भमा कार्यालयस्थलमा हुने यौनजन्य हिंसा बढी समस्याका रूपमा देखिने गरेको छ । एउटा शोधका अनुसार पुरुष पत्रकारका तुलनामा महिला पत्रकारहरूलाई समाचार लेखेको कारणले मार्ने वा अपहरणको धम्की आउने गरेको केही महिला पत्रकारहरूले सुनाउने गरेको पाइन्छ । अन्तर्वार्ता वा खोजमूलक सामग्री तयार पार्ने क्रममा स्रोतव्यक्तिबाट दुर्व्यवहार भएका घटना पनि धेरै छन् । कार्यालयमा हाकिमले बढुवा, महत्वपूर्ण जिम्मेवारी, कामको चाप न दिने, सुविधाहरू उपलब्ध गराउने लगायतका प्रलोभन देखाएर अनेक फाइदा लिन खोज्ने जस्तो तल्लोस्तरको हर्कत बेलाबखत सतहमा आउने गर्दछन् । कतिपय अवस्थामा आफूले भनेको न मानेपछि जागिर नै खोसिदिने धम्की दिने गरेको पनि देखिएको छ । यद्यपि, धेरै घटनाहरू सतहसम्म आउनै सक्दैनन् । रात्रिकालीन सेवामा बिना स्वीकृति उनीहरूलाई खटाउन मिल्दैन । महिला पत्रकारहरूको सुरक्षा हेतु राज्यले विषेश संयत्र बनाउन आवश्यक छ ।

## राज्य र कार्यालयको भूमिका

महिला पत्रकारहरूको सुरक्षा राज्यको पनि दायित्व हो । त्यसका लागि विशेष नीति निर्माण गर्न आवश्यक छ । लैंगिकमैत्री नीति निर्माण गर्नुका साथै कार्यान्वयनको पाटो पनि मजबूत बनाउन सही संयत्र विकास गर्न जरूरी छ । हरेक सञ्चार नीति निर्माण गर्न वा सुझाव संकलनका लागि बनेका निकायमा अनिवार्य महिला प्रतिनिधित्व गराउनु पर्छ । साथै सबै मिडिया हाउसहरू लैंगिकमैत्री हुन आवश्यक छ । यसैगरी श्रमजीवी पत्रकार ऐन कडाइका साथ लागू हुनुले महिला पत्रकारको हित सामेल हुने कुरासँगै जाडिन्छ । गर्भावस्था, सुत्केरी, महिनावारी लगायतका विशेष अवस्थामा विशेष व्यवस्था हुनु पर्दछ । सूचना तथा सञ्चार मन्त्रालय, आम श्रमजीवी पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघ, सूचना आयोग, प्रेस काउन्सिल, सूचना विभाग लगायतका निकाय महिला पत्रकार हरूका विषयमा गम्भीर हुन आवश्यक छ । मुख्य कुरा महिलाको नेतृत्व स्वीकार नगर्नु पितृसत्तात्मक सामन्ती सोचको उपज भएकोले त्यसलाई सच्याउन राज्यले विशेष कार्यक्रम ल्याउन आवश्यक देखिन्छ । महिला पत्रकारहरूको संख्या अत्यन्तै न्यून हुनुको कारण सुरक्षा पनि हो ।

सबै सञ्चारगृहहरूले पनि महिला पत्रकारहरूको हकमा उनीहरूलाई दुर्व्यवहार, यौन हिंसा र सम्भावित दुर्घटनाबाट बचाउन ठोस संयत्र  गर्न जरूरी छ । समाचार कक्षमा सीसीटीभी जडान गर्नु पनि धेरै समस्याको समाधान हो । कुनै घटनाको प्रमाणको रूपमा पनि त्यसलाई प्रयोग गर्न मिल्छ । रात्रिकालीन सेवापश्चात महिला पत्रकारहरूलाई अनिवार्य घर छोड्ने व्यवस्था हुनु पर्दछ । कार्य सम्पादनका क्रममा हुने कुनै अप्रिय घटनाको जिम्मेवारी सम्बन्धित सञ्चारगृहले लिनु पर्छ । पत्रकारहरूको अन्तर्राष्ट्रिय संगठन आइएफजेका अनुसार आफ्नो कार्यकालमा प्रत्येक २ जना महिला पत्रकारमध्ये एकजना विभिन्न किसिमको हिंसाको शिकार भएको पाइएको छ ।

## हत्या, हिंसा र विश्व घटनाहरू

युनेस्कोका अनुसार सन २०१२ देखि २०१६ सम्म विश्वभरि ३८ जना महिला पत्रकारहरू मारिएका छन् । यस अवधिमा पुरूष पत्रकारहरूको तुलनामा यो ७ प्रतिशतको आँकडा हो । कतिपय अवस्थामा बलात्कारपश्चातको विभत्स हत्याका घटना पनि भएका छन् । बुल्गेरियाकी ३० वर्षीया भिक्टोरिया मरिनोवाको बलात्कारपश्चात हत्या भएको थियो । २०१७ को सेप्टेम्बरमा भारतीय पत्रकार गौरी लंकेशलाई गोली हानी हत्या गरिएको हो । २०१८ को अगस्तमा आफ्नै निवासमा हत्या गरिएकी बाङलादेशी पत्रकार सुवर्ण नोदी आनन्द टेलिभिजनमा कार्यरत थिइन् । यस्ता घटनाहरू धेरै छन् । नेपाली पत्रकारहरूमा उमा सिंहको हत्याले नेपाली पत्रकारिता जगतमा सनसनी ल्याएको थियो । मधेशमा पत्रकारिता क्षेत्रमा उदाउँदै गरेकी उमाको हत्यामा आफ्नै भाउजूको संलग्नता देखियो । त्यस समुदायबाट प्रतिनिधित्व गर्ने एक होनहार पत्रकार अस्ताउदा नेपाली पत्रकारिता जगत नै शोकमा डुबेको थियो । नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईमा २०७४ साल साउनदेखि २०७५ भदौ २६ गतेसम्म अभिलेख भएका प्रेस स्वतन्त्रता हननका घटनाहरू निम्नानुसार रहेका छन् ।

## कसरी हुने सुरक्षित ?

कतिपय अवस्थामा महिला पत्रकारहरू आफै पनि चनाखो हुन आवश्यक देखिन्छ । आफू कसरी सुरक्षित हुने भन्ने विषयमा पनि ध्यान पुर्‍याउन जरूरी छ । 'जान है तो जहान है' भन्ने हिन्दी उखान पत्रकारले बिर्सनु हुँदैन । तपाईंको ज्यानको मूल्य एउटा समाचार मात्र कहिल्यै हुन सक्दैन । हामी बाच्यौँ भने सयौं समाचार वा लेख तयार पार्न सक्छौँ । जीवनलाई धरापमा राखेर कलम न चलाऔँ । भावना वा आवेगमा आउनु हुँदैन । इजिप्सियन प्रेस सिण्डिकेटकी पूर्वउपाध्यक्ष तथा प्रसिद्ध पत्रकारका अबिर साडीले कसैलाई केही साबित गर्नका लागि आफ्नो ज्यान जोखिममा राख्न आवश्यक न भएको बताउँछिन् । तल दिइएका केही सावधानीका उपायहरूको पालना गर्न सकिन्छ ।

- नियुक्तिपत्र लिएर मात्र कामको थालनी गर्ने ।
- आफूले पाउने सेवा तथा सुविधाबारे जानकारी लिने ।
- नयाँ स्थान वा परिवेशमा जानु अगावै त्यस ठाउँको संस्कृति, कानुन, चलन, भाषा, भेषभूषा, खानपान, महिलाहरूको स्थितिबारे जानकारी लिने ।
- समसामयिक विषयमा अपडेट हुने ।
- अध्ययन गर्न अल्छी न गर्ने, पत्रकारिताको मुख्य आधार यही हो ।
- कुनै किसिमको अभिव्यक्ति दिनुअघि त्यहाँको परिवेश बुझ्ने ।
- कार्यालयमा कुनै सहकर्मी वा हाकिमको व्यवहार मन नपरेमा नजिकका साथीहरूसँग सल्लाह लिने ।
- आपत्तिजनक व्यवहार भएमा सम्बन्धित निकायमा उजुरी

# तालिका

नेपाल पत्रकार महासंघको २०७४ साल भदौ ४ र ५ मा सम्पन्न २५ औं महादिवेशनपश्चात पुस ११ गतेसम्म महासंघको सञ्चार अनुगमन इकाइमा अभिलेख भएका प्रेस स्वतन्त्रताका सवालमा महिला पत्रकारमाथि भएका घटनाहरू निम्न रहेका छन् ।

| **क.स** | **घटना प्रकृति** | **संख्या** |
|---|---|---|
| १ | पक्राउ | ४ |
| २ | दुर्व्यवहार | १ |
| ३ | समाचार संकलनमा अवरोध | १ |
| ४ | आक्रमण | १ |
| **जम्मा घटना** | | **७** |

स्रोतः नेपाल पत्रकार महासंघ

घटना विवरण

| क.स | नाम | घटना प्रकृति | घटना विवरण |
|---|---|---|---|
| १ | भावना विद्रोही | आक्रमण | असोज ४ गते पत्रिकाको काम सकेर घर फर्कने क्रममा पत्रकार भावना विद्रोहीलाई बागबजारमा एक सैनिकबाट आक्रमण भएको थियो । राति ९:३० बजे भएको आक्रमणमा परी विद्रोहीको नाक र टाउकोमा चोट लागेको थियो । |
| २ | कान्ता गिरी | पक्राउ | समाचार संकलनका क्रममा इन्स्टिच्यूट अफ मेनेजमेन्ट स्टडिजमा प'गेका टिभी ट'डेका सम्वाददाता कान्ता गिरीलाई सञ्चालक भावना राणा र त्यहाँका कर्मचारीले कार्तिक २७ गते द'र्व्यवहार गर्दै प्रहरी बोलाएर पक्राउ गरेका थिए । प्रहरीले नियन्त्रणमा पत्रकार गिरीलाई लिई नियन्त्रण गरेर छोडेको थियो । |
| ३ | जमुना श्रेष्ठ<br>मीना तुम्सुवा | पक्राउ | स'नसरीबाट प्रकाशित प्रबोध साप्ताहिकका सम्वाददाता जमुना श्रेष्ठ र मर्निङ टाइम्स दैनिकका सम्वाददाता मीना तुम्सुवालाई प्रहरीले माघ ७ गते पक्राउ गरेका थिए । उनीहरूलाई केही दिन पछि रिहा गरिएको थियो । |
| ४ | सविता श्रेष्ठ,<br>गीता गुरूङ, | समाचार संकलनमा अवरोध | चैत १३ गते उद्योग वाणिज्य संघ चितवनको टोलीले करको विषयमा ज्ञापनपत्र ब'झाउने कार्यक्रमको समाचार संकलन गर्न पत्रकारहरू भरतप'र महानगरपालिकामा प'गेका पत्रकारहरूलाई महानगरका प्रशासकीय अधिकृत प्रेमराज जोशी र वडा नं १० का अध्यक्ष अरूणपीडित भण्डारीले गालीगलौज गर्दै कार्यक्रम स्थलवाट बाहिर निकाल्दै समाचार संकलनमा अवरोध पर्‍याएका थिए । |
| ५ | शर्मिला सुवेदी | पक्राउ | २०७५ जेठ १७ गते त्रिभ'वन अन्तर्राष्ट्रिय विमान स्थल परिसरमा दिउँसो ३:०० बजेतिर समाचार संकलन गरिरहेका अनलाइन टिभी अन्नपूर्णपोष्टका पत्रकार शर्मिला सुवेदी लगायतका उक्त टिभीका पत्रकारलाई प्रहरीले ६ घण्टा नियन्त्रणमा लिएर मानसिक तनाव दिनुका साथै उनीहरूले क्यामेरामा खिचिएको दृश्यसमेत मेटाएर छोडेको थियो । उनीहरू त्यहा ठूलो परिमाणमा स'न तस्करी हुँदैछ भन्ने सूचना पाएर त्यहाँ पुगेका थिए । |
| ६ | शिखा श्रेष्ठ | दुर्व्यवहार | २०७५ कार्तिक ६ गते समाचार संकलनका क्रममा सगरमाथा टेलिभिजनका सम्वाददाता शिखा श्रेष्ठ र क्यामेरापर्सन अजय हाकुजुलाई यातायात व्यवस्था विभागका निर्देशक चन्द्र शाहले दुर्व्यवहार गर्दै धम्की दिएको हो । समाचार संकलनका लागि कात्तिक ६ गते भीनभवनस्थित यातायात व्यवस्था विभाग पुगेका सञ्चारकर्मीद्धय श्रेष्ठ र हाकुजुलाई भाद्र १ गतेबाट लागू भएको मुलुकी संहिताको हवाला दिँदै सार्वजनिक सेवाको क्षेत्र र त्यहाँबाट दिइने सेवाका विषयमा समाचार बनाउन पूर्वअन'मति लिन'पर्ने भन्दै निर्देशक शाहले दुर्व्यवहार गर्दै धम्क्याएका थिए । |
| ७ | बर्षा शाह | पक्राउ | २०७५ मंसिर २७ गते समाचार संकलनका क्रममा प्रहरीले देश सञ्चार अनलाइनमा कार्यरत फोटो पत्रकार वर्षा शाहलाई आज पक्राउ गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । शीतल निवासअगाडि भएको विरोध प्रदर्शनको फोटो खिचिरहेकी पत्रकार शाहलाई प्रहरीले बिनाकारण पक्राउ गरेको थियो । |

स्रोतः नेपाल पत्रकार महासंघ

दिने ।

- अरूका गल्तीको सजाय आफूलाई नदिने, डटेर सामना गर्ने र आत्मविश्वास न गुमाउने ।
- आवश्यकता भन्दा बढी न बोल्ने । अपरिचितसँग दूरी राख्ने ।
- समाचार संकलनका लागि आफू जान लागेको स्थानबारे, आफ्नो कार्यालय वा निकट सहकर्मीलाई पूर्व जानकारी गराउने ।
- युद्धग्रस्त क्षेत्रहरूमा हुँदा आफ्नो पासपोर्ट, नागरिकता जस्ता महत्वपूर्ण कागजातहरूको कपी आफूसँगै बोके पनि संकलनहरू सुरक्षित स्थानमा राख्ने ।
- सेनेटरी प्याड, औषधि, पानीको बोतल, हल्का खानेकुरा, चश्मा, टर्च, सिटी, क्यामरा, रेकर्डर, ल्यापटप लगायतका आवश्यक सामग्री बोक्ने । तर आपत परेर भाग्ने स्थिति आउँदा सामग्रीहरू भन्दा आफ्नो ज्यान जोगाउनतिर लाग्ने ।
- अनावश्यक ठाउँमा आफ्नो परिचय न दिने ।
- आफूलाई सजिलो लाग्ने पोशाक लगाउने ।
- जुत्ता लगाउँदा सकभर हिल भएको नलगाउने ।
- परिस्थिति हेरेर हुलमुलमा प्रेस लेखेको ज्याकेट प्रयोग गर्ने ।
- परिस्थिति हेरेर आफू जान लागेको स्थानको जानकारी सामाजिक सञ्जालमा नगराउने । ट्याग सेटिङ त्यसै अनुरूप मिलाउने ।
- निकै संवेदनशील वातावरणमा अरूलाई लक्षित गरेको प्रहारको शिकार आफू बन्न सकिन्छ । त्यसैले आवश्यकताअनुसार बुलेटप्रुफ ज्याकेट लगाउने ।
- साइडब्याग भन्दा ल्यापटप ब्याग बोक्ने ।
- मौसम अनुकूल कपडा लगाउने । परिवेशलाई पनि ध्यान दिने ।
- एक्लाएक्लै बिना योजना न हिड्ने ।
- कतैबाट धम्की आएको खण्डमा आफ्नो कार्यालय वा प्रहरी प्रशासनमा तुरून्त खबर गर्ने । सुरक्षित स्थानमा बस्ने, परिवारलाई अपरिचित व्यक्तिका लागि ढोका न खोल्न भन्ने, प्रहरीलाई आफ्नो घरको ठेगाना दिने, बाटोमा समस्या छ भने सधै हिड्ने बाटो प्रयोग न गर्ने ।
- आवश्यकता परेको खण्डमा मनोवैज्ञानिक परामर्श लिन संकोच नमान्ने । दुर्घटना वा विभत्स हत्याको घटनाको रिपोर्टिङका क्रममा मानसिक असर पर्नु स्वभाविक हो । निकै समस्या हुन्छ भने त्यस्ता स्थानमा न जाने ।
- अति संवेदनशील समाचारका कारणले सुरक्षाको समस्या आउँछ भने नाम न राख्न अनुरोध गर्ने ।
- साम्प्रदायिक तथा शान्ति खल्बलिने खालको समाचार न लेख्ने ।
- बिना प्रमाण शंकाको भरमा समाचार सम्प्रेषण न गर्ने ।
- समाचार स्रोतको गोपनीयताको सम्मान गर्ने ।
- निकै खतरायुक्त समाचार छ भने आफूले बुझ्ने गरी कोड भाषामा टिपोट गर्ने ।
- अपरिचित व्यक्तिसँग लिफ्ट न लिने ।
- अपराधीको चंगुलमा फसेको महसुस भएमा मोबाइल साइलन्टमा राख्ने, लोकेशनसहित हाकिम वा साथीलाई मेसेज पठाउने वा प्रहरीलाई खबर गर्ने । आफ्नो पहिरन परिवर्तन गर्न सकिन्छ भने गर्ने ।
- आफ्नो ज्यान सबैभन्दा माथि राख्ने, जोखिम नमोल्ने र सुरक्षित रहने ।
- कुनै पनि मुलुकमा महिला पत्रकारहरू सुरक्षित न हुँदासम्म त्यहाँको लोकतन्त्र र महिला सशक्तीकरण सफल हुन सक्दैन । महिलाहरू पत्रकारिता क्षेत्रमा सुरक्षित न हुँदासम्म कुनै पनि मुलुक सम्पन्न मानिने छैन । महिला पत्रकारहरूको भौतिक सुरक्षा यस कारणले पनि महत्वपूर्ण छ । हरेक सामाजिक कुसंस्कार, कुरीति, भ्रष्टाचार र अन्यायविरूद्ध जेहाद छेड्न पुरूषले चलाएको कलम काफी हुनै सक्दैन । त्यसैले राज्य र सम्बन्धित निकाय लैंगिकमैत्री नेपाली पत्रकारिता जगत निर्माण गर्न तत्पर हुनुको विकल्प छैन ।

**(पुन नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव तथा महिला समिति संयोजक हुनुहुन्छ)**

# पत्रकारिता र लैंगिक समावेशीकरण

**मुलुकमा रहेका सूचना तथा सञ्चारको जुनसुकै माध्यमलाई हेर्दा पनि पत्रकार महिलाहरूको समानुपातिक सहभागिता भएको पाइँदैन । पत्रकारिताको सञ्चालन, प्रकाशन र प्रसारणमा महिलाहरूको समान्य पहुँच देखिए पनि अग्रपंक्तिमा पुरुषहरूकै हालीमुहाली रहेको छ । नेपाली पत्रकारिताको सबै अंगमा लैंगिक विभेदको अवस्था विद्यमान छँदैछ ।**



शीतलप्रसाद महतो

समावेशी लोकतन्त्रको माग सँगसँगै पत्रकारिता क्षेत्रमा पनि लैंगिक समावेशीकरणको सवाल निकै गम्भीर ताका साथ उठ्न थालेको छ । तर अझै पनि आधा जनसंख्या ओगटेका महिलाहरूलाई पत्रकारिता क्षेत्रले आकर्षित गर्न सकेको छैन । व्यवसायिक र सामाजिक दृष्टिकोणका हिसावले पनि उनीहरूका लागि मैत्रीपूर्ण पत्रकारिताको विकास हुन सके को छैन । पत्रकारिताको निर्णायक तहमा महिलाको सहभागिता, दृष्टिकोण र विचारले अझैं अर्थपूर्ण ठाउँ पाउन सकेको छैन ।

सन् १९९५ मा चीनको राजधानी बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिला विकास र समानताका लागि बाधक रहेका १२ वटा सरोकारका क्षेत्रहरूलाई पहिचान गरिएको थियो । जसमध्ये दशौं बुँदामा महिला र सञ्चारलाई पनि एउटा मुख्य क्षेत्रको रूपमा पहिचान गरिएको थियो । यसले सञ्चारमाध्यमहरूमा महिलाहरूको पहुँच, सहभागिता र सक्रियतामा रहेको असमानतालाई हटाउनुपर्छ भन्ने बिषयमा जोड दिएको थियो । लैंगिक दृष्टिकोणले हेर्ने हो भने महिला र पुरुषमा सूचनाको आवश्यकता र सञ्चारका साधनहरूको उपयोग गर्ने क्षमता फरक फरक छन् । महिला सहभागिता बढाउनका लागि संस्थागतरूपमा नियमहरूको तर्जुमा र तिनको पूर्ण प्रतिवद्धता एवं इमान्दारिताका साथ कार्यान्वयन गर्नुपर्दछ । यसका साथै पत्रकारिता क्षेत्रमा लैंगिक समावेशीकरणका लागि राष्ट्रको सञ्चार नीति, यस सम्बन्धी भएका

कानुन र योजनादेखि पेशागत संघसंस्था र सञ्चारमाध्यमहरूसम्म विशेष अभियान नै चलाउनु पर्दछ । उनीहरूलाई कुनै विभेद भएको खण्डमा त्यसको सुनुवाई हुने नीति र प्रक्रिया पनि सार्वजनिक गरिनु पर्दछ ।

समावेशी लोकतन्त्रको पैरवी गर्ने, अल्पसंख्यक, पिछडिएका र आवाज खोसिएकाहरूको सशक्तीकरणका लागि उनीहरूको आवाज र मुद्दालाई प्राथमिकताका साथ उठाउने तथा महिला र लैंगिक सशक्तीकरणमा जोड दिने मूल प्रवाहका राष्ट्रिय सञ्चारमाध्यमहरूमा महिला पत्रकारको संख्या त अत्यन्त न्युन छ भने स्रोत र साधनका अभावबाट ग्रसित मोफसलका सञ्चारमाध्यमहरूमा यसको संख्या उल्लेखनीय हुने कुरै आएन । आखिर किन ? महिलाहरूलाई सञ्चार क्षेत्रमा अगाडि आउन केले बाधा पुर्‍याइरहेको छ ? सञ्चारमाध्यममा महिला सहभागिता अभिबृद्धि गर्न के कस्ता बाधा र चुनौतीहरू छन् ? यो लेखमा यिनै विषयहरूलाई समेट्ने प्रयास गरिएको छ ।

नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसाँस्कृतिक विविधता भएको मुलुक हो । राष्ट्र निर्माण समाज उत्थानका लागि सबै वर्ग र समुदायको भावना, पीडा, विचार, व्यवहार र मुद्दाहरूको अग्रगामी चित्रण र समानुपातिक प्रस्तुति गर्नमा मोफसलको पत्रकारिताको आफ्नौ छुट्टै तर महत्पूर्ण भूमिका रहँदै आएको छ । अल्पसंख्यक, पिछडिएका र आवाज खोसिएकाहरूको सशक्तीकरणका लागि उनीहरूको आवाज र मुद्दालाई पत्रकारिता क्षेत्रले प्राथमिकताका साथ प्रस्तुत गर्दै आएको पनि छ । विशेषगरी लैंगिक समावेशीकरणको मुद्दालाई राष्ट्रको मूलप्रवाहमा समावेश गराउनुपर्दछ भन्ने मान्यता र विश्वासका साथ यहाँका सञ्चारमाध्यमहरूमा त्यस्ता समाचारहरू संप्रेषित भइराखेका पनि छन् । तर संप्रेषित समाचारमा पनि खोजमूलक, अनुसन्धानमूलक र विश्लेषणात्मक समाचार वा आलेख समाचारको संख्या अत्यन्त न्युन हुन्छ । त्यसको एउटा महत्वपूर्ण कारण नेपाली पत्रकारिता लैंगिकमैत्री बन्न नसक्नु पनि हो ।

मुलुकमा रहेका सूचना तथा सञ्चारको जुनसुकै माध्यमलाई हेर्दा पनि पत्रकार महिलाहरूको समानुपातिक सहभागिता भएको पाइँदैन । पत्रकारिताको सञ्चालन, प्रकाशन र प्रसारणमा महिलाहरूको समान्य पहुँच देखिए पनि अग्रपंक्तिमा पुरूषहरूकै हालीमुहाली रहेको छ । नेपाली पत्रकारिताको सबै अंगमा लैंगिक विभेदको अवस्था विद्यमान छँदैछ । यो विभेद हिजोको तुलनामा केही कम भएपनि सन्तोषजनक अवस्थाको सिर्जना हुन सकेको छैन । अझ भन्नुपर्दा मुलुकबाट प्रकाशन र प्रसारण हुने सञ्चारमाध्यममा लगानीदेखि त्यसको व्यवस्थापन, समाचार संप्रेषण, प्रसारण, समाचार प्रमुख, समाचार स्रोत, सम्पादकीय र समाचारका स्थानमा लैंगिक विभेदको स्थिति विद्यमान रहेको छ । हुन त छापा सञ्चारमाध्यम भन्दा विद्युतीय सञ्चार माध्यममा महिला सञ्चारकर्मीहरूको सहभागिता केही बढेको देखिन्छ तर त्यसलाई लिएर सन्तोष मान्नुपर्ने अवस्था भने पक्कै छैन । जेजति महिलाहरू छन्, ती प्रायः तल्लो तहमा समाचारदाता वा समाचारवाचकका रूपमा कार्यरत छन् । छापा सञ्चारमाध्यममा त लैंगिक समावेशीकरणको अवस्थालाई हेर्ने हो भन्ने सन्तोष गर्ने ठाउँ कहीं पनि देखिदैन । अझ भन्नुपर्दा नेपाली पत्रकारिताले लैंगिकमैत्री पत्रकारिताको रूपमा आफूलाई स्थापित गर्न सकेको छैन भन्दा अत्युक्ति नहोला ।

विशेषगरी एफएम रेडियोहरूमा समाचार खोज्ने र लेख्नेदेखि लिएर समाचार वाचन गर्ने तथा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने कार्यमा महिलाको संख्या बढ्दै गइरहेको छ । त्यसलाई सकारात्मकरूपमा लिनु पर्दछ । तर त्यसमा नै खुशी मनाउने ठाउँ भन्ने अवश्य छैन । यसरी एफएम रेडियो र टेलिभिजनमा केही मात्रामा भए पनि महिलाले आफ्नो स्थान बनाउन सफल भएका छन् तर छापा सञ्चारमाध्यममा महिलाको सहभागितालाई हेर्ने हो भने त्यो अत्यन्त न्यून रहेको छ । यस क्षेत्रमा महिलाहरूले आफ्नो पकडलाई सबल बनाउन सकेको छैनन् । हुन त छापा सञ्चारमाध्यममा पनि महिलाको सहभागिता नभएको होइन तर त्यसलाई निरन्तरता दिन सकेको देखिदैन । नेपाली पत्रकारिता क्षेत्रमा जे जति महिलाको सहभागिता छ, त्यो महिलाको आवाजको व्यापारिक उपयोगिता र नयाँ रोजगारप्रति स्वयं महिलाहरूको बढ्दो अभिरूचीका कारणले हो । तीमध्ये केही समस्या र चुनौतीहरूलाई यस लेखमा लिपिबद्ध गर्ने जमर्को गरेका छौं ।

**- गुणात्मक सहभागिताका लागि कुशल कार्यदक्षताको अभाव**

नेपाली पत्रकारिताको इतिहासमा महिलाहरू पछाडि पर्नुका विभिन्न कारणहरू मध्ये एउटा सशक्त र महत्वपूर्ण कारण कुशल समाचारदाताको भूमिकामा खरो उत्रन नसक्नु हो । पत्रकारितामा समाचार दातामा हुनुपर्ने गुण, योग्यता र क्षमताहरूका बारेमा भन्नुपर्दा लेख्ने काममा रूची, समाचार सामग्री खोज्ने उत्साह, घटनास्थलमा जाने जाँगर, विभिन्न पृष्ठभूमिका व्यक्तिसँग सम्पर्क राख्ने क्षमता तथा खास घटना र बिषयका विवरणमा गम्भीर र अर्थ बुझ्ने बौद्दिक समाचारदाता हुनु अति नै आवश्यक छ । यिनमा कुनै एकको अभाव हुन गयो भने समाचार संक्कलन र लेखनमा अप्ठ्यारो उत्पन्न हुन सक्दछ । त्यसैले पत्रकारिता क्षेत्रमा सफल हुनका लागि पहिलो खुट्किला हो– पत्रकारमा हुने रूची, क्षमता र दक्षता । त्यसपछि पनि पत्रकारिताका अन्य धेरै खुट्किलाहरू छन् जस्तैः- सम्पादन गर्ने क्षमता, विषयलाई विश्लेषण गर्ने ज्ञान, योग्यता र विषयलाई बुझेर तुरून्त प्रतिक्रिया दिन सक्ने कौशल ।

**- व्यावसायिक विकासमा अवरोध सामाजिक र सांस्कृतिक अवरोध**

महिलाहरूका लागि कुन भूमिका सही र उपयुक्त हो भन्ने बारेमा निर्णय गर्ने अधिकार आफैं नभई उनका अभिभावकले तय गर्ने परम्परा अहिले पनि हाम्रो समाजमा कायमै छ । विशेषगरी हाम्रो समाजमा छोरीचेलीको करियरको निर्णय उनका अभिभावकले नै गर्ने गर्छन । कतिपय अभिभावकले आफ्ना छोरीका लागि पत्रकारिता क्षेत्र र त्यसमा पनि छापा सञ्चारमाध्यमलाई उपयुक्त मान्दैनन् । समय धेरै दिनुपर्ने, साँझ, बिहान र रात नमानी खटिनुपर्ने वा कुदिनु पर्ने, कठिन परिश्रम गर्नुपर्नेजस्ता कुराहरू विशेषगरी छोरीका अभिभावकलाई स्वीकार हुँदैन । यद्यपि "अल टायम जब" भनिने पत्रकारिताको काममा यसरी नखटी सुख पनि छैन । छोरी राति ढिलो गरेर घर आएमा छिमेकीले के भन्ला ? छिमेकीहरूमा पनि पुरूषलाई

भए "बाबु त पत्रकार हुनुहुन्छ नि, विचरा राति सधैं ढिला हुन्छ" भन्ने र महिलालाई भए "खै पत्रकार भन्छे, सधैं राति राति आउँछे, के हो, के हो" भन्ने प्रकारको सोच हावी भएको देखिन्छ । यसका साथै समाचार संकलनका क्रममा पुरूष साथी सँगसँगै काम गर्दा समाजले सकारात्मक दृष्टिकोण राख्न सक्दैन । यसका अतिरिक्त प्रवीणता प्रमाणपत्र तह वा स्नातक पास गरेपछि छोरीलाई पढाउन पुग्यो, अब यसको विवाह गरिदिने भन्ने मानसिकता उनका अभिभावकहरूमा छ । त्यो कारणले पनि पत्रकारितामा निरन्तरता नदिने अर्थात् ड्रप आउट हुने वर्गमा सबैभन्दा बढी अविवाहित महिलाहरू नै पर्छन् । त्यस्तै शिक्षाको कमि, पहुँचको कमि, सूचनाको कमि र ठोस कार्यक्रम तथा नीतिको अभावका कारण पनि महिलाहरूको पत्रकारितामा सहभागिता न्यून देखिएको हो ।

- काम र परिवारमा सन्तुलन कायम राख्नुपर्ने महिलाहरूका निमित सबैभन्दा महत्वपूर्ण विषय भनेको नै परिवार र आफ्नो कामको बीचमा सन्तुलन कायम राख्नुपर्ने जिम्मेवारी हो । महिलाहरूले घरायसी कामको जिम्मेवारीले गर्दा लामो समयसम्म व्यवसायिक काममा समय दिन सकिराखेका हुँदैनन् । कामको दोहोरो बोझ, घरपरिवार प्रतिको दायित्व, महिलाले नै धान्नुपर्ने सामाजिक रीतिरिवाज, गर्भवती हुने, बच्चा पाउने तथा हुर्काउने दायित्वको निर्वाह गर्दा धेरै समय त्यसमा दिनुपर्ने, घर, पति, बालबच्चा र परिवारको स्याहारसुसार गर्नुपर्ने, घरको काम भ्याएर कार्यालयमा पुग्नुपर्ने र कार्यालयको काम सकेर फर्कनासाथ घरको काममा व्यस्त हुनुपर्ने अवस्थाले गर्दा महिलाहरू हतपति पत्रकारिता पेशा अपनाउन चाहँदैनन् । अपनाई हाले पनि त्यसलाई निरन्तरता दिन सक्दैनन् ।

अर्को बच्चा सानो छँदाको अवस्थामा त महिला पत्रकारहरूको निम्ति असाध्यै पीडादायी समय हो । आफ्नो दूधे बालबालिकालाई समय दिन नसक्दाको आत्मग्लानी र व्यवसायिक काममा चित्त बुझ्ने गरी जिम्मेवारी पूरा गर्न नसक्नुको पीडा एकैपटक भोगिराखेका हुन्छन्, पत्रकार महिलाहरू । पत्रकार महिला राति एक्लै हिड्न सक्दैनन्, समाचार संक्कलन गर्न अप्ठ्यारो ठाउँमा एक्लै यात्रा गर्न सक्दैनन्, चुनौतीहरूसँग सामना गर्न डराउँछन् जस्ता आरोप सहेर पनि यो पेशामा आफूलाई स्थापित गराउनमा प्रयत्नशील हुन्छन् पत्रकार महिलाहरू । सुरक्षाको चुनौती त आफ्नो ठाउँमा छँदैछ । वास्तवमा महिलाहरूका निम्ति पत्रकारिता पेशा बाहिर हेर्ने र देखेजस्तो "ग्ल्यामरस" मात्र छैन, योभित्रको दुःख, पीडा र समस्या अनेक छन् । सरकारी जागिरमा जानेहरूले लोकसेवा आयोगको परीक्षामार्फत आफूलाई एकपटक प्रमाणित गरे पुग्छ तर पत्रकारिता गर्नेहरूले आफूलाई प्रत्येक दिन वा आफ्नो जिम्मेवारी अनुरूप दिनमा कयौंपटक पनि प्रमाणित गर्नुपर्ने हुन्छ । लोकलाज र समाजका भयका कारण क्षमता, योग्यता र चाहना हुँदाहुदै पनि महिलाहरूले यो पेशा अँगाल्न सक्ने अवस्थामा हुँदैन ।

**पत्रकारितालाई लैंगिक समावेशी कसरी बनाउने ?**

महिलाको समानुपातिक प्रतिनिधित्व भएको पत्रकारिता नै लैंगिक समावेशी लोकतान्त्रिक समाजका लागि सहयोगी हुन्छ । त्यसैले नेपाली पत्रकारिताले महिलाको प्रतिनिधित्व प्रतिशतलाई कम्तिमा उनीहरूको जनसंख्याको प्रतिशतको हाराहारीमा पुराउने लक्ष्य र स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्न सक्नुपर्दछ । यसका लागि नेपाली पत्रकारिताले निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धी सुझावलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

- राज्यको सबै संयन्त्रमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता गराउने राज्यको प्रतिवद्धताअनुरूप नेपालका सञ्चारमाध्यमहरूमा पनि कम्तिमा ३३ प्रतिशत पत्रकार महिलाहरूको सहभागिता सुनिश्चित गर्ने प्रयासको थालनी गर्नुपर्दछ । यसका साथै सञ्चारगृहहरूको निर्णायक तहमा कम्तिमा ५० प्रतिशत महिलाको सहभागिता बढाउनु पर्दछ र यसका लागि राज्यले नेपाली सञ्चारगृहहरूमा महिलाको समानुपातिक प्रतिनिधित्व बढाउनका लागि सोहीअनुरूपको समावेशी नीति, नियम र ऐन कानुन र कार्यक्रम बनाउनुपर्दछ ।
- नेपाली सञ्चारगृहहरूलाई पूर्णतः लैंगिकमैत्री संस्थाको रूपमा विकास गर्नु पर्दछ ।
- सञ्चारकर्मी भर्ना गर्दा लैंगिक सन्तुलन कायम राख्न विशेष ध्यान दिनु पर्दछ ।
- सम्पूर्ण पत्रकार महिलाहरूलाई पनि लैंगिकताको सवालमा समान पहुँचको अपेक्षा गर्ने अधिकार छ । तसर्थ सञ्चारगृहहरूले महिलाहरूको नियुक्ति तथा भर्ना, तलब तथा भत्ता, लेख्ने तथा प्रसारण गर्ने बिषयवस्तु, तालिम तथा पेशागत क्षमता अभिबृद्धि गर्ने खालका अन्य कार्यक्रम र उन्नतीको अवसरमा कुनै प्रकारका विभेद गर्न नपाउने व्यवस्था गर्नुपर्ने ।
- मधेसी, दलित, जनजाति र अल्पसंख्यक लगायत पिछडिएका वर्ग एवं समुदायका महिलाहरूलाई सञ्चारमाध्यममा समावेश गराउन र उनीहरूको कामको सुनिश्चितता प्रदान गरी प्रोत्साहित गर्न विशेष नीति तथा कार्यक्रम लागू गर्नुपर्दछ ।
- महिला सञ्चारकर्मीहरूको सुरक्षामा विशेष ध्यान दिनुपर्दछ । विशेषगरी रातिको समयमा उनीहरूलाई घर फर्कदा सुरक्षित तरिकाबाट घरसम्म पुराउने व्यवस्था गर्नुपर्दछ ।
- सञ्चारगृहहरूले महिलाहरूलाई कार्यक्षेत्रमा

टिकिरहन प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुका साथै ग्रामीण पत्रकार महिलाहरूलाई स्रोतसामग्री, तालिम र अध्ययन भ्रमणको व्यवस्था मिलाउनु पर्दछ।

- महिलाहरूले सम्पादन वा प्रकाशन गरेका पत्रपत्रिकालाई प्रोत्साहन स्वरूप राज्यले विशेष सुविधा र सहुलियत प्रदान गर्नुपर्दछ ।
- श्रमजीवी पत्रकार ऐनलाई तत्काल कार्यान्वयन गर्नुपर्दछ ।

**निष्कर्षः**

न्यायसंगत, समावेशी र सामाजिक मुद्दाहरूको उठान र पहिचान बनाउने क्रममा नेपाली सञ्चार माध्यमहरूले महत्वपूर्ण र अग्रणी भूमिका निर्वाह गर्न सक्दछ भन्ने कुरामा कसैको विमति छैन । तर नेपालका महिला अधिकारकर्मी र सञ्चार कर्मीहरूले नेपाली पत्रकारिता क्षेत्रले नै आफ्ना मुद्दालाई विशेष प्राथमिकतामा नराखेको र प्राथमिकतामा परेका कतिपय मुद्दाहरूमा पूर्वाग्रही भएको आरोप लगाउने पनि गरेका छन् । यी आरोप कतिको सत्य र तथ्यसंगत रहेका छन्, यसका लागि विभिन्न सञ्चारमाध्यमद्वारा संप्रेषित वा प्रकाशित गरेका सामग्रीहरूलाई अध्ययन, अनुसन्धान र विश्लेषण गर्नुपर्ने हुन्छ । जे भए पनि सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक र शैक्षिक लगायतका कारणले महिला र त्यसमा पनि दलित, जनजाति, मधेसी र अल्पसंख्यक समुदायका महिलाहरू अन्य सामाजिक समूहको महिलाका तुलनामा निकै पछाडि परेका छन् । राष्ट्रिय मूलप्रवाहमा उनीहरूको समानुपातिक समावेशी हुन सकेको छैन ।

हुन पनि हो, सबल, समृद्ध, समावेशी र लोकतान्त्रिक नयाँ नेपालको निर्माण गर्ने हो भन्ने लैंगिक समावेशीकरणको विकल्प अहिले देखिएको छैन ।

**shitalmahato@gmail.com**

(महतो नेपाल पत्रकार महासंघका सचिव हुनुहुन्छ)

# जानकारी

**सिंचाई नीति २०७० अनुसार सिंचाइ योजनासम्बन्धी गठन हुने जल उपभोक्ता संस्था र समितिमा ३३ प्रतिशत महिला सहभागी हुनुपर्ने प्रावधान रहेकोले सो अनुरूप उपभोक्ता संस्था र समितिमा महिला प्रतिनिधिहरूको सहभागिताको लागि जानकारी गराउँदछौ ।**

**जलस्रोत तथा सिंचाइ विभाग परिवार**

जावलाखेल ।

# लैंगिक समानताका लागि मिडियाको भूमिका :
# नीतिमा प्रष्ट, व्यवहार स्पष्ट

**सूचना आफैमा शक्ति हो । त्यस्तै, सूचना प्रवाह गर्ने मास मिडिया अर्थात् आमसञ्चार माध्यमका कार्य र त्यसका प्रभावलाई विश्लेषण गर्दा सञ्चारमाध्यमलाई पनि शक्ति मान्न सकिन्छ । यो शक्तिमा लैङ्गिक समानताको अवस्था केलाउदा महिलाहरूको सहभागिता निकै दुब्लो, पातलो छ ।**



कृष्ण गिरी

Gender and Sex (जेण्डर र सेक्स) अवधारणाको प्रतिपादन Anne Oakely ले गरेका हुन् । Robert Stoller ले सन् १९६० को दशकमा जेण्डर र सेक्सलाई फरक-फरक विषयको रूपमा व्याख्या गरेपछि प्राकृतिक लिङ्ग Sex (सेक्स) र सामाजिक लिङ्ग (Gender (जेण्डर)का बीचमा फरक अवस्था रहेको बुझ्न सजिलो भयो । त्यसपछि मात्रै समाजमा महिला र पुरूषको अवस्थालाई लैङ्गिक आधारमा व्याख्या र विश्लेषण गर्न थालिएको हो ।

कुनै पनि समाजले महिला र पुरूषलाई हेर्ने दृष्टिकोण नै सामाजिक लिङ्ग (Gender) हो । कुनै पनि महिला र पुरूषसँग हुने शारीरिक विशेषताहरू अथवा शरीरका अङ्गहरूका आधारमा कुन पुरूष हो र कुन स्त्री हो भनी फरक छुट्याइन्छ भने त्यसलाई प्राकृतिक लिङ्ग (Sex) भनिन्छ । प्राकृतिक लिङ्ग समान खालका हुन्छन्, जसलाई कुनै समाजले चाहेर पनि बदल्न सक्दैन । तर जेण्डर अथवा सामाजिक लिङ्ग अस्थायी र परिवर्तनशील हुन्छ । सामाजिक मूल्य, मान्यता, धर्म, संस्कृति तथा समाजले विभेदपूर्ण रूपमा महिला र पुरूषका लागि भनी निर्धारण गरिएका/तोकिएका/जबर्जस्त रूपमा लादिएका काम, कर्तव्य, भूमिका र जिम्मेवारीलाई तोड्दै महिला र पुरूष भएको आधारमा अथवा लिङ्गको आधारमा कुनै पनि विभेद गरिनु हुँदैन र सहभागिता र हैसियत समान हुनुपर्छ भन्ने विषय नै लैङ्गिक समानताको बहस

हो ।

पितृसत्तात्मक समाजमा महिलाहरूलाई आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक, धार्मिक आदि आधारमा दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरिने र अधिक थिचोमिचो गरिने भएकोले यस्ता समाजमा लैङ्गिक समानताको बहस नै महिला अधिकारको विषय बनेको छ, अथवा लैङ्गिक समावेशिताको विषय महिला अधिकारको विषयको रूपमा व्याख्या गर्ने गरिएको छ । अन्यथा लैङ्गिक समानताको विषय महिला या पुरुष भएकै कारण हुने विभेदलाई अन्त्य गर्ने तथा महिला–पुरूषको समान अधिकार, समान सहभागिता सुनिश्चित गर्ने विषय हो ।

अहिले हरेक क्षेत्रमा जस्तै मास मिडिया अर्थात् आम सञ्चार माध्यममा पनि लैङ्गिक समानता, आमसञ्चार माध्यममा कार्यरत पत्रकार महिलाहरूको हक, अधिकार तथा सङ्ख्यात्मक र गुणात्मक वृद्धि, विकासको विषय जोडतोडले उठिरहेको छ । मिडियाले घटना, गतिविधिहरूको प्रवाह मात्रै गर्दैन, यसले विचार निर्माणमा पनि मद्दत गर्दछ । यसका साथै मिडियामा पत्रकार, सञ्चारकर्मीको दृष्टिकोणबाट पनि विषयवस्तुको उठान हुने गर्दछ । त्यसैले मिडिया लैङ्गिक हिसाबले समावेशी हुनु, महिलाहरूको सहभागितामा वृद्धि गरिनु, नीति निर्माण र निर्णायक तहमै सहभागी गराइनु अर्थपूर्ण हुन्छ । महिला अधिकार रक्षाका लागि मिडियालाई लैङ्गिक समानता र महिला समावेशिताको उदाहरणीय क्षेत्र बनाइनु जरूरी छ । लैङ्गिक समानताको प्रत्याभूतिले मिडियाले यो विषयलाई उठान गर्दा, मिडिया अभियानहरू सञ्चालन गर्न पनि सहज र सार्थक हुन्छ ।

सूचना आफैमा शक्ति हो । त्यस्तै, सूचना प्रवाह गर्ने मास मिडिया अर्थात् आमसञ्चार माध्यमका कार्य र त्यसका प्रभावलाई विश्लेषण गर्दा सञ्चारमाध्यमलाई पनि शक्ति मान्न सकिन्छ । यो शक्तिमा लैङ्गिक समानताको अवस्था केलाउँदा महिलाहरूको सहभागिता निकै दुब्लो, पातलो छ ।

पङ्क्तिकारले पत्रकारिताको जीवनमा भोगेका अनुभवमध्ये एउटा विषय धेरै दोहोरिइरह्यो । रेडियो पत्रकारिताको दौरान भक्सपप (जनआवाज, जनबोली)) का लागि रिपोर्टरलाई कुनै विषय दिएर फिल्डमा पठाउँदा अक्सर उसले सङ्कलन गरेर ल्याएका सबै विचार पुरूषका मात्रै समेटिएका हुन्थे । पत्रकार महिलालाई पठाउँदा थोरै भएपनि महिलाका आवाज समेटिएका हुन्थे । यसले के इङ्गित गर्छ भने पत्रकारितामा लैङ्गिक समानताका लागि महिलाहरूको उपस्थिति दुई हिसाबले महत्वपूर्ण हुन्छ । एउटा, सङ्ख्यात्मक उपस्थिति त छँदैछ अर्को विषयवस्तुमा पनि महिलाका विषय र महिलाका विचार, भावना समेट्न पनि पत्रकार महिलाहरूको सहभागितामा वृद्धि गर्नुपर्ने आवश्यकता छ । त्यस्तै, समावेशीभित्रका समावेशिताका विषयमा पनि धेरै बहस, छलफल गर्न सकिन्छ ।

नेपाल पत्रकार महासंघका १३ हजार सदस्यमध्ये दुई हजार तीन सय अर्थात् झण्डै साढे १७ प्रतिशत मात्रै पत्रकार महिला छन् । राजधानी काठमाडौँ उपत्यकाबाट प्रकाशन/प्रसारण हुने मूलधारका भनिने मिडियाहरूमा पत्रकार महिलाहरूको उपस्थिति अधिकांश सम्वाददाताको भूमिकामा मात्रै सीमित छ । मूलधारका भनिने कुनै पनि मिडियाका सम्पादक महिला छैनन् । साप्ताहिक र पछिल्लो समय केही अनलाइन न्यूज पोर्टलमा सम्पादक तहमा महिला देखिएका छन् । बरू राजधानी बाहिर मोफसलका जिल्लामा सञ्चालनमा रहेका केही एफएम रेडियो तथा पत्रपत्रिकाहरूमा महिलाहरू स्टेशन म्यानेजर, समाचार प्रमुख, सम्पादक तहमा कार्यरत छन् । पदीय जिम्मेवारी दिइएका ठाउँमा पनि निर्णायक तहमा पत्रकार महिलाहरूको पहुँच कमजोर छ ।

जसरी लैङ्गिक विभेदको कारण विकासको गति सुस्त हुने विभिन्न अध्ययनहरूले देखाएका छन्, महिलाहरूको सहभागिता कमजोर हुँदा मिडिया पनि बलियो हुन नसक्ने यथार्थलाई हामीले स्वीकार गर्नुपर्छ । त्यसैले मिडियामा सङ्ख्यात्मक, गुणात्मक र निर्णायक पहुँचको हिसाबले महिला सहभागिता वृद्धि गर्नु आवश्यक छ । नेपाल पत्रकार महासंघले आफ्नो रणनीतिक दृष्टिकोण–पत्र (२०७४–०७६) को बुँदा नम्बर ४.९ मा पत्रकारितामा महिला सहभागिताको विकासका लागि विभिन्न ठोस पहल गर्ने अवधारणा अघि सारेको छ । यसको व्यवहारिक कार्यान्वयनबारे पनि पुनरावलोकन गर्दै अगाडि बढ्नुपर्छ ।

लैङ्गिक समानता तथा महिलाको हक, अधिकार सुनिश्चित गर्न, उनीहरूलाई विभिन्न शोषण, उत्पीडन तथा हिंसाबाट मुक्त गर्नका लागि मिडियाले धेरै महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । समाजका यथार्थतालाई उजागर गर्ने मात्र होइन सकारात्मक परिवर्तनका लागि पुरानो सोच परिवर्तन गराउन र नयाँ विचार निर्माणका लागि समेत प्रेरित गर्ने काम मिडियाले गर्न सक्छ ।

**लैङ्गिक असमानता अन्त्यका लागि हामी मिडियाकर्मी तथा मिडियाले गर्न सकिने केही कामहरू :**

- लैङ्गिक समानता एवम् महिला सशक्तीकरणका सवाललाई नीतिगत रूपमै व्यवस्था गरेर प्राथमिकता दिने ।
- राजनीतिक, आर्थिक, सामाजिकलगायत क्षेत्रमा अर्थपूर्ण एवम् समान लैङ्गिक सहभागिताका लागि जोड दिने ।
- आम मानिसमा जड बनेर रहेका लैङ्गिक असमानता सम्बन्धी सोच र व्यवहारमा परिवर्तन ल्याउन प्रेरित गर्ने समाचार, सन्देशहरू प्रवाह गर्ने ।
- मिडियालाई पनि लैङ्गिकमैत्री बनाउने । लैङ्गिक समावेशी मिडिया नीति बनाउने । यसको सन्देश आम समुदायमा पुर्‍याउने ।
- पत्रकार/सञ्चारकर्मीहरूलाई लैङ्गिक सम्वेदनशीलता सम्बन्धी तालिम प्रदान गर्ने ।
- लैङ्गिक असमानताले पारेका र पार्ने नकारात्मक प्रभावहरू उजागर गर्ने ।
- लैङ्गिक समानताले व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रलाई नै हुने फाइदा वा सकारात्मक प्रभावबारे संचेतीकरण मिडिया अभियान सञ्चालन गर्ने ।
- समाज, राष्ट्रका उदाहरणीय एवम् सशक्त महिला पात्रका जीवनी, उनीहरूका विचारलाई मिडियामा यथेष्ट स्थान दिने । जसबाट अरूलाई पनि प्रेरणा, प्रोत्साहन मिलोस् ।
- लैङ्गिक विभेदका कारण र त्यसले समाजमा पारिरहेको नकारात्मक प्रभाव, समाज विकासको गतिमा पारेको नकारात्मक असरलाई उजागर गर्ने, यसबारे बहस चलाउने ।
- राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुन, घोषणापत्रको कार्यान्वयन गर्न गराउन सरकारलाई घच्घच्याउने, सचेत गराउने ।
- कमजोर, असमान कानुनहरू सच्याउन बहस गर्ने, लविङ गर्ने ।
- महिलालाई आर्थिकरूपमा सबल बनाउँदा परिवारसमेत बलियो बन्ने विषयको यथार्थतालाई मनन् गर्नेगरी समाचार, विचारहरू प्रवाह गर्ने ।
- महिलाहरू सशक्त हुँदाका फाइदाबारे उजागर गर्ने । देशभित्र र विदेशका उदाहरणहरूलाई प्रस्तुत गर्ने ।
- निर्णायक तहमा अर्थपूर्ण लैङ्गिक सहभागिताका लागि जोड दिने ।
- छोरी र छोरामा विभेद नगर्न तथा विशेषगरी शिक्षामा विभेद नगर्न अभियान नै चलाउने । सक्षम छोरीका स्टोरीहरूलाई उजागर गर्ने ।

◆ राज्यका सबै तहमा महिला-पुरूष समान सहभागिता सुनिश्चित गर्न जोड दिने ।

◆ लैङ्गिक समानता र विकास एक अर्काका परिपूरक हुन् र लैङ्गिक समानता शान्तिको आधार समेत हो भन्ने बोध गराउने ।

◆ पितृसत्तात्मक देशमा पुरुषमा निहित राज्यशक्तिमा महिलाको पनि समान सहभागिताको व्यवस्थाका लागि वातावरण तयार गर्न जोड दिने ।

◆ लैङ्गिक समानताको सवाल महिला-पुरुष दुबैको समान चासोको सवाल भएकोले लैङ्गिक समानता एवम् महिलाको अधिकार स्थापित गर्नका लागि पुरूषहरूले पनि सहयोग गर्नपर्छ भनेर प्रोत्साहित गर्ने । उनीहरूको समेत सहभागिता, सहयोगमा अभियानहरू सञ्चालन गर्ने । यस्ता अभियानमा सहयोग गर्ने पुरुषको विचार, उनीहरूको सहभागितालाई मिडियामा स्थान दिने ।

◆ पैरवी समूह तथा महिला संघ संस्थाको भूमिकाको पनि खोजी गर्ने । उनीहरूको विधानले निर्दिष्ट गरेका उद्देश्यअनुरूप क्रियाशिल हुन प्रेरित गर्ने, घच्घच्याउने ।

◆ लैङ्गिक असमानता तथा महिला विरूद्ध भएका घटना र गतिविधिमा 'हार्ड न्यूज'मा मात्रै सीमित नहुने । समस्याको मूल जरोमै पुगेर खोज, अनुसन्धान गरेर लेख्ने, कार्यक्रम बनाउने, बहस चलाउने ।

उल्लिखित काम हामीले गर्दै नगरेका होइनौं । गर्दै आएका काम हुन् । जसलाई यहाँ हाम्रो उत्तरदायित्वको सन्दर्भमा छलफलका लागि अघि सारिएको मात्र हो । यस्ता बुँदाहरू धेरै थप गर्न वा परि मार्जन गरेर लागू गर्न सकिन्छ । मुख्य कुरा त लैङ्गिक असमानता अन्त्यका लागि मिडियाको भूमिकाको खोजी हुँदा गरिने यस्ता बहस र कार्यसूचीलाई हामीले व्यवहारमा कति लागू गर्न सक्यौँ भन्ने नै हो । यसलाई हाम्रो 'चेक लिष्ट' पनि मान्न सकिन्छ ।

राजनीतिक परिवर्तनका लागि नेपालमा 'मिसन जर्नालिज्म'को युगले विदा लिइसकेको छ । तर सामाजिक परिवर्तनका लागि मुद्दाका आधारमा ९क्ष्ककगभ द्यबकभम० मिसन पत्रकारिताको अझै जरूरी छ । तीमध्ये लैङ्गिक असमानताको अन्त्य तथा महिला अधिकार स्थापित गर्न मिडियाले निर्वाह गर्नुपर्ने भूमिका अथवा सञ्चालन गर्नुपर्ने अभियान पनि एउटा महत्वपूर्ण विषय हो । त्यसका लागि हामी संलग्न मिडियाहरू नीतिमा प्रष्ट हुनुपर्छ र व्यवहारमा त्यसको कार्यान्वयनका लागि तत्पर हुनुपर्छ ।

**(गिरी नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ)**



# महिला पत्रकार अझै किन पलायन ?

**समाजमा लामो समयदेखि रहेको असमानता हटाउन राज्यको चौथो अंगको रूपमा रहेको पत्रकारिता क्षेत्रको भूमिका उल्लेखनीय रहन्छ । असमानताकै खाडलमा रहेका महिला जगतभित्र महिला पत्रकार पनि पर्ने भएकोले पत्रकारितामा महिलाको भूमिका आवश्यक पर्दछ । अन्य क्षेत्रमा महिलाको सम्मानजनक सहभागिताका लागि पत्रकारिता क्षेत्रमा पनि महिलाको उपस्थिति बढाउन र टिकाउन आवश्यक देखिन्छ ।**



सिर्जना अर्याल

विश्व इतिहासमा नै सबैभन्दा छिटो सञ्चार क्षेत्रको विकास भएको छ । सञ्चारक्षेत्रको द्रूत विकासले गर्दा विश्वजगत सानो घरजस्तै भएको छ । वर्तमानमा सञ्चार मानवजीवनको अभिन्न अंग जस्तै भएको छ ।

समाज परिवर्तनको दरिलो आधार सञ्चार क्षेत्रसँग विभिन्न विषयवस्तुहरू र परिवेश जोडिएका हुन्छन् । सञ्चारको मेरूदण्डका रूपमा पत्रकार (सञ्चारकर्मी) रहेका हुन्छन् । सञ्चारका वाहक सञ्चारकर्मीको न त जात हुन्छ, न कुनै धर्म, सम्प्रदाय न लिंग नै । तर पनि अविकसित हाम्रो जस्तो मुलुकमा सञ्चारकर्मीको भूमिका, पहुँच, उपस्थिति लगायतका आधारमा पत्रकारहरू पनि वर्ग, जात र लिंग विशेषको हुनुपर्ने बाध्यता रहेको छ । समानतामा आधारित समाज नभएकाले पत्रकारले जाति विशेष, वर्ग विशेष र लिंग विशेषका मुद्दाहरूलाई उठान गर्नपर्ने आवश्यकता परेको हो । समाजमा उपेक्षित वर्ग, समुदाय, स्थान लगायतका विषयहरूका लागि सञ्चार जगतको महत्वपूर्ण भूमिका हुने गर्छ ।

अन्य विषय भन्दा पनि लैंगिकताका हिसाबले नेपालमा मात्र नभएर विश्वमा नै ठूलो असमानता रहेको छ । नेपालमा पनि यो सवाल अझै पनि विद्यमान छ । नेपालको पत्रकारिता क्षेत्रमा पनि लैंगिकमैत्री वातावरण एकातिर पाउन सकेका छनौं भने अर्कातिर आरक्षण लगायतका विशेषाधिकारका प्रयासहरूले पनि पत्रकारिता

क्षेत्रमा महिला पत्रकार टिक्न सकेका छैनन् ।

विश्व इतिहासमा महिलाले पत्रकारितालाई पेशाको रूपमा सन् १८९० देखि अँगालेको पाइन्छ । नेपालमा पत्रकारिताको विकास प्रजातन्त्र प्राप्तिपछि मात्र भएको पाइन्छ । तथापि साहित्यक पत्रकारिताको विकास भने अगाडिदेखि नै भएको थियो । सञ्चारकै माध्यमको रूपमा रहेको कविता, कथा, निबन्ध प्रजातन्त्र अगाडि नै नेपाली महिलाले कलम चलाएका थिए । २००८ सालमा महिला मासिकको सम्पादन साधना प्रधानले गरिन् । उनी नै पहिलो महिला सम्पादक हुन् । त्यसपछि नेपाली महिलाको सञ्चारजगतमा प्रवेशले विस्तारै फड्को मार्‍यो । पञ्चायतकालमा पत्रकारिता त्यति फस्टाउन पाएन । जसको मारमा महिला पत्रकार पनि परे । प्रजातन्त्रको पुन:प्राप्ति भएपछि २०४६ सालपछि पत्रकार महिलाहरूको सख्या पनि बढ्दै गयो । तर, अन्य क्षेत्रमा जस्तै सञ्चार क्षेत्रमा पनि महिला वर्गको उपस्थिति न्यून रहेको छ । पत्रकारहरूको साझा सस्था नेपाल पत्रकार महासंघमा महिला पत्रकारहरूको उपस्थिति १८ प्रतिशतकै हाराहारीमा हुनुले पनि महिला पत्रकारहरूको अवस्था छर्लङ्ग पार्दछ । नेपाल पत्रकार महासंघ आवद्ध १३ हजार १ सय ३ पत्रकार मध्ये महिला २ हजार ३ सय ६४ जना रहेका छन् ।

सञ्चार क्षेत्रमा महिला पत्रकारको पहुँच र उपस्थिति बढाउनको लागि विभिन्न प्रयास पनि भएका छन् । चौथो विश्व महिला सम्मेलनदेखि सञ्चारमा महिलाले प्राथमिकता पाएका थिए । त्यसलाई नेपाल सरकारले अनुमोदन गरेको अवस्था पनि हो । नेपाल पत्रकार महासंघ, सञ्चारिका समूह, डब्लुडब्लुजे जस्ता विभिन्न सञ्चारसँग सम्बन्धित संघसंस्थाले महिला पत्रकारका लागि विभिन्न कार्यक्रम गरिरहेका छन् । महिला पत्रकारको सख्या, निरन्तरता, दक्षता, लगायतका विषयमा विभिन्न कार्यक्रम गरिए पनि पत्रकारिता क्षेत्रमा महिला पत्रकारहरूको निरन्तरताको सवाल भने उस्तै छ ।

नेपालको संसद लगायत विभिन्न राज्यका तह र तप्कामा महिला वर्गको उपस्थिति बढेको छ । आरक्षण लगायतका विशेषाधिकारका प्रावधानले संसदमा ३३ प्रतिशत महिला सहभागिता रहेको छ । स्थानीय तहमा ४० प्रतिशत महिला प्रतिनिधि सुनिश्चित हुन सकेको छ ।

तर राज्य लगायत सबै क्षेत्र, समुदायमा नीतिअनुसारको व्यवहार भएन भन्दै कलममार्फत सजग गराउने पत्रकारिता क्षेत्रमा नै महिला पत्रकारको उपस्थिति आज पनि न्यून हुनु चिन्ताको विषय हो । संस्थाले अपनाएको लैंगिक समानता र सामाजिक समावेशीकरण नीतिको व्यवहारमा उतार्न नसक्नुले चोर औंला बाहेकका ४ औंलाले पत्रकारिता क्षेत्र आफैलाई संकेत गर्ने प्रष्ट छ ।

पत्रकारिता क्षेत्रमा महिला पत्रकार निरन्तर लाग्न नसक्नुका पछाडि धेरै कारणहरू छन् । महिला पत्रकार जो यो समाजको नै अंग हुन् । आम महिलाले समाजमा जस्तो अवस्था भोग्न वाध्य छन्, महिला पत्रकारलाई त्यो भोगाइबाट छुटकारा हुँदैन ।

पत्रकारिता पेशा अन्य पेशाको तुलनामा सहज पनि छैन । न बिहान, न दिनरात कुनै पनि समय पत्रकारिताका लागि छुट्याउन मिल्दैन । हर प्रहर पेशाप्रति सम्वेदनशील हुने पेशा पत्रकारिता हो । अन्य पत्रकारले जस्तै रात या भनौ जुनसुकै समयमा समाचार संकलन, प्रसारणमा महिला पत्रकार खट्नु पर्दछ ।

महिला भएकै कारण रातको समय, बिहानको समयमा पत्रकारिता नगर्ने भन्ने हुँदैन । महिला पत्रकारले यो पक्षमा चुनौतीको सामना गर्नैपर्छ । नेपालको सामाजिक परिवेश र सुरक्षाका कारण पनि महिला पत्रकारलाई यस्तो विषयमा थप चुनौती रहेको छ । त्यसैले महिला पत्रकारका परिवारले यस्तो चुनौतीको कार्य नगर्न सुझाउँछन् । बिहान घरपरिवारको खाजानास्ताको जोहो गरेर काममा अन्य जागिर जस्तै निस्किए हुन्थ्यो भन्ने आम अभिभावकको चाहना हुन्छ ।

यो पेशामा केही अपवादलाई छोडेर राम्रो कमाउन पनि महिला पत्रकारले सकेका छैनन् । महिला पत्रकारलाई दिने पारिश्रमिकमा पनि विभेद भएको कारण महिला पत्रकारले पेशा छोड्न वाध्य भएको बताउँछन् । मिडिया हाउसमा सँगै काम गर्ने उत्ति नै काम गर्ने पुरूष सहकर्मीभन्दा तलबमा विभेद गरिन्छ भन्ने गुनासो महिला पत्रकारको रहेको छ । सञ्चारगृहले बढुवाको बेला पनि महिला पत्रकारको भूमिकाको मूल्याङ्कन त्यति नगरेको देखिन्छ । महिला पत्रकार पुरूष पत्रकारको तुलनामा जैविकरूपमा फरक छन् । मासिक धर्म, सुत्केरी लगायतका अवस्थामा महिला पत्रकारको लागि विशेष व्यवस्था आवश्यक हुन्छ ।

त्यसो त सञ्चारगृह लैंगिकमैत्री वातावरण नभएकै कारण पनि महिला पत्रकारले विभिन्न समस्या झेल्न परेको छ । महिला पत्रकारहरूको बौद्धिकस्तरलाई पनि कम आँकलन गरिन्छ । महिला पत्रकारले खोजमूलक समाचार तयार गर्न सक्दैनन् भन्ने भ्रम छ । रिपोर्ट, अन्तर्वार्ता, राजनीति लगायतका बिटमा त्यति अवसर पाएका हुँदैनन् । महिला पत्रकारले गर्न सक्छन् भनी सञ्चारगृहले महिला पत्रकारका लागि पहल पनि गरेको हुँदैन ।

समाज उद्विकासका व्याख्याता हरूवर्ट स्पेनसरले पुरूषको तुलनामा महिलाको मगज सानो र कम बौद्धिक क्षमताको हुने बताएका छन् । यिनै भनाइका आधारमा पनि महिला वर्गलाई कम क्षमताको आँकलन गरियो । पुरूष मानसिकताका आधारमा भनेका यस्ता भनाइहरूलाई महिलावादीहरू मान्न तयार छैनन् । यस्तै मान्यताले गर्दा महिलाको क्षमता र साहसको अवमूल्यन गर्दै आएको महिलावादीहरूको मत रहेको छ । अवसर, साथ र सहयोग पाएको खण्डमा महिला पत्रकारले पनि जुनुसुकै जोखिम मोलेर पत्रकारितामा खटिएका उदारहण धेरै छन् ।

समाजमा लामो समयदेखि रहेको असमानता हटाउन राज्यको चौथो अंगको रूपमा रहेको पत्रकारिता क्षेत्रको भूमिका उल्लेखनीय रहन्छ । असमानताकै खाडलमा रहेका महिला जगतभित्र महिला पत्रकार पनि पर्ने भएकोले पत्रकारितामा महिलाको भूमिका आवश्यक पर्दछ । अन्य क्षेत्रमा महिलाको सम्मानजनक सहभागिताका लागि पत्रकारिता क्षेत्रमा पनि महिलाको उपस्थिति बढाउन र टिकाउन आवश्यक देखिन्छ ।

**(अर्याल नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्य हुनुहुन्छ)**

# पत्रकारिता क्षेत्रमा कहाँ छ समावेशिता ?

**महासंघको हरेक निर्वाचनमा पुरुष पत्रकारको भागवण्डाका लागि पत्रकार महिलाहरूले अवसरबाट हात धुनु परेको अवस्थाको पनि अन्त्य हुनु पर्छ । नेतृत्वमा आउन चाहने महिलाको मनोबल गिराउनुको साटो उसलाई थप हौसला दिने बानीको विकास हुनु पर्दछ । त्यसैले पत्रकारिता क्षेत्रमा महिलाहरूको प्रवेश, प्राथमिकता र विकास आवश्यक छ ।**



जानुका बराल

पत्रकारिता पेसा अन्य पेशाभन्दा बढी नै चुनौतीपूर्ण पेशा हो । यस क्षेत्रमा महिलाको सहभागिता र उपस्थिति राज्यले आँकलन गरेभन्दा भिन्न रहेको छ । नेपालमा श्रमजीवी पत्रकारमध्ये पत्रकार महिलाको संख्या २५.३ प्रतिशत मात्र रहेको एक अध्ययनले देखाएको छ । पत्रकार महासंघको विधानमा कार्यसमिति र केन्द्रीय पार्षदमा समावेशिताको व्यवस्था गरिएको भए पनि त्यसको कार्यान्वयनको लागि पत्रकार महिलाको संख्यामा बृद्धि आवश्यक हुन्छ । अहिलेकै कार्यसमितिको कुरा गर्दा पनि लेखा समितिसहित ५० जनाको कार्यसमितिमा जम्मा ६ जना मात्र महिला छौं । यो संख्यात्मकरूपमा निकै कम हो । १० जना पदाधिकारीमा बल्लतल्ल १ जना महिला सचिव ।

पत्रकारिता क्षेत्रका माथिल्ला पदहरूमा पत्रकार महिलाको उपस्थिति चिन्ताजनक भएको यसै संस्थाबाट पनि पुष्टि हुन आउँछ । तर विगतका कार्यकालको तुलनामा यस कार्यकालमा महिलाको सहभागितालाई राम्रै मान्न सकिन्छ । काम उही, समय उही, जिम्मेवारी पनि उही हो तर काम गराइ र भोगाइ पुरूषको तुलनामा निकै फरक नै पाइन्छ । पत्रपत्रिका, अनलाइन एवं टेलिभिजन लगायतका सञ्चारगृहको स्थापना प्रशस्तै भएको पाइन्छ । सो अनुपातमा महिला पत्रकारको संख्या खासै बढेको भने पाइँदैन । अहिले पत्रकारिता विषय नै लिएर पढ्ने पत्रकार महिलाको संख्या भने ह्वात्तै बढेको छ । फेरि पनि पत्रकारितालाई

पेशा नै बनाउँछु भनेर आउनेको संख्यामा भने कमी नै पाइन्छ । यदि व्यवसायिकरूपमा नै पत्रकारिता गर्ने हो भने गुणस्तरीय महिला पत्रकारको माग बजारमा छ । त्यसका लागि पहिला स्वतन्त्रता सबै भन्दा ठूलो चुनौती थियो भने अहिलेका महिलाका लागि निर्णायक तहमा पुग्न नपाउनु वा शक्तिको पहुँचसम्म महिला पुग्न नसक्नु ठूलो चुनौतीको विषय बनेको छ । आफ्नो क्षमता र दक्षताअनुसार आफै लाई आत्मसन्तुष्टि मिलेको कमै पाइन्छ । पुरुषजस्तोस्वतन्त्ररूपले महिलाहरूले अहिले पनि काम गर्नसक्ने सुरक्षित वातावरणको सिर्जना भइसकेको छैन । महासंघको सदस्यता लिने पत्रकार महिलाहरूको संख्यामा पनि कमी नै देखिन्छ । यसै सम्मेलनमा केन्द्रित हुँदै गर्दा पनि धेरै जिल्ला शाखामा महिलाको संख्या अत्यन्त कमजोर पाइएको छ । हरेक जिल्लामा पत्रकार महिलाको सहभागितालाई कसरी अझ बलियो बनाउने भन्ने विषयमा महासंघले फरक रणनीति अपनाउनु पर्ने देखिन्छ । पारिश्रमिकमा पाइएको असमानताको खाडललाई पुर्न पनि महासंघ तात्नु पर्ने देखिन्छ । पत्रकार महिलाको क्षमता विकास र अवसरका लागि पनि विशेष कार्यक्रम ल्याउन जरुरी छ । पुरूष सहकर्मीले गर्ने दुर्व्यवहारका बारेमा पनि महासंघले घनिभूत छलफल गर्नुपर्ने अवस्थाको सिर्जना भएको छ भन्दा फरक नर्पला । आगामी दिनहरूमा महासंघले लैङ्गिक समानतालाई प्रोत्साहन गर्न समान अवसर प्रदान गर्नका लागि पुलको भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । साथै समान पारिश्रमिकको व्यवस्था, कार्यस्थलमा स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था, महिलामैत्री वातावरणको सिर्जना लगायतका विषयमा महासंघले उचित कदम चाल्नु जरुरी छ । लामो समयदेखि पत्रकारिता क्षेत्रमा आफु सक्रिय भएका कारण यस क्षेत्रमा पत्रकार महिला शुरूमा उत्साहित भएर आउने तर त्यही उत्साहका साथ धेरै लामो समयसम्म टिकिरहन नसकेको पाएको छु । महासंघमा पत्रकार महिलाको संख्यात्मक बृद्धिका लागि महासंघको तल्लो संरचनादेखि सुधार गर्नु पर्दछ । केन्द्रको संख्यालाई हेरेर सबै जिल्लाको अवस्थाको आँकलन गर्नु गलत कुरा हो । महासंघको आगामी महाधिवेशनले महासंघको सदस्यदेखि हरेक तहको समितिमा मात्र नभएर सदस्य संख्यामा नै कम्तिमा ३३ प्रतिशत पत्रकार महिलाको सहभागिताको व्यवस्था गरिनु पर्दछ ।

महासंघको हरेक निर्वाचनमा पुरुष पत्रकारको भागवण्डाका लागि पत्रकार महिलाहरूले अवसरबाट हात धुनु परेको अवस्थाको पनि अन्त्य हुनु पर्छ । नेतृत्वमा आउन चाहने महिलाको मनोबल गिराउनुको साटो उसलाई थप हौसला दिने बानीको विकास हुनु पर्दछ । त्यसैले पत्रकारिता क्षेत्रमा महिलाहरूको प्रवेश, प्राथमिकता र विकास आवश्यक छ । यसको लागि पुरुष पत्रकारहरूले नै सहयोद्धाको रूपमा सँगसँगै सहभागी गराउने र आवश्यक रूपमा प्रशिक्षित समेत गर्नु पर्छ । त्यसो भएमा नेपालको संविधानले नै व्यवस्था गरेको समानता र समावेशिताको सिद्धान्त व्यवहारिक कार्यान्वयनमा सहज हुने देखिन्छ ।

**(बराल नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्य हुनुहुन्छ)**

---



# पत्रकारको प्रश्न

**यशोदा अधिकारी**

एउटा घरमा लागेको आगो
पूरै गाउँभरि फैलिएपछि
तातिएछन् गाउँपालिकाका प्रमुख पनि
धुवाँको मुस्लोसँगै
चिसिन उडेछन् समुद्र किनारतिर ।

अड्किएका फाइलहरू
अख्तियारले लगिसकेको छ अरे
मन्त्रालयले पनि फाइल मागेको छ
आन्तरिक छानविन
विज्ञहरूको छानविन
ओहो ! पत्रकारको प्रश्न
आफ्नै घरमा आगो लगाउने
को थियो ?
किन लगायो ?
कसरी लगायो ?
आगो लगाउनेलाई
कस्तो कारवाही हुन्छ ?
प्रेस प्रतिनिधि प्रमाणपत्र
नभिरेको पत्रकारको प्रश्न ?

यतिखेर आगो गाउँ सकेर
शहर पसिसकेको छ
मूर्दाघरको छेउँबाटै बगेको
एक अन्जुली पानी
उठाउन त खोजेकै हो
आगो निभाउन
माफ गर्नहोला महोदय
सहरसम्म ल्याउनै सकिएन ।

सहर
सहरको पनि के कुरा गर्न ?
बहुलाएछ सहर
मस्त निद्रामा थिए नगरप्रमुख पनि
अहो त्यो इतिहास ?
कहाँ छन् सडकमा छोडिएका जुत्ताहरू ?
कता पुगे फ्याँकिएका
इट्टाका टुक्राहरू ?
कहिले डुब्यो एउटा रक्तिम साँझ ?

बहुलाएको सहरमा आगो लागेपछि
स्काभेटरको दाराले झैं
च्यापिएछन् गुमनाम नारीका
उन्मुक्तिका हाँसो जति सबै
राजकुमारले त भर्खरै
झुण्डिएर आत्महत्या गरेको खबर छ
सग्ला हातजति सबै
उजाड भूमिमै सक्रिय देखेपछि
बुढा बाले च्यातिदिएछन्
जिन्दगीका तमसुकहरू ।

गाउँ निलेर
सहर पसेको आगो
र, बस्तीमा सुनिने आवाज
बेजोडले बहने हावा होइन
रातभरि जागै बसेर
गरिएको चर्चा त
उत्सर्गको बाँसुरी हो
बजाऊ
निष्क्रिको बजाऊ
उत्सर्गको बाँसुरी
सुनिदिन्छु सबै पीडा पन्छाएर
जीवनको धुन गुञ्जिएन भने
पग्लिन्छ बरफ
घट्दै जान्छ
सगरमाथाको उचाइ ।

आगोको रापले पिल्सिएको सहरमा
बरफ पग्लिएर पानी बग्न थालेपछि
रहन्छन् कि रहँदैनन् सहरका वस्तीहरू ?
अहो ! पत्रकारको अर्को प्रश्न ???

**(अधिकारी नेपाल पत्रकार महासंघकी केन्द्रीय पार्षद हुनुहुन्छ)**

## आम सञ्चारगृहमा

# महिला पत्रकार टिकाउने आधार के के ?

**हरेक जात, समुदाय, धर्म, लिंग र वर्गको प्रतिनिधित्वले मात्रै मिडियाले जनताको अपनत्व महशुस गराउन सक्छ । आधा आकाश ढाक्ने महिलाको प्रतिनिधित्व मिडियामा जति आवश्यक देखिन्छ, उति नै निरन्तरता र टिकाइरहनमा कन्जुस्याई भएको पाइन्छ । समावेशी हुनु ठूलो कुरा होइन, टिकाइरहनु महत्वपूर्ण हो ।**



मधु शाही

चियाको चुस्कीसँगै पत्रकार महिला आफूले गरिरहेको पत्रकारिता पेशाबारे छेडखान गर्दै थियौं । कामको हिसाबले क्षमतावान पत्रकारहरू उमेरले म भन्दा साने थिए । उनीहरू मलाई आदरले दिदी भनेर सम्बोधन गर्ने गर्छन् । दिदी सम्वोधनले ममा थप जिम्मेवारी बोध हुन्छ । चिया पिउँदै थियौं । एक जना राष्ट्रिय पत्रिकामा सक्रिय युवा पत्रकारले आफ्नो आन्तरिक समस्या खोलिन् । स्वास्थ्य बिटमा काम गर्ने ती पत्रकार निकै सक्रिय छिन् । उनको कामसँगै करिअर आकाशमा चुलिदैछ । भविष्य पनि सुनिश्चित छ । तर, पनि उनी कताकता अन्योलमा छिन् । 'के गरूँ गरूँ दिदी ? म त अन्योलमा छु', उनले समस्या दुविधामा सुनाइन् । बिहे गरेको चार/पाँच वर्ष नाघेछ । सन्तान जन्माउनु भनेर घरबाट दवाब आएका छन् । तीन वर्ष नसुनेझैं गरेर टारेकी रहिछन् । पाँच वर्षमा उनको इन्कारलाई परिवारले स्वीकार गरेनन् । यसो त कुन युवतीले आमा बन्न नचाहलिन् र ? ती पत्रकारले सन्तान जन्माउन ढिलाई गर्नुको एउटै कारण थियो, करिअर' । सन्तान जन्माएपछि कहाँ राख्ने ? कसले हेर्ने ? काम कसरी गर्ने ? यी सबै तनाव सोच्दासोच्दै उनी आमा बन्ने रहर खुम्च्याउँदै छिन् । कि त पत्रकारिता छोड्नु पर्‍यो कि त आमा बन्नु पर्‍यो ।

उनी जस्तै, थुप्रै महिलाले सन्तान पाएपछि पत्रकारितामा बिट मारेका छन् भने काम गरेकाहरूलाई पनि सहज छैन।

रेडियोमा १० वर्ष पत्रकारिता गरेको अनुभव बटुलेकी तिर्सना पौडेल (नाम परिवर्तन)ले छोरी पाएपछि घरमै बसिन् । छोरीलाई हेर चाह गर्ने कोही नभएपछि उनले अन्तिममा जागिर नै छोड्न बाध्य भइन् ।

बुटवलका विनोद परियार र आरती परियार दुबै पत्रकारितामा सक्रिय थिए । एउटै पेशाका उनीहरूले बिहे गरे । विनोद अझै पत्रकारिता गरिररहेका छन् भने आरती छोरी जन्माएपछि घरमै असल गृहणी बनेर बस्न बाध्य छिन् । पत्रकारितामा निरन्तरता दिन महिलालाई चुनौती देखिने आरतीका पति विनोदले समेत महशुस गरे । यी केही उदाहरण मात्र हुन् । समावेशीमुलक मिडियाको परि कल्पना जति गरे पनि त्यसलाई कसरी संरक्षण गर्ने भन्ने विषयमा कुनै पनि मिडियाको लगानीकर्ताले सोचको छैनन् । आम सञ्चारमाध्यम साझा फूलवारी जस्तै हुनुपर्छ ।

हरेक जात, समुदाय, धर्म, लिंग र वर्गको प्रतिनिधित्वले मात्रै मिडियाले जनताको अपनत्व महशुस गराउन सक्छ । आधा आकाश ढाक्ने महिलाको प्रतिनिधित्व मिडियामा जति आवश्यक देखिन्छ, उति नै निरन्तरता र टिकाइरहनमा कन्जुस्याई भएको पाइन्छ । समावेशी हुनु ठूलो कुरा होइन, टिकाइरहनु महत्वपूर्ण हो । महिला पत्रकार पुरूषभन्दा सम्वेदनशील हुन्छन् । उनीहरूको जिम्मे वारी घर, समाज र करिअर तीन पक्षसँग जोडिएको हुन्छ । सन्तान जन्माएपछि हेरचाहमा आमाको भूमिका बढी हुन्छ । मिडिया हाउसले महिला पत्रकारलाई निरन्तर टिकाइरहन र सहज वातावरण सिर्जना गराउन शिशु स्याहार केन्द्र खोल्नु आवश्यक छ । शिशु स्याहार केन्द्रले धेरै हदसम्म महिला पत्रकारको समस्या समाधान हुन सक्छ । एकल परिवारमा विकसित हुँदै गएको हाम्रो समाजमा सन्तान हुर्काउनु चुनौती छ । त्यसमा पनि फिरन्ते पत्रकारिता पेशा अंगाल्ने आमा पत्रकारले कसरी सन्तानको पालनपोषण गर्ने ? शिशु स्याहार केन्द्र भयो भने उनीहरूले बच्चालाई सुरक्षित राखेको महशुस गर्छन् र काम गर्न सहज वातावरण सिर्जना हुन सक्छ ।

यसले पुरूष पत्रकारलाई समेत फाइदा गर्छ । अहिले आमाबुवा दुबै जागिरे छन् । आमा नहुँदा बुवाले आफ्नो सन्तानलाई कार्यालयमा राख्न सक्छ । महिला पत्रकारले समयमै शिशुलाई दूध खुवाउन सक्छिन् । यसले बालअधिकार र आमाको कर्तव्य सहजरूपमा पूरा हुन्छ । त्यस्तै, महिला पत्रकारलाई टिकाउने अर्को आधार भनेको महिलामैत्री कार्यालय सिर्जना गर्नु । प्राकृतिक दृष्टिले महिलाको शारीरिक बनावट पुरूषको भन्दा संवेदनशील छ । उनीहरूलाई मासिकरूपमा महिनावारी हुने गर्छ । महिनाको ३ दिन महिनावारीले पीडित हुन्छन् । यस्तो अवस्थामा कार्यालय प्रमुखले बुझेर काम गर्न सहज वातावरण बनाइदिनु पर्छ । सञ्चारिका समूहकी अध्यक्ष नितु पण्डितका अनुसार विवाहपछि महिला पत्रकारले मिडियामा निरन्तरता दिन सकेका छैनन् । सामाजिक पारिवारिक र आर्थिक पक्षले समेत यसलाई प्रभाव पारेको छ । सरकारले ३३ प्रतिशत महिला सहभागिता बनाउने नीति ल्याएपनि यो नै पर्याप्त नरहेको नितुको भनाइ छ । मिडिया हाउसले समावेशीको नीति के हो ? त्यो प्रस्टसँग ल्याउन जरूरी छ ।

समावेशी नीतिलाई सघाउने आधार नहुँदा महिला मात्र होइन, सिमान्तकृत समुदायका पत्रकारलाई निरन्तर सक्रिय हुन चुनौती छ । चुनौतीका बाबजुद पनि महिला पत्रकारको संख्या पत्रकारितामा विगतको तुलनामा निराशाजनक छैन । महिला पत्रकार आबद्ध सञ्चारिका समूहले 'स्टाटस अफ वुमन जर्नालिज्म इन नेपाल' विषयमा गरेको अध्ययनमा देशभर २५ प्रतिशत महिला पत्रकार छन् । जहाँ तुलनात्मकरूपमा जिल्लामा बसेर काम गर्ने महिलाको संख्या धेरै छ । टेलिभिजनमा अनुहार देखाउने पत्रकार मात्रै नभई अचेल प्राविधिक क्षेत्रमा क्यामेरा चलाउने, फोटो खिच्नेदेखि रेडियोमा प्राविधिक जिम्मेवारी सम्हालेका महिला उत्तिकै छन् । रेडियोमा झन्डै ६० प्रतिशत महिला पत्रकारले काम गर्छन् ।

२० देखि ३० वर्ष उमेर समूहका ७६.३ प्रतिशत महिला पत्रकार सक्रिय छन् । चालिसभन्दा माथिका महिला झण्डै ३ प्रतिशत छन् । यसले पनि के जनाउँछ भने महिला पत्रकार जति परिपक्व बन्दै गयो उति पारिवारिक र सामाजिक कारणले पेशाप्रति टिकिरहन मुश्किल पर्छ ।

तथ्यांकले समग्रहमा महिला पत्रकारको संख्यामा वृद्धि भएको देखाए पनि व्यक्तिगत मिडिया हाउसमा खोज्न जाने हो भने महिलाको संख्या कुनै ठाउँमा न्यून समेत रहेको पाइन्छ । महिला पत्रकार मिडियामा निरन्तर नहुनुको अर्को कारण प्रमोशनमा गरिने विभेद हो । नितुका अनुसार नेतृत्व क्षमतामा महिलामाथि गरिने अविश्वास पनि एउटा मुख्य कारण रहेको बताउँछिन् । आफूसँगै काम गरेको पुरूष साथी नेतृत्व तहसम्म पुग्छ । तर, एउटै ठाउँमा निरन्तर काम गरिरहँदा महिला पत्रकारको नेतृत्वमाथि कार्यालयले विश्वास गर्न नसक्नुले पनि महिला पत्रकारमा पेशाप्रति वितृष्ण जाग्छ । समयमा पारिश्रमिक नदिनु, सुत्केरी विदा नदिनु र मिडियामा सुरक्षित महशुस नगर्नुले महिला पत्रकार पेशामा निरन्तरता हुन सकेको छैन । तथ्याङ्क अनुसार ६१.९ प्रतिशत मिडिया हाउसमा लैंगिक नीति छैन । जसले गर्दा पेशा परिवर्तन गर्ने, जागिर छोड्न बाध्य हुने, काम गरिरहे पनि असन्तुष्ट हुने लगायतका पीडा महिला पत्रकारले भोग्दै आएका छन् । महिला पत्रकारले पेशा परिवर्तन गर्ने विभिन कारणमध्ये, २७.१ प्रतिशत समयमा तलब नपाउदा देखिएको छ, । काम गर्ने वातावरणका कारण १८.७ प्रतिशत, पारिवारिक र व्यक्तिगत कारण १०.२ प्रतिशत छ । महिला पत्रकारलाई कार्यालयमा सहकार्य नगरेपछि निराश भई पत्रकारिता छोडेकाहरूको संख्या ८.३ प्रतिशत छ । महिला पत्रकारका समस्या सुन्दा सामान्य लाग्छन् । गहिराइमा बुझ्ने हो भने उनीहरूको समस्या समाधानमा समग्र पत्रकारिताको उचाई थपिने आधार हुन् ।

प्रश्न आउन सक्छ, महिला पत्रकारलाई यति महत्व किन दिने ? जवाफ चौतर्फी छ । संविधानको मूलमन्त्र पुजेर प्रेस स्वतन्त्रता अलम्बन गर्नेले महिलाको समस्या बुझ्नै पर्छ । समावे शिता र सहभागिताको सञ्चार प्रणाली लागु गर्न मुखले पर्याप्त हुँदैन । त्यसको जरो समाउनसम्म लाग्नु पर्छ । समाज धेरै समुदायको झुण्ड हो भने आमसञ्चार तिनै समुदायको साझा प्रतिनिधित्व गर्ने थलो हो । समाजप्रति जवाफदेहिता मिडिया हो । लैंगिक नीति ल्याएर आमसञ्चारलाई महिलामैत्री बनाउनु आमसञ्चारगृहको दायित्वमा पर्छ । तर, अवस्था ठिक उल्टो छ । आमसञ्चारगृहमा सक्षम महिला पत्रकार टिकाउन उनीहरूको आधारभूत अधिकार सम्वोधन गर्नै पर्छ । नभए समावेशिता शब्दमै सीमित हुनेछ ।

**(शाही नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्य हुनुहुन्छ)**

# महासंघको इतिहासमा महिला पत्रकारको नेतृत्वः

# विगत र वर्तमान

**पत्रकारिता समाज कल्याणका लागि पनि हो । समाज विकासले समग्र राष्ट्रको सर्वाङ्गीण विकासलाई उद्वेलित गर्छ भने शान्ति तथा पुनर्निर्माणको आधारस्तम्भ सामाजिक सद्भाव कायम गर्ने माध्यम पनि बन्छ र हो पत्रकारिता । तसर्थ पत्रकारिता क्षेत्रको नेतृत्वमा रुपान्तरित समाज र राज्यको परिकल्पना अनुरुपको विधान बनाउनु अहिलेको कार्यसमितिको जिम्मेवारी पनि ठहर्छ ।**



मीरा राजभण्डारी अमात्य

समस्त विश्वजगतमा महिला नेतृत्वको माग राज्यस्तरबाट भइरहेको वर्तमान परिप्रेक्ष्यमा नेतृत्वमा महिला सहभागिताको खास माग राज्यस्तरबाट बन्ने हरेक नीतिमा समावेशी र समतामूलक नीतिहरु निर्माणका लागि हुने गरेको बुझाई अझै पनि हाम्रो समाजमा छैन । पत्रकारिता क्षेत्रले समग्र आम जनताको माग, भावना र आवश्यकतालाई सम्बोधन गर्न राज्यको निकायसम्म पुलको काम गर्छ । तसर्थ पत्रकारिता क्षेत्रकै नेतृत्व तहमा पनि समावेशिता हुन आवश्यक छ भन्ने माग अहिलेको वर्तमान समय परिस्थितिको माग रहेको छ ।

इतिहासलाई हेर्दा सर्वप्रथम विक्रम सम्वत १९७१ मा बनारसबाट प्रकाशित हुने ‘चन्द्र’ मासिकमा प्रकाशित ‘स्त्री शिक्षा’ (सुकेसी) तथा विक्रम सम्वत १९८३ मा देहरादुनबाट प्रकाशित ‘ गोरखा’ साप्ताहिकमा दिव्य कुमारी देवी कोइरालाद्वारा लिखित ‘स्त्री शिक्षाको महत्व’ शीर्षक अन्तर्गतका लेखहरु मार्फत विगतमा वेदको अध्ययनका लागि तत्कालीन समाजले छुट दिए तापनि पछिल्ला समयमा समाजले महिला शिक्षामाथि लगाएको बन्देजका कारण महिलाहरु नीतिगत तहमा पुग्न र निर्णायक भूमिका निर्वाह गर्नबाट बञ्चित हुँदै गएको विषयमा केन्द्रित थियो । तत्कालीन रुढिग्रस्त समाजप्रति कटाक्ष गर्दै महिलाहरुको समाज, राज्य र परिवारप्रतिको योगदानलाई नजरअन्दाज गरेको सो क्रान्तिकारी अभिव्यक्तिसँगै महिला पत्रकारहरुको क्रमशः उदय भएको इतिहास बोल्छ ।

## पत्रकार महासंघमा महिला पत्रकारको इतिहास

१) शशीकला शर्मा (सर्वसम्मत प्रथम महिला सदस्य) : विक्रम सम्वत २०१९ साल असोज १५ मा गठित पशुपतिदेव पाण्डेको कार्यकारिणी ७ सदस्यीय कार्यसमिति ।
२) चन्द्रकला "आँचल" (महिला सदस्यको रुपमा मनोनीत) : २०४३ सालको मणिराज उपाध्यायको सभापतित्वमा गठित कार्यकारी समिति ।
३) प्रेमकुमारी पन्त (सर्वसम्मत) : २०४६ देखि २०४९ गोविन्द वियोगीको सभापतित्वमा गठित १५ सदस्यीय कार्यकारी समिति ।
४) हरिकला अधिकारी (सदस्यमा निर्वाचित) : विक्रम सम्वत २०४९ देखि २०५२ को कार्यसमितिमा । २१ सदस्यीय कार्यसमिति, सभापति : होमनाथ दाहाल ।
५) राधा बुढाथोकी (सर्वप्रथम महिला उपसभापति, मध्यमाञ्चल -खुल्ला) : विक्रम सम्वत २०५२ देखि २०५४ हरिहर विरहीको सभापतित्वमा गठित १८ सदस्यीय कार्यकारी समिति)
६) (क) जसुदा प्रधान (मनोनीत) : विक्रम सम्वत २०५४ देखि २०५६ सालको किशोर नेपालको सभापतित्वमा गठित (१८ औं महाधिवेशन)बाट निर्वाचित ।
(ख) शोभा गौतम (मनोनीत ) : विक्रम सम्वत २०५४ देखि २०५६ सालको किशोर नेपालको सभापतित्वमा गठित (१८ औं महाधिवेशन) कार्यकारी समिति)
७) रमा सिंह (मनोनीत) : विक्रम सम्वत २०५६ देखि २०५९ को सुरेश आचार्यको कार्यकारी समिति ।
८) निर्मला शर्मा (खुल्ला प्रतिष्पर्धाबाट निर्वाचित) : विक्रम सम्वत २०५९ देखि २०६२ को तारानाथ दाहालको सभापतित्वमा गठित १७ सदस्यीय कार्यसमिति ।
९) दुर्गा कार्की (मनोनीत) : विक्रम सम्वत २०६२ देखि २०६५ को विष्णु निष्ठुरीको सभापतित्वमा गठित कार्यसमिति ।
१०) (क) यशोदा तिम्सिना (महिला आरक्षण) : विक्रम सम्वत २०६५ देखि २०६८ को धर्मेन्द्र झाको सभापतित्वमा गठित कार्यसमिति ।
११) (ख) गौरी कठायत (मनोनीत)-

१२) यशोदा तिम्सिना (उपाध्यक्ष- खुला प्रतिष्पर्धा) : विक्रम सम्वत २०६८ देखि २०७१ को शिव गाउँले नेतृत्वको ३१ सदस्यीय कार्यसमिति ।
सदस्यहरु :- दुर्गा भण्डारी, संगीता खड्का, शान्ता बस्नेत (महिला कोटा) निशा विश्वकर्मा (दलित कोटाबाट खुला प्रतिष्पर्धा)

१३) अनिता विन्दु (उपाध्यक्ष- समावेशी) : विक्रम सम्वत २०७१ देखि २०७४ को महेन्द्र विष्टको सभापतित्वमा गठित कार्यसमिति ।
संगीता खड्का (सचिव- महिला)
सदस्यहरु :
सुषमा पौडेल : खुला प्रतिष्पर्धाबाट
पवन वर्षा शाह, सरिता ढकाल तथा निलिफा सुव्वा (महिला कोटा)
रञ्जना पौडेल (महिला कोटा) : लेखा समिति

### वर्तमान पदाधिकारी तथा सदस्यहरू

१) लक्ष्मी पुन (सचिव- महिला कोटा )
२) सिर्जना अर्याल (महिला कोटा)
३) श्वेता सिंह (महिला कोटा)
४) जानुका बराल (महिला कोटा)
५) मधु शाही (दलित कोटा खुला प्रतिष्पर्धा )
६) मीरा राजभण्डारी ( लेखा समिति सदस्य- महिला कोटा )

खासमा महिला वर्गको शिक्षामाथिको अधिकार तथा महिलाका आत्मसम्मान तथा मूल्यमान्यताप्रति गम्भीर हुन तत्कालीन समाज र राज्यलाई घच्घच्याएका थिए ती प्रस्तुतिले । यसरी समाजिक न्याय, महिला सशक्तीकरण र महिलाका मानव अधिकारका अवयवहरुलाई स्थापित गर्न महिला पत्रकारहरुको खास भूमिका रहेको विषयले विगतदेखि हालसम्म निरन्तरता लिइरहेका छन् ।

विगतमा महिलाको शिक्षामा पहुँचका लागि आवाज उठेका 'स्त्री' शिक्षा जस्ता महिला विकाससँग प्रत्यक्ष सरोकार राख्ने मुद्दामा सक्रिय रहेका महिला पत्रकारका जमातहरुले तत्कालीन निरंकुश शासन व्यवस्थाको अन्त्यपछि पहिलो निर्वाचनमा महिलाहरुले पनि भोट दिन पाउने अधिकारका लागि सत्याहग्रहसम्म गरे । महिला वर्गले पनि भोट दिन पाउने अधिकार प्राप्त भएपश्चात त्यही खुशीयालीमा तत्कालीन नेतृ साधना प्रधानको सम्पादकत्वमा ' महिला' मासिक पत्रिका प्रकाशित भएको थियो । यसले के प्रमाणित गर्दछ भने प्रजातन्त्र प्राप्तिमा महिला नेतृहरुको खास भूमिका रहे तापनि पुरुषसरह भोट दिने अधिकारबाट भने वञ्चित गर्न खोजेको थियो तत्कालीन नयाँ शासक वर्गले ।

कालान्तरमा प्रजातन्त्र प्राप्तिकै खातिर होमिएका पत्रकारहरुको जमातले पत्रकार जगतलाई संगठित गर्नैका लागि नेपाल पत्रकार संघको स्थापना पनि विभिन्न चरणमा गरिए । तर मूलधारको नेतृत्वमै रहेका साधना प्रधान, कामक्षादेवी जस्ता महिला पत्रकार हस्तीहरु भने ती संगठनमा समाहित नहुनु उदेकलाग्दो छ महिला पत्रकारका लागि ।

### नेपाल पत्रकार संघमा महिला नेतृत्व

नेपालमा प्रजातन्त्रको अवतरणपछि विक्रम सम्वत २०१२ सालमा पत्रकार संघको स्थापना भयो । कृष्णप्रसाद भट्टराईको सभापतित्वमा स्थापित सो संगठनको स्थापना पश्चातको कार्यसमितिले निरन्तरता लिंदै २०१९ साल असोज १५ मा गठित पशुपतिदेव पाण्डेको कार्यकारिणीमा मात्र सर्वप्रथम महिला पत्रकार शशीकला शर्मा (सम्पादक: स्वास्नीमान्छे) सहितको ७ सदस्यीय कार्यसमितको चयन भयो । यसरी हेर्दा प्रजातन्त्र स्थापनाका लागि अर्थपूर्ण सहभागिता रहेका महिला पत्रकारको सहभागिता भने नेतृत्व तहमा आउने सहज वातावरण बनेको देखिएन तत्कालीन पत्रकार संघमा । त्यसपछिका दिनहरुमा पनि नेपाल पत्रकार संघ महिला नेतृत्वविहीन नै रहेको तत्कालीन वरिष्ठ पत्रकारहरुको भनाइ रहेको छ ।

नेपाल पत्रकार महासंघमा अहिले २०४६ सालपछि बनेका कार्यसमितिका माइन्युट मात्र उपलब्ध छन् । त्यसअघिका माइन्युट कोसँग र कुन अवस्थामा छन् भन्ने विषयमा विगतका कार्यकारिणीहरु जो अहिले जीवित अवस्थामा हुनुहुन्छ,, उहाँहरुलाई समेत जानकारी छैन । अहिले मात्र २०४३ को एक माइन्युटको एक फोटोकपी २०४६ सालको कार्यसमितिमा रहेका तत्कालीन वरिष्ठ पत्रकार मल्ल के सुन्दरबाट प्राप्त भएको छ । जुन अभिलेखले २०४३ सालको मणिराज उपाध्यायको सभापतित्वमा गठित कार्यकारी समितिमा चन्द्रकला "आँचल" महिला सदस्यको रुपमा मनोनीत भएको प्रमाणित गर्दछ । यसरी प्राप्त भएको अभिलेखले चन्द्रकला "आँचल" पत्रकार संघमा नेतृत्व लिने दोस्रो महिला पत्रकारको रुपमा रहनु भएको छ । तर सुशील शमशेर जवरासँग बिहेपश्चात पत्रकारिता क्षेत्रबाट उहाँ क्रमशः पलायन हुनुभयो । पत्रकार आँचलले पत्रकारका हितका

# पत्रकार महासंघमा महिला नेतृत्व


शशीकला शर्मा


हरिकला अधिकारी


प्रेमकुमारी पन्त


राधा बुढाथोकी


जसुदा प्रधान


शोभा गौतम


रमा सिंह


निर्मला शर्मा


दुर्गा कार्की


यशोदा तिम्सिना


दुर्गा भण्डारी


गौरी कठायत


संगीता खड्का


शान्ता बस्नेत


निशा विश्वकर्मा


अनिता विन्दु


सुषमा पौडेल


सरिता ढकाल


निलिफा सुब्बा


रञ्जना पौडेल

खातिर पत्रकार कल्याण कोष स्थापनाका लागि रु. १०,०१०/- (दश हजार दश) रकम 'की मनी'का रुपमा योगदान गरी नेपाल पत्रकार महासंघ तथा पत्रकार जगतका लागि गुण लगाउनु भएको थियो । उनको यो गुणलाई पत्रकारिता क्षेत्रले सदा सम्झिरहने छ ।

विक्रम सम्वत २०४६ देखि २०४९ को गोविन्द वियोगीको सभापतित्वमा गठित १५ सदस्यीय कार्यकारी समितिमा प्रेमकुमारी पन्त महिला नेतृत्वको पंक्तिमा तेस्रो महिला पत्रकार हुनुहुन्छ । त्यस्तै सर्वसम्मतमा हरीकला अधिकारी सदस्यमा निर्वाचित हुनुभयो, विक्रम सम्वत २०४९ देखि २०६२ को कार्यकारी समितिमा । २१ सदस्यीय सो कार्यसमितिका सभापति होमनाथ दाहाल हुनुहुन्थ्यो । अझै पनि पत्रकार संघ प्रजातान्त्रिक पद्धतिको अभ्यासमा भने खासै व्यवसायिक हुन सके को थिएन खासगरी महिला नेतृत्वको सवालमा । तर विक्रम सम्वत २०५२ देखि २०५४ को हरिहर बिरहीको सभापतित्वमा गठित कार्यकारी समितिमा सर्वप्रथम महिला पत्रकार राधा बुढाथोकी उपसभापतिको रुपमा मध्यमाञ्चल विकास क्षेत्रबाट निर्वाचित हुनुभयो, १८ सदस्यीय कार्यकारी समितिमा । सोही कार्यसमितिले महिला पत्रकार बबिता बस्ने त (नेपाली पत्र- पत्रिका ) र जसुदा प्रधान (संरचना- पत्रिका) समेतलाई योजना तथा कार्यक्रम समितिमा मनोनयन गरेको थियो ।

राधा बुढाथोकीकै नेतृत्वमा सर्वप्रथम धनकुटामा महिला पत्रकारहरुको तालिम सञ्चालन गरियो भने नेपाल पत्रकार संघको इतिहासमा पहिलोपल्ट महिला सम्मेलन पनि सम्पन्न भयो । तत्पश्चात विक्रम सम्वत २०५४ देखि २०५६ सालको किशोर ने पालको सभापतित्वमा गठित (१८औं महाधिवेशन) कार्यकारी समितिमा सर्वप्रथम २ महिला पत्रकार मनोनीत हुनुभयो । जसुदा प्रधान र शोभा गौतम । यही कार्यकारी समितिले क्रमशः अमृता बास्कोटा, रमिता लामा

लगायतलाई आचारसंहिता अनुगमन र भोजन उपसमितिको सदस्यमा मनोनयन गऱ्यो ।

महिला पत्रकारको अनुभवलाई पत्रकार संघको नीति, निर्णय र निर्माणमा आवश्यकता महसुस भएको कुरा महिला पत्रकारको उपस्थितिलाई पत्रकार संघले क्रमशः आत्मसात गर्दै गरेको अनुभूति र समय समयमा गरिएका विभिन्न उपसमितिमा महिला पत्रकारको उपस्थितिलाई सम्बोधन गरिएबाट हुन्छ ।

विक्रम सम्वत २०५६ देखि २०५९ को सुरेश आचार्यको कार्यकारी समितिमा महिला पत्रकार रमा सिंहलाई मनोनीत गरिएको थियो । त्यस्तै, विक्रम सम्वत २०५९ देखि २०६२ को तारानाथ दाहालको सभापतित्वमा गठित १७ सदस्यीय कार्यसमितिमा सर्वप्रथम महिला पत्रकार निर्मला शर्मा खुल्ला प्रतिष्पर्धाबाट निर्वाचित हुनुभयो । निर्मला शर्माकै कार्यकालमा थप महिला पत्रकारलाई मनोनयन गर्ने सिलसिलामा महिला पत्रकार विष्णु शर्मा मनोनीत हुनुभयो । त्यसका साथै अब उप्रान्त महिला पत्रकारको बाक्लो उपस्थिति पत्रकार महांघमा हुनुपर्छ र महासंघ समावेशी हुनु पर्छ भन्ने सिद्धान्तलाई अंगीकार गर्दै निर्मला शर्माको नेतृत्वमा सर्वप्रथम महिला समिति बनाउने परम्पराको थालनी भयो । जसमा क्रमशः निर्मला आचार्य, यशोदा तिम्सिना, गंगा बराल, कोमल ओली, शुभेच्छा विन्दु, हरिकला अधिकारी, तारा रावल, अनुराधा पौडेल लगायतलाई मनोनयन गरियो । निर्मला शर्माकै नेतृत्वमा दोस्रो महिला पत्रकार सम्मेलन पनि सम्पन्न भयो ।

त्यस्तै, सोही कार्यसमितिको विद्युतीय सञ्चारमाध्यम प्रवर्द्धन समितिले महिला पत्रकार रमा सिंह र स्थानीय पत्रकारिता प्रवर्द्धन उपसमितिमा महिला पत्रकार पार्वती श्रेष्ठलाई समेत मनोनयन गऱ्यो । तत्पश्चात विक्रम सम्वत २०६२ देखि २०६५ को विष्णु निष्ठुरीको सभापतित्वमा गठित कार्यसमितिमा महिला पत्रकार दुर्गा कार्कीलाई मनोनीत गरिएको थियो । त्यस्तै विक्रम सम्वत २०६५ देखि २०६८ को धर्मेन्द्र झाको सभापतित्वमा गठित कार्यसमितिमा महिला आरक्षणबाट यशोदा तिम्सिना सर्वप्रथम सदस्यमा निर्वाचित हुनुभयो भने महिला पत्रकारको कमीलाई महसुस गरी महिला पत्रकार गौरी कठायतलाई मनोनीत गरियो । नेपाल पत्रकार महासंघमा महिला सदस्य कोटाबाट आएपछि पत्रकार महासंघमा पहिलोपल्ट समावेशी आवाजलाई सम्बोधन भयो । त्यो थियो, सर्वप्रथम ३ जना महिला पत्रकारको लागि आरक्षण लगायतका समावेशी अभियानले समेत पूर्णता लिने काम ।

तत्पश्चात विक्रम सम्वत २०६८ देखि २०७१ को शिव गाउँले नेतृत्वको ३१ सदस्यीय कार्यसमितिमा सर्वप्रथम खुल्ला प्रतिष्पर्धाबाट महिला पत्रकार यशोदा तिम्सिना उपाध्यक्ष पदमा निर्वाचित हुनुभयो । सो कार्यसमितिमा दुर्गा भण्डारी, संगीता खड्का, शान्ता बस्नेत लगायत महिला कोटामा महिला पत्रकार सदस्य निर्वाचित हुनुभयो र दलित कोटाबाट खुल्ला प्रतिष्पर्धाबाट थप एक महिला पत्रकार निशा विश्वकर्मा निर्वाचित भएपश्चात महिला पत्रकारहरुको निर्वाचित संख्या ५ पुग्यो । यो कार्यसमिति नेपाल पत्रकार महासंघमा सर्वप्रथम महिला पत्रकार प्रतिष्पर्धामार्फत निर्वाचित भएको पहिलो थियो भने महिला कोटाको शुरुवात पनि यही कार्यकालदेखि शुरु भयो । विक्रम सम्वत २०७१ देखि २०७४ को महेन्द्र विष्टको सभापतित्वमा गठित कार्यसमितिमा समावेशीका कोटामा उपाध्यक्षमा अनिता विन्दु निर्वाचित हुनु भयो । महिला सचिवमा सर्वप्रथम संगीता खड्का निर्वाचित हुनुभयो । त्यस्तै, महिला कोटामा पवन वर्षा शाह, सरिता ढकाल तथा निलिफा सुब्बा निर्वाचित हुनुभयो । पहिलोपल्ट लेखा समितिको समेत विधानसम्मत प्रावधानले २ महिला सदस्य अनिवार्य गरेका कारण थप १ महिला पत्रकारको थप १ पद नीतिगत तहमा सुनिश्चित भएको थियो । जसमा सर्वप्रथम रञ्जना पौडेल निर्वाचित हुनुभएको थियो । खुल्ला प्रतिष्पर्धाबाट सुषमा पौडेल निर्वाचत भएपछि सो कार्यसमितिमा महिला पत्रकारको संख्या ६ पुगेको थियो । सो कार्यसमितिको सुझबुझ र मेहनतका कारण मान्नु पर्छ अहिले हरेक जिल्ला र प्रदेशमा अनिवार्य महिला उपाध्यक्ष र महिला सदस्यहरुको प्रावधान राखेपश्चात नेपाल पत्रकार महासंघमा महिला पत्रकारको उपस्थिति नीतिगत लगायतमा केही हदसम्म सुरक्षित भएको छ । सोही कार्यसमितिका महिला संयोजक अनिता विन्दुको नेतृत्वमा तेस्रो महिला पत्रकार सम्मेलन समेत आयोजना गरिएको थियो ।

समग्रमा नेपाल पत्रकार महासंघको गरिमामय इतिहासका शुरुवाती दिनहरुमा महिला पत्रकारहरुको उपस्थिति झिनो भएतापनि विगतको तुलनामा अहिले महिला पत्रकारको उपस्थितिमा विगतका महिला पत्रकारहरुको नेतृत्वको परिपक्वता, तिनीहरुका क्षमता र महासंघमा महिलाको उपस्थितिको आवश्यकताले तत्कालीन नेतृत्वलाई समझदारीमा ल्याउन अर्थपूर्ण योगदान दिएको थियो । विगतमा राधा बुढाथोकी, निर्मला शर्मा, यशोदा तिम्सिना तथा अनिता विन्दु लगायतको नेतृत्वले कहिले महिला पत्रकार सम्मेलन त कहिले महिला पत्रकारलाई व्यवसायिक र क्षमता विकास लगायतका तालिम त कहिले नेतृत्वमा महिला पत्रकारको उपस्थितिका लागि बैठकहरुमा एजेण्डा प्रस्तुतिकरण, सहजीकरण र सम्बोधनका लागि आवाज बुलन्द गरेका कारण आजका दिन महिला पत्रकारका लागि नेपाल पत्रकार महासंघको कार्यकारिणीमा महिला पत्रकारको उपस्थिति क्रमशः बाक्लिँदै गएको छ । महिला पत्रकारका हित र व्यवसायिक लगायतका सुरक्षाका लागि महिला पत्रकारको नीतिगत तह सहितका पदहरु महिला पत्रकारका लागि आकर्षक बनेका छन् । पत्रकारिता क्षेत्रमा महिला पत्रकारसँग प्रत्यक्ष सरोकार राख्ने चाहे त्यो लैंगिक हिंसाका विषयवस्तु होस् वा महिला पत्रकारको व्यवसायिक सुरक्षाका लागि आवश्यक भौतिक संरचना लगायतका अवयवहरु र सोको सुनिश्चितताका लागि महिला पत्रकार स्वयंले आवाज बुलन्द गरी नीति निर्माण र सोको कार्यान्वियनका लागि पहल गर्नुपर्ने विधिसम्मत कार्यका लागि महिला पत्रकारको उपस्थिति नेपाल पत्रकार महासंघमा हुनुपर्छ भन्ने सोचको विकास महिला पत्रकार माझ मौलाएको छ ।

अन्तमा विचारणीय पक्ष के पनि हो भने नेपाल पत्रकार महासंघको कार्यसमितिले अझै पनि महिला पत्रकारको नेतृत्व राज्यले दिएको ३३ प्रतिशतको अनिवार्य उपस्थितिलाई आत्मसात गर्न सकेको छैन । कुल नेतृत्वमा महिला पत्रकारको नेतृत्व १२ प्रतिशत रहनाले विगतको निरंकुश शासन व्यवस्थादेखि लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संयन्त्रमा समेत महिलाको नेतृत्वको सहभागिताप्रति खासै उदार हुन नसकेको प्रमाणित हुन्छ । जिल्ला र प्रदेशमा महिला उपाध्यक्षको अनिवार्य प्रावधान रहेतापनि केन्द्रमा भने अनिवार्य महिला उपाध्यक्षको उपस्थितिबारे तत्कालीन विधान संशोधन समिति समेत गम्भीर नरहेको प्रमाणित हुन्छ । आशा गरौं हालको कार्यसमितिले आगामी दिनको विधान संशोधनमा, अनिवार्य महिला उपाध्यक्ष लगायत रुपान्तरित समावेशी लोककल्याणकारी समाजको निर्माणार्थ दलित, आदिवासी जनजाति तथा मधेशी लगायत सिमान्तकृत वर्ग समुदायका महिला समेतलाई समेट्ने छ । पत्रकारिता समाज कल्याणका लागि पनि हो । समाज विकासले समग्र राष्ट्रको सर्वाङ्गीण विकासलाई उद्वेलित गर्छ भने शान्ति तथा पुनर्निर्माणको आधारस्तम्भ सामाजिक सद्भाव कायम गर्ने माध्यम पनि बन्छ र हो पत्रकारिता । तसर्थ पत्रकारिता क्षेत्रको नेतृत्वमा रुपान्तरित समाज र राज्यको परिकल्पना अनुरुपको विधान बनाउनु अहिलेको कार्यसमितिको जिम्मेवारी पनि ठहर्छ ।

**amatyameera@gmail.com**

(राजभण्डारी नेपाल पत्रकार महासंघ लेखा समिति सदस्य हुनुहुन्छ)

# पत्रकार महिला ३३ प्रतिशत खोई ?

**पत्रकारितामा महिला संख्या कम हुनु अर्थात नबढ्नुमा एउटा कारण सञ्चार माध्यममा प्रवेशदेखि नै समस्याका खाडल हुनु पनि हो । महिलालाई पत्रकारिता क्षेत्रमा प्रवेशको ढोका नै एकदमै साँघुरो छ । त्यही साघुरो ढोकाबाट छिरेर पनि वर्षेनी पत्रकारितामा सयौं महिलाहरू आएका छन् । विडम्वना, पत्रकारितामा टिकेर बस्नसक्ने अवस्था छैन ।**



अमृता अनमोल

संविधानले राज्यका हरेक तह र तप्कामा ३३ प्रतिशत महिला सुनिश्चित गरेको छ । यही सुनिश्चितताका लागि लोकसेवा आयोगदेखि शिक्षा आयोगसम्मले महिलाको संख्या बढाउन आरक्षण सिटबाट पदपूर्ति गरिरहेका छन् । निजी क्षेत्रमा समेत यो नियम लागू गराउन संघसंगठनबाट दवाव जुटिरहेको छ । स्थापित संघसस्थाले नियम पालना गरेका छन् । अरू गर्ने क्रममा छन् । तिनकै समाचार लेख्ने र वकालत गर्ने सञ्चारमाध्यमले भने अहिलेसम्म ३३ प्रतिशत महिला संख्या पुराउनेबारे बहससम्म पनि गरेको छैन । यसले गर्दा सञ्चारमा महिला संख्या उल्लेख्य रूपमा बढेको छैन । पत्रकारिता गर्ने महिलाकै कुरा गर्ने हो भने त कुल पत्रकारको संख्यामा पुगनपुग १२ प्रतिशत मात्रै छ । यो पनि पत्रकार महासंघले सदस्यता दिने घेरा फराकिलो बनाएर मात्रै हो । पत्रकार महासंघले सदस्यता दिएपनि सञ्चार मालिकहरू वा सम्पादकले पत्रकारको काम दिएका महिलाको संख्या धेरै कम छ । कुनै आरक्षण वा प्रोत्साहनको व्यवस्था नहुँदा पत्रकारितामा महिला आउन र आएकालाई टिक्न दुबै समस्या छ ।

भनिन्छ समाचार आवाजविहीनहरूको आवाज हो । सञ्चारमाध्यम आवाजविहीनहरूको आवाजलाई समाजसँग जोड्ने पुल हो । समाजलाई मार्गनिर्देश गर्ने र जनमत सिर्जना गने एउटा सशक्त माध्ययम पनि सञ्चार माध्यम नै हो । जतातत‍ै

समान सहभागिताको कुरा उठिरहेका बेला यस्तो संवेदनशील र सशक्त क्षेत्रमा समान सहभागिताको छलफल किन चल्दैन ? लैंगिक हिसावले महिला सहभागिताको कुरा किन उठ्दैन ? राज्यले बनाएको नियम पनि सञ्चारमाध्यमहरूले किन पालना गर्दैनन् होला ? अरूलाई नियम पालना गरे गरेनन् भनेर हेर्ने र निगरानी राख्ने सञ्चारमाध्यममै महिलाको संख्या नपुराउनु लाजमर्दो कुरा हो । यस्तोमा सञ्चार माध्यममाथि निगरानी कसले गर्ने ? यो अहिलेको गम्भीर प्रश्न हो ।

उसो त आरक्षणबिना पनि वि.सं २००८ सालमा नेपाल महिला संघको सहयोगमा महिलाद्वारा निकालिएको महिला मासिकबाट शुरू भएको सञ्चारमा पत्रकार महिलाको आगमन बढ्दै गएको छ । लेखकीय क्षमताका लागि भन्दा सुरिलो आवाज र सुन्दर अनुहारका लागि सञ्चार माध्यमहरूले महिलाको खोजी गरेका छन् । यसो भन्नुको मतलब सञ्चार माध्यममध्ये आवाजका लागि रेडियो र अनुहार र आवाजका लागि टेलिभिजनको बढ्दो संख्याले पत्रकार महिलाले ठाउँ पाएका छन् । रेडियो र टेलिभिजनले स्वर सन्तुलन र आकर्षणका लागि महिला सहभागिता गराएका छन् । समाचार पढ्नु वा कुनै कार्यक्रम प्रस्तुत गर्न पाउनु महिलाका लागि अवसर हो तर यो अवसरले पत्रकारितामा खासै ठूलो अर्थ राख्दैन । भरेको मानु र अड्कलेको खर्च चलाएजस्तै मात्र हो । जबसम्म सम्वाददाता, सम्पादक वा कार्यक्रम उत्पादक महिला हुँदैनन् उनीहरूले सन्देश वा समाचारमा समावेशी बनाउन सक्दैनन् । आवाजविहीनको आवाज उठाउन र सञ्चारमाध्यममा आफ्नो अस्तित्व कायम राख्न सक्दैनन् । बुद्धिमत्ता प्रयोग गरेर मात्रै पेशा अंगाल्न सकिने पत्रकारितामा सम्वाददाता, सम्पादक वा कार्यक्रम उत्पादक महिला संख्या नहुनु योग्यता वा क्षमता नहुनु होइन । महिलाको क्षमतामाथि सञ्चारमाध्यमले अविश्वास गर्नु हो । सञ्चारमाध्यम महिलामैत्री नहुनु हो । सञ्चारमाध्यमले राज्यको नियम पालना नगर्नु हो । संविधानको अपमान गर्नु हो । त्यसो हो भने के सञ्चारमाध्यम राज्य र संविधानभन्दा माथि छन् ? यसबारे पनि बहस हुन जरूरी छ ।

पत्रकारितामा महिला संख्या कम हुनु अर्थात नबढ्नुमा एउटा कारण सञ्चारमाध्यममा प्रवेशदेखि नै समस्याका खाडल हुनु पनि हो । महिलालाई पत्रकारिता क्षेत्रमा प्रवेशको ढोका नै एकदमै साँघुरो छ । त्यही साँघुरो ढोकाबाट छिरेर पनि वर्षेनी पत्रकारितामा सयौं महिलाहरू आएका छन् । विडम्वना ! पत्रकारितामा टिकेर बस्नसक्ने अवस्था छैन । सञ्चारमाध्यममा लैंगिकमैत्री नीति नहुनु र भएकाले पनि पालना नगर्नुले यस्तो समस्या निम्ताएको छ । लगानीकर्ताको सोच, सहकर्मी पुरूष साथीको व्यवहार, लेखकीय स्वतन्त्रता, कामको जिम्मेवारी तथा अवसर, तलव, सुबिधा, पदोन्नति आदिले पनि अत्यन्तै प्रभाव पारेको छ । यसले गर्दा केही गरौं भन्ने जोश र जाँगर लिएर पत्रकारितामा होमिएका धेरै महिलाको जोश जाँगर हराउँछ र पेशाप्रति नै नैराश्यता जन्माएको छ । केही अवसर पाएका महिलाका लागि पनि समकक्षी साथीको व्यवहारले तनावमा ल्याउने र एक्लाउने गरेका घटना धेरै छन् । समान काममा असमान पारिश्रमिक पाउने पत्रकार पनि महिला नै हुन् । यसमा कसले निगरानी र अनुगमन गर्ने ? राज्यको दायित्व प्रमुख हो । सञ्चारमाध्यममा महिला सहभागिताबारे अहिलेसम्म बहससम्म नगरेको राज्यलाई घच्घचाउनु एकातिर छ, पत्रकारको छाता संगठनलाई दायित्ववोध गराउनु अर्को कदम देखिएको छ ।

हुन पनि पत्रकार महासंघ आफै लैंगिकमैत्री अझै बनेको छैन । सदस्यताको घेरा बलियो बनाएपनि महासंघकै संरचनामा ३३ प्रतिशत महिलाको सुनिश्चितता अझै भएको छैन । यो पनि महासंघले पत्रकार महिलालाई नपत्याए जस्तो भएको छ । महिलाको क्षमतामाथि अविश्वास गरेजस्तै भएको छ । पत्रकार महासंघले आफ्नो विधानमार्फत समितिमा ३३ प्रतिशत महिला त्यसमध्ये पदाधिकारी अध्यक्ष, सचिव र कोषाध्यक्षमा एक जना महिला राख्ने गरी सुनिश्चितता गर्नु पर्छ । यसपछि महासंघकै अगुवाईमा सञ्चार माध्यमभित्र र पत्रकारबीचमा ३३ प्रतिशत महिलाको सुनिश्चितता गर्नुपर्छ । सबैका समस्याको जनवकालत गर्ने पत्रकारिता क्षेत्रमा पत्रकार महिलाको संख्या र अवसरमाथि खेलवाड गर्नु हुँदैन । सामाजिक विभेदविरूद्ध काम गर्ने र आवाज उठाउने सञ्चार माध्यम र पत्रकारको हकहितको वकालत गर्ने पत्रकार महासंघ दुबैले महिला सहभागिता बढाउन र पत्रकार महिलालाई टिकाउन योजना बनाउनु पर्छ । पत्रकार महिलालाई प्रोत्साहन र अवसर दिन नयाँ कार्य योजना बनाउनु पर्छ ।

**(अनमोल नेपाल पत्रकार महासंघको केन्द्रीय पार्षद हुनुहुन्छ)**

# सञ्चारमा महिला सहभागिता न्यून

**हुन त पत्रकारिता पेशा महिला र पुरुष नभनिकन गरिने चुनौतीपूर्ण पेशा हो । यति हुँदाहुँदै पनि केही समयको निम्ति महिलालाई विशेष प्रकारका तालिम र अवसरको खाँचो छ । महिला पत्रकारले पनि समसामयिक मुद्दामा अध्ययन गरी अपडेट भइरहने, दह्रो आँट र विश्वास बोकेर जिम्मेवारी निभाउने गरेमा पक्का पनि महिला पत्रकारिता फस्टाउन सक्छ ।**



**अछरी पोखरेल**

सञ्चारमाध्यममा महिला सहभागितालाई तीनवटा पक्षसित जोडेर हेर्न जरूरी छ । सञ्चारमाध्यमले महिलाहरूलाई कसरी उपयोग गर्दछन् ? कसरी प्रस्तुत गर्दछन् र महिलाहरूले सञ्चार माध्यमलाई कसरी चलाउने अवसर वा नेतृत्व पाएका छन् भन्ने कुरालाइ विश्लेषण गर्न सकिन्छ । महिलाको सहभागिता भएर मात्र हुँदैन, सञ्चारमाध्यमको नीतिनिर्माण तहमा कति महिला पुगेका छन् भन्नु मुख्य कुरा हो ।

नेपाल पत्रकार महासंघमा १३ हजार ५० जना पत्रकार मध्य २ हजार ३ सय ५४ जना मात्र पत्रकार महिलाको संख्या छ । त्यसैगरी सम्पादक पदमा पुगेका ३२ जनामात्र महिला छन् र १ हजार ५० पार्षदमध्य ५३ जना मात्र पार्षद महिला छन् । यसबाट पनि महिलाको न्यून सहभागितालाई प्रष्ट पारेको छ ।

विगतको तुलनामा सञ्चारमाध्यममा महिलाको सहभागिता बढ्दै गएतापनि विद्युतीय सञ्चारमाध्यममा भन्दा छापामा महिलाको संख्या न्यून छ । एफएममा कार्यक्रम सञ्चालिका होस् वा टेलिभिजनमा रिपोर्टिङमा होस् महिलाको उल्लेख्य सहभागिता देखिन थालेको छ । जिम्मेवारी पाएमा महिलाले पनि पुरुष सरह काम गर्न सक्छन् भन्ने कुरालाई महिलाले प्रमाणित गरेर देखाएका छन् ।

तर पनि महिलाले मात्र खोलेका एफएममा बाहेक पुरूषद्वारा खोलिएका एफएममा स्टेसन मेनेजर महिला छैनन् । नेतृत्वमा पनि महिलाको संख्या न्यून छ । पत्रकार महासंघको केन्द्रमा महिला अध्यक्ष भएको इतिहास छैन । यस्तो किन भयो त ? महिला नै कमजोर भएर हो वा पुरूषले अवसर नै नदिएर हो ? विश्लेषण गर्न जरूरी छ । महिला कमजोर भएर हो भने महिलालाई

सक्षम बनाउने कसरी ? ती बाटाहरू खोज्नु पर्‍यो । महिला स्वयं र सञ्चारगृहले पनि महिलाको क्षमता अभिवृद्धितर्फ चासो दिनु पर्‍यो । महिला स्वयं पनि अपडेट हुने र अध्ययनशील र क्रियाशील हुन जरूरी छ ।

अस्मिता महिला प्रकाशन गृहले गरेको सर्वेक्षणका आधारमा सञ्चारमाध्यममा महिला सहभागिताको तथ्यांक यसप्रकार रहेको पाइन्छ । पत्रपत्रिका र समाचार एजेन्सीमा १३ वटा मिडियाका ६ सय २७ जनामध्ये ८.९२ प्रतिशत महिला र ९१.०७ प्रतिशत पुरूष रहेको जनाइएको छ । यसैगरी रेडियो प्रसारणका ८ वटा संस्थामा ४ सय १३ जनामध्य २९.०५ प्रतिशत महिला र ७०.९५ प्रतिशत पुरूष रहेको जनाइएको छ ।

यसैगरी २ वटा टेलिभिजन प्रसारण संस्थामा २ सय २४ जनामध्य ३०.८ प्रतिशत महिला, ६९.१९ प्रतिशत पुरूष रहेको तथ्यांक छ ।

यसैगरी सोही संस्थाले गरेको अनुगमनमा प्रकाशन गृहमा ९४ प्रतिशत पुरूष, ६ प्रतिशत महिला, टेलिभिजनमा ८३.१९ प्रतिशत पुरूष, १६.८१ प्रतिशत महिला रहेको पाइन्छ भने रेडियोमा ८६.२७ प्रतिशत पुरूष, १३.७३ महिला संलग्न भएको देखिन्छ ।

यी माथिका सबै तालिकाबाट विगतको तुलनामा महिलाको संख्या बृद्धि भएतापनि पुरूषको तलुनामा महिलाको संख्या न्यून नै रहेको प्रष्ट हुन्छ । यसरी पछि परेको महिला पत्रकारितालाई पुरूषसरह बनाउनको निम्ति राज्यले महिला केन्द्रित विशेष कार्यनीति तय गर्न सकेमा मात्र पत्रकारितामा महिला पुरूषको समविकास हुन सक्छ ।

नेपाली पत्रकारितामा महिलाको उपस्थिति राजधानी र स्थानीय तहमा एकदमै फरक देखिन्छ । मोफसलमा अहिले पनि पत्रकारितालाई मूल पेशा बनाएर आएका महिलाहरूको संख्या एकदम कम छ । पुरूषहरूले पत्रकारिताका साथै अन्य पेशा पनि अंगाल्न सक्ने र महिलाले सामाजिक संस्कार र व्यवहारिक कठिनाइका कारण अन्य पेशा र पत्रकारितालाई सँगसँगै लैजान सक्ने वातावरण छैन । त्यसकारण सञ्चारमा महिला सहभागितामा कमि भएको हो ।

सञ्चारमाध्यममा पत्रकार महिलाको स्थानलाई केलाएर हेर्दा छापा वा विद्युतीय सञ्चारमाध्यममा एकाध छोडेर पत्रकार महिलाको स्थान सम्वाददातामा नै सीमित छ । मोफसल वा राजधानीबाट प्रकाशित पत्रिकामा कमैमात्र महिलाको बाइलाइन आउने गर्दछ । कमैमात्र महिलाले लेखेका समाचार प्रमुख वा पहिलो पृष्ठमा छापिन्छन् । प्रायः महिलालाई अर्थ, राजनीति, शिक्षा, खेलकुद जस्ता बिट दिइँदैन र महिला बिटमा नै सीमित गरिन्छ । सञ्चारसँग सम्बन्धित संस्थामा पनि महिला सहभागिता न्युन रहेको पाइन्छ । नेपाल पत्रकार महासंघमा उपाध्यक्ष पदमा १ जना महिलाको उपस्थिति अनिवार्य गरिए तापनि वर्तमान कार्यसमितिमा महिला उपाध्यक्ष पद नै हटाइएको छ । यसरी हटाउनुको कारण के ? पत्रकार महिलाले प्रश्न गर्ने बेला आएको छ । अनि कसरी पत्रकार महिलाको सहभागितामा बृद्धि हुन्छ ? महिलाले अध्यक्ष पाउन त आकाशको फल आँखा तरी मर जस्तो पो छ त ।

नेपाल पत्रकार महासंघमा महिलाको पहुँचलाई खोतलेर हेर्दा केन्द्रदेखि जिल्लासम्म एकाध बाहेक कोही पनि महिलाले अध्यक्षको पद सम्हाल्ने अवसर पाएका छैनन् । महासंघको स्थापनादेखि हालसम्म केन्द्रीय नेतृत्वमा २१ जनाले अध्यक्ष हुने अवसर पाउँदा एउटा पनि महिला परेका छैनन् । यशोदा तिम्सिना र शुभेच्छा विन्दु २ जना महिला केन्द्रीय उपाध्यक्षमा पुग्नु भयो । तर अबका दिनमा त्यो पद नै कटौती गरिएका कारण महिला उपाध्यक्ष पनि बन्ने सम्भावना छैन ।

यसरी किटान गरिएको महिला उपाध्यक्षको पद कटौती गर्नले पनि महिलालाई नेतृत्व दिन कन्जुस्याई गरेको प्रष्ट हुन्छ । एकजना महिला सचिव किटान गरेकाले लक्ष्मी पुनले वर्तमान कार्यसमितिको सचिवको पद सम्हाल्ने अवसर पाएकी छिन् । पछि उपाध्यक्ष हटाएजस्तै सचिव पनि हटाउन बेर छैन । पत्रकार महिला चनाखो बन्नु पर्दछ ।

वि.सं. २०५२ सालको निर्वाचनमा राधा बुढाथोकी निर्विरोध उपाध्यक्षमा चुनिएकी थिइन् । केन्द्रीय सदस्यमा शोभा गौतम, निर्मला शर्मा, विष्णु शर्मा, जसुदा प्रधान, हरिकला अधिकारी, दुर्गा कार्की, र गौरी कठायत, मधु शाही जानुका बराल, सिर्जना अर्याल, श्वेता सिंह, मीरा राजभण्डारी बाहेक अरू महिला महासंघको नेतृत्वमा पुग्न सकेका छैनन् । जबसम्म पितृसत्तात्मक सोचको अन्त्य हुँदैन, तबसम्म पत्रकार महासंघजस्तो पवित्र थलोमा पनि महिला पुग्न सक्दैनन् ।

पत्रकारिता पेशा नै चुनौतीपूर्ण पेशा हो । महिला वा पुरूष दुबैले यसको सामना गर्नै पर्दछ । यति हुँदाहुँदै पनि महिलाले महिला भएकै कारण केही फरक समस्या भोग्न बाध्य छन् । महिला भएकै कारण प्रकृतिले सन्तान जन्माउने जिम्मा महिलालाई दिएको छ । उक्त अवधिमा महिलालाई बढी आराम चाहिन्छ र पुरूष समान कार्य गर्न नसक्दा जागिरबाट नै हात धुनु परेका थुप्रै उदाहरण छन् । त्यस्तै महिलालाई यौन दृष्टिले हेर्दा पनि महिलाले विभिन्न खाले चुनौतीसँग सामना गर्न बाध्य हुन्छन् । यो पेशामा महिलालाई टिकाइराख्न आकर्षक पारिश्रमिक पनि हुनु पर्दछ । घरपरिवारमा खाना बनाउने खुवाउने, घर सफा गर्ने, लुगा धुने, बच्चा स्याहार गर्ने जस्ता काम सँगसँगै पत्रकारिता गरेका महिलाहरू पारिश्रमिकको अभाव र घरपरिवारको दवावमा यो पेशा छोड्न बाध्य हुन्छन् । साँझबिहान नभनिकन खट्नुपर्ने र यो पेशाबाट पालिन नसकेपछि विकल्प खोज्नुपर्ने बाध्यता केन्द्र भन्दा मोफसलमा बढी पाइन्छ । यसको निम्ति महिलालाई सुत्केरी बिदा दिनु पर्दछ र बच्चा सानो छँदा सञ्चारगृहले बालगृहको पनि व्यवस्था गरिदिएमा महिलाले यो पेशालाई निरन्तरता दिन सक्दछन् ।

विभिन्न कारणले गर्दा पत्रकार महिला पलायन हुन बाध्य हुन्छन् । घरपरिवार, समाज, राज्य र काम गरिरहेका सञ्चार गृहबाट सहानुभूति, सहयोग, प्रेरणा नपाउनु । सञ्चारगृहमा महिलामैत्री वातावरण नहुनु, महिलासँग यौन प्रसंग गाँसिनु, पारिश्रमिक र सुत्केरी बिदा नपाउनु । महिला स्वयंमा धैर्य, सहनशील, संघर्षशील, अध्ययनशील जस्ता गुणको कमी हुनु । राज्यद्वारा महिला लक्षित विशेष कार्यक्रम नहुनु जस्ता कारणले पत्रकार महिला पलायन हुन बाध्य छन् ।

हुन त पत्रकारिता पेशा महिला र पुरूष नभनिकन गरिने चुनौतीपूर्ण पेशा हो । यति हुँदाहुँदै पनि केही समयको निम्ति महिलालाई विशेष प्रकारका तालिम र अवसरको खाँचो छ । महिला पत्रकारले पनि समसामयिक मुद्दामा अध्ययन गरी अपडेट भइरहने, दह्रो आँट र विश्वास बोकेर जिम्मेवारी निभाउने गरेमा पक्का पनि महिला पत्रकारिता फस्टाउन सक्छ । पत्रकारितालाई नै पेशा बनाएर आएका महिलाहरूलाई राज्यले टिकाइराख्ने वातावरणको सिर्जना गर्नु आजको आवश्यकता हो । हुन त पत्रकारितामा आरक्षण खोज्नु हुँदैन । क्षमता र दक्षताको भरमा काम गरिनु पर्दछ । संख्यात्मक भन्दा गुणात्मकलाई जोड दिनु पर्दछ तर यति हुँदाहुँदै पनि सदियौंदेखि पछाडि पारिएका महिलाहरूलाई पुरूषसरह पत्रकारितामा आउन सक्ने वातावरण बनिसकेको छैन । तसर्थ राज्यद्वारा पुरूषसरह पत्रकारितामा ल्याउनका निम्ति महिलाकेन्द्रीत विशेष प्रकारका क्षमता अभिवृद्धि सम्बन्धी तालिम र अवसर पाएमा पक्का पनि महिला पत्रकारिताले निरन्तरता पाउन सक्ने थियो । तीव्रगतिमा विकास भएको सञ्चारको युगमा महिलाको उत्साहजनक सहभागितालाई टिकाइराख्न घरपरिवार, सञ्चारसंस्था, राज्य र महिला स्वयंको अहम् भूमिका हुने गर्दछ । त्यसैले सम्बन्धित सबैले संख्यात्मक भन्दा पनि गुणात्मक विकासमा जोड दिने हो भने पक्का पनि सञ्चारमाध्यममा रहेका पत्रकार महिलाको न्यून उपस्थितिमा कमी आउने थियो कि ?

**(पोखेल नेपाल पत्रकार महासंघ बाँके शाखाका केन्द्रीय पार्षद हुनुहुन्छ)**

# खाद्य स्वच्छता तथा गुणस्तर अभियान

## "हामी सबैको सरोकार, खाद्य पदार्थमा स्वच्छता र गुणस्तर"

# सुरक्षित खानाको लागि पाँच सन्देश



### १. सरसफाई राख्ने

- खाना छुँदा र खाना बनाउँदा सफा हुनेगरी हात धुने ।
- चर्पी गइसकेपछि साबुन पानीले हात धुने ।
- खाना बनाउँदा प्रयोग गरिने सामग्रीहरु सफा हुनेगरी धुने ।
- भान्सा र खानेकुरामा किरा, मुसा तथा अन्य जीव छिर्न नदिने ।

### २. स्वच्छ पानी र खाद्यवस्तु मात्र प्रयोग गर्ने

- स्वच्छ पानी प्रयोग गर्ने तथा प्रशोधन गरी सुरक्षित बनाउने ।
- ताजा र पौष्टिक खाद्यवस्तुहरु प्रयोग गर्ने र खाने बानी बसाल्ने ।
- प्रशोधन गरी सुरक्षित गरिएका पाश्चराइज्ड दूध जस्ता खाद्यवस्तु सेवन गर्ने ।
- फलफूल तथा तरकारी जस्ता नपकाई खाने खानालाई सफा र स्वच्छ पानीले धुने ।
- उपभोग्य मिति नाघिसकेका खानेकुराहरु नखाने ।






### ३. राम्ररी पकाउने

- माछा, मासु तथा अण्डा जस्ता खानेकुरालाई राम्ररी पकाउने ।
- तरकारी, सुप तथा अन्य पेय खाद्यवस्तुहरुलाई ७०°C तापक्रम भन्दा बढी तताउने ।
- माछा, मासुलाई राम्ररी पाक्ने गरी पकाउने ।
- खानालाई राम्ररी तताएर मात्र खाने ।

### ४. पकाएको र नपकाएको खाद्यवस्तुहरुलाई छुट्टाछुट्टै राख्ने

- नपकाएको माछा तथा मासु जस्ता खाद्यवस्तुहरुलाई छुट्टाछुट्टै राख्ने ।
- नपकाएका खानेकुराका निम्ती प्रयोग गरिने चक्कु, चपिङबोर्ड जस्ता सामग्रीहरु छुट्टाछुट्टै प्रयोग गर्ने ।
- पकाएको र नपकाएको खाद्यवस्तुहरुलाई नमिसिनेगरी छुट्टाछुट्टै भाँडामा राख्ने ।






### ५. खानालाई सुरक्षित तापक्रममा राखी संरक्षण गर्ने

- सामान्य तापक्रममा खानालाई दुई घण्टा भन्दा बढी नराख्ने ।
- पकाएको तथा चाँडै बिग्रने खानालाई ५°C भन्दा कम तापक्रममा रेफ्रिजेरेटरमा राख्ने ।
- ६०°C भन्दा तातो खाना खाने वा अरुलाई दिने ।
- रेफ्रिजेरेटरमा समेत खानालाई लामो समयसम्म नराख्ने ।
- चिसोमा राखेको खानालाई तत्काल नै तताउने र सामान्य तापक्रममा नराख्ने ।

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं
फोन : ०१-४२६२३६९, ४२६२७४१, फ्याक्स : ०१-४२६२३३७, वेब : www.dftqc.gov.np

# समानतामैत्री सञ्चार अबको आवश्यकता

**महिलाहरूको उपस्थितिका लागि पछिल्लो समय जसरी समावेशी कोटा प्रणाली हरेक क्षेत्रमा छ र त्यो सञ्चार क्षेत्रमा पनि भएको हुनाले खाली कोटा पूरा गर्नका लागि मात्र समावेश गरेको भन्ने सोचाई जोकसैलाई छ । त्यो चिर्नका लागि पनि महिलाले गरेर देखाउनुपर्ने बेला आएको छ ।**



चाँदनी आचार्य

१६ वर्ष भो पत्रकारिता क्षेत्रमा मैले प्रवेश पाएको । २०५९ साल माघ महिनामा पहिलोपटक बाइलाइन समाचार आउँदा कम्ति जोशिएकी थिइन म । स्थानीय पत्रिकाबाट शुरू भएको मेरो पत्रकारिता २०६१ मा एफएम रेडियो सञ्चालनमा आएपछि रेडियोमा लामो समय काम गर्ने अवसर जुरयो र अहिले पनि निरन्तर छ । २०५९ सालदेखि काम गर्दै हालसम्म आउदा धेरै चुनौती पार गर्नुपरेको अनुभव छ ममा । कैलालीदेखि अध्ययनका सिलसिलामा नेपालगञ्ज पुगेकी मैले आफनो पत्रकारिता क्षेत्रमा करियर नेपालगञ्जबाट नै शुरू गरेकी हुँ । नेपालगञ्जमा ६,७ वर्ष काम गरेर आफ्नो छुट्टै पहिचान बनिसकेको अवस्थामा विवाहपछि कैलालीको मेरो बसाई पत्रकारिता क्षेत्रमा जम्न र त्यो पहिचान पाउन फेरि कसरत गर्नुपर्ने भयो ।

१६ वर्षको मेरो यात्रामा मेरो भूमिकाले कसैको जीवनमा परिवर्तन आएको छ । कसैले सकरात्मक बाटो अँगालेको छ त कसैले न्याय पाएको छ भने कसैको सम्बन्धित निकायमा पहुँच पुगेको छ । जीवनमा सबैभन्दा ठूलो सन्तुष्टि र कमाई भनेको नै यही हो मेरा लागि । जनयुद्धका बेला राज्य पक्ष र विद्रोही पक्षको बीचमा रहेर गर्दाको पत्रकारिता, देशमा राजतन्त्र हुँदा र राजाले प्रत्यक्ष शासन चलाउँदा सैनिक घेराभित्र रहेर गरेको पत्रकारिता अनि २०६२/०६३ को जनआन्दोलनका बेला गरिएको पत्रकारितालाई सम्झिँदा साँच्चै नै कति कठिन परिस्थितिसँग जुधेका रहेछौं र निष्पक्ष कलम चलाएका रहेछौं । गर्व महशुस हुन्छ अहिले । डेढ महिनाको बच्चा बोकेर समेत काम गरियो । यसरी गहिरिदै जाने हो भने कति छन् कति तीतामिठा

अनुभवहरू जीवनमा । अहिलेसम्म आइपुग्दा न कुनै स्वार्थमा परियो न त कसैको चाकडी नै गर्न जानियो । निष्पक्षरूपमा जे देखियो, त्यो लेखियो र बोलियो पनि । यो प्रसंगलाई किन पनि जोड्न खोजेको भने मैले जस्तै धेरै समस्या र चुनौतीसँग परेड खेल्दै आम पत्रकार महिलाहरू अगाडि बढेको अवस्था हो । पेशागत दायित्व निर्वाह गर्ने क्रममा कति पत्रकार महिलाहरूले धम्की खेप्नु पर्‍यो ? कतिले मृत्युवरण गर्नुपर्‍यो ? कतिले परिवारबाट अलग हुनु पर्‍यो ? कतिले मानसिक तनाव खेप्नु पर्‍यो ? खै त्यसको कहिल्यै मूल्याङ्कन भएको छ ? हिजो देश जुन संकटमा थियो, त्यतिबेला पत्रकार महिलाहरूको पनि कलम कमजोर भएन । देश र जनताका लागि, दिगो शान्तिका लागि, समग्रमा नयाँ नेपाल निर्माणका लागि सदन र सडकबाट पहरेदारको भूमिका निर्वाह गरिरहे ।

समयक्रमसँगै देशमा जुन खालको परिवर्तन र व्यवस्था आएको छ, त्यसमा कहीं न कहीं राज्यको चौथो अंग सञ्चारमाध्यमको पनि अहम् भूमिका रहेको छ । परिवर्तनको सम्वाहक बनेको सञ्चार माध्यममा पुरूष पत्रकार मात्र जोडिएका छैनन्, महिला पत्रकार पनि छन् र भूमिका पनि उत्तिनै महत्वपूर्ण रहेको छ । आवाजविहीनहरूका लागि आवाज बन्दै समाज परिवर्तन र अन्यायमा परेकाहरूको आवाज बुलन्द गर्दै हरेक क्षेत्रमा कलम चलाउने र गाउँबस्ती, टोलटोलमा पुगेर अनेकौं कठिनाई र चुनौतीसँग जुधेका छन् पत्रकार महिलाहरू पनि । समाचारको प्रकृति एउटै हुन्छ, समय एउटै हुन्छ, सञ्चारमाध्यम एउटै हुन्छ तर पुरूष र महिलामा हरेक दृष्टिकोणबाट विभेद हुन्छ अझै पनि । एउटै सञ्चारमाध्यममा काम गर्ने पुरूष र महिला पत्रकारका लागि पारिश्रमिकमा विभेद हुन्छ । पत्रकार पुरूषलाई राजनीतिक बिट, संसदको रिपोर्टिङ, हार्डन्युज रिपोर्टिङमा खटाइन्छ भने महिलालाई औपचारिक कार्यक्रम डेस्कको जिम्मा दिइन्छ । के यो लैंगिक विभेदकारी सोच हैन र ?

त्यतिमात्र कहाँ हो र ? असुरक्षित कार्यस्थल, राति अबेरसम्म काम गर्दा सहकर्मीबाट हुने सेक्सुअल ह्यारेसमेन्ट, मानसिक हिंसा पत्रकार महिलाले भोग्ने समस्या हुन् । पत्रकार महिलामा पनि अझ विवाहितले भोग्नुपर्ने समस्या अलग छन् । पत्रकारितामा कामको कुनै सीमा नहुने र बिदा पनि नहुने हुँदा जतिखेर पनि घरबाट बाहिर निस्कँदा घरपरिवारलाई विश्वस्त पार्नुपर्ने परिस्थिति, घरपरिवार छोराछोरीको जिम्मेवारी सँगसँगै निभाउनुपर्ने वाध्यता छन् । महिलामैत्री सञ्चारगृह नहुँदा महिलाहरूले धेरै समस्या भोग्नु परेको छ । विवाहपछि परिवारलाई दिनुपर्ने समय र सञ्चारमाध्यममा काम गर्दाको समय तालमेल मिलाउनै संघर्ष गर्नुपर्छ । यिनै विविध कारणले कतिपय पत्रकार महिलाहरू नचाहँदा नचाहँदै पनि पेशा छोड्नुपर्ने वा विस्थापित हुनुपरेको छ। पेशालाई निरन्तरता दिन नसक्नु मुख्य चुनौती रहेको छ ।

पछिल्लो समय जसरी देश संघीयताको ढाँचामा छ, त्यसै अनुरूप पत्रकार महिलाहरूको पनि विभिन्न स्थानमा आआफ्नो भूमिका रहेको पाइन्छ । समय क्रमसँगै भएको विद्युतीय र छापा सञ्चार माध्यमको संख्यात्मक विकाससँगै पत्रकारहरूको पनि दिनप्रतिदिन संख्या बढ्दै छ । खास गरेर मोफसलमा रहेका सञ्चारमाध्यमहरू एफएम रेडियो, टेलिभिजन, पत्रिका, अनलाइन पत्रिकामा केही समय काम गर्ने र हराउँदै जाने प्रक्रिया देखिन्छ । यसले के पनि देखाउँछ भने करियरका लागि नभई केही समय रहरका लागि सञ्चारमाध्यममा काम गर्ने रहर पूरा भएपछि छोड्ने गरेको पनि पाइन्छ ।

मोफसलमा सञ्चारमाध्यमको विकाससँगै काम गर्ने पत्रकारहरूका आफ्नै पीडा छन् । त्यसमा पनि अझ पत्रकार महिलाका लागि त झनै । न्यून पारिश्रमिकमा काम गर्नपर्ने, बिना नियुक्ति काम गर्नुपर्ने, लामो समयसम्म पारिश्रमिक नपाउने लगायत थुप्रै समस्या रहेका छन् । स्थानीयस्तरसम्म यसरी सञ्चारको विकाससँग सर्वसाधारण जनताको सञ्चारमा पहुँच पुग्नु सकारात्मक कुरा भए तापनि अव्यवस्थितरूपमा सञ्चालनमा आएका सञ्चारमाध्यमको सही ब्यवस्थापन हुन नसक्नु अर्को समस्या रहेको छ । यसका लागि सम्बन्धित निकायले समयमै विचार पुर्‍याउनुपर्ने देखिन्छ ।

अब थोरै प्रसङ्ग, सुदूरपश्चिम प्रदेशमा पत्रकार महिलाको अवस्थाबारे छोटो जानकारी गराउन चाहन्छु । पत्रकारितामा महिलाहरूको उपस्थिति धेरै भए तापनि नेपाल पत्रकार महासंघबाट सदस्यता पाएकाहरूको तथ्यांक हेर्ने हो भने सुदूरपश्चिम प्रदेशका ९ जिल्लामा जम्मा १२० महिला सदस्य रहेका छन् । सुदूरपश्चिम प्रदेशमा महिला र पुरूष गरी जम्मा ९९६ जना महासंघका सदस्य छन् । ९ जिल्लामध्ये सबैभन्दा बढी कञ्चनपुर शाखामा मात्र ३० जना पत्रकार महिला सदस्य रहेका छन् । यीमध्ये केही पत्रकार महिलाहरू काठमाडौंमा व्यवसायी बनेका छन् भने कतिपय जिल्ला जिल्लामा विभिन्न सञ्चारमाध्यममा ब्यवसायिक पत्रकारिताको भूमिका निर्वाह गरिरहेका छन् । कतिपय नवआगन्तुक पत्रकार महिलाहरू सक्रियरूपमा विभिन्न सञ्चारमाध्यममा कार्यरत छन् तर सदस्यता पाएका छैनन् ।

सधै राज्यबाट पछाडि पारिएको भनिने सुदूरपश्चिम प्रदेशमा पत्रकार महिलाहरूको यो उपस्थिति आशालाग्दो छ । संविधानले दिएको समानताको हकलाई उपभोग गर्दै पत्रकार महिलाहरू पनि अब कुनै कार्यमा पछि हट्नु हुँदैन । दक्षता र क्षमता भएका महिला जुनसुकै परिस्थितिलाई पनि चिर्दै आफ्नो गन्तब्यमा पुग्ने प्रयास गर्नु पर्दछ ।

यतिका समस्या र चुनौतीलाई छिचोल्दै पत्रकार महिलाहरू निष्पक्षरूपमा पेशागत दायित्व निर्वाह गरिरहँदा पनि कतिपय अवस्थामा राज्य र विभिन्न सञ्चारगृहबाट दिइने प्रोत्साहन तथा पुरस्कारमा पुरूषको दाँजोमा महिलाको भूमिकालाइ गौण मानिएको हुन्छ । त्यतिमात्र कहाँ हो र ? कुनै कुनै यस्ता घटना अथवा मुद्दाहरू हुन्छन्, जससँग जोडिएका पक्ष पुरूष पत्रकारसँग भन्दा महिला पत्रकारसँग खुलेर भन्न रूचाउँछन् । समृद्ध नेपाल र सुखी नेपालीको सपना बोकेको संघीय नेपालमा अझै पनि सञ्चार क्षेत्रमा लैंगिक समानता हुन सकेन भने अन्य क्षेत्रमा त झन कसरी सम्भव हुनसक्छ होला र ? समान पहँच र समान विकासमा मिडियाले जसरी सकारात्मक भूमिका खेलेको हुन्छ, त्यस भूमिकामा रहेका पत्रकार महिला र पुरूषको समान भूमिका आवश्यक हुन्छ । पछिल्लो समय धेरै सक्षम पत्रकार महिलाहरू छन् जो राष्ट्रियस्तरका सञ्चारमाध्यममा समेत काम गर्न सक्षम छन् । उनीहरूलाई मात्र अवसरको खाँचो छ । यदि सबै सञ्चारमाध्यममा समतामूलक समाचार सामग्री पस्कने हो भने सञ्चारमाध्यमका हरेका तहमा समानता हुनु जरूरी छ । लैंगिक समानतामैत्री सञ्चारमाध्यम हुनुपर्दछ । राज्यका सबै तहमा जसरी पत्रकार महिलाहरूको उपस्थिति संख्यात्मक मात्र नभई गुणात्मक बृद्धिसँगै पेशागत स्थायित्वका लागि राज्यले बनाउने सञ्चारनीतिमा समेटिनु पर्दछ ।

सबै सञ्चारमाध्यमहरू महिलामैत्री हुनुपर्दछ । कुनै पनि सञ्चारमाध्यमा काम गर्ने पुरूष अथवा महिलालाई लैंगिक विभेद गरिनु हुँदैन । समान कामका लागि समान ज्याला हुनुपर्दछ । कुनै पनि सञ्चारमाध्यमले निर्णायकदेखि तल्लो तहको पदमा समान सहभागितालाई जोड दिनुपर्दछ ।

महिलाहरूको उपस्थितिका लागि पछिल्लो समय जसरी समावेशी कोटा प्रणाली हरेक क्षेत्रमा छ र त्यो सञ्चार क्षेत्रमा पनि भएको हुनाले खाली कोटा पूरा गर्नका लागि मात्र समावेश गरेको भन्ने सोचाई जोकसैलाई छ । त्यो चिर्नका लागि पनि महिलाले गरेर देखाउनुपर्ने बेला आएको छ । निर्णायक भूमिकामा पुरूष रहने र महिलालाई गौणरूपमा लिने सञ्चार क्षेत्रसँग सम्बन्धित बिभिन्न छाता संगठनमा पनि नभएका भने होइनन् । मानसिकरूपमै महिला कमजोर हुन्छन्, निर्णायक क्षमता हुँदैन भन्ने सोच भएका पुरूष साथीहरूले पनि आफ्नो सोचमा परिवर्तन ल्याउनु जरूरी छ । अवसर पाए भने महिला पनि कुनै कुरामा कम छैनन् भन्ने कुरा महिलाहरूले गरेर देखाइसकेका छन् । त्यसैले अब हरेक तहमा नाम मात्रको समावेशी कोटामा महिलालाई जोडेर कमजोर कुरा गर्नु भन्दा पनि निर्णायक भूमिकामा महिलालाई पनि गर्ने अवसर दिनुपर्छ । महिलामैत्री र लैंगिक समानतामा आधारित सञ्चारगृह पनि आजको आवश्यकता हो ।

**(आचार्य नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश समितिको उपाध्यक्ष हुनुहुन्छ)**

# कर्णाली प्रदेशमा पत्रकार महिलाहरूको
# वर्तमान अवस्था र चुनौती

**कर्णाली प्रदेशको संघीय संरचना अनुसार पत्रकारहरूलाई सरकारको चौथो अंगको रूपमा अझै समावेश गराइएको यहाँका पत्रकारहरूले महशुस गर्न पाएका छैनन् । पत्रकार महासंघ कर्णाली प्रदेशको महिला शाखा गठन गर्न सकिएको छैन भने कर्णालीमा हालसम्म कति महिला पत्रकार हामीसँग छन् ? त्यसको तथ्याङ्क समेत हामीसँग छैन ।**



डम्मर आचार्य

भनिन्छ, महिलाहरूले गर्न नसक्ने काम यो विश्वमा केही पनि छैन । महिलाहरू देशका राष्ट्रपति, प्रधानमन्त्री, सेनापति, वकील, डाक्टर, पाइलट लगायतका क्षेत्रमा संलग्न छन् र आ–आफ्नो क्षेत्रमा कुशल अनि दक्ष छन् । यस्तै पत्रकारिता जगतमा पनि महिलाहरूले आफ्नो स्थान राम्रै बनाएका छन् । कहीं सम्पादकका रूपमा त कहीं रिपोर्टर तर कर्णाली प्रदेशको सन्दर्भमा हेर्ने हो भने पहाडी क्षेत्र जहाँ शिक्षा र चेतनाको कमीका कारण महिला पत्रकारहरूले आफ्नो सम्पूर्ण जीवन यसमै व्यतीत गर्न पाइरहेका छैनन् । विद्यार्थी जीवनबाट पत्रकारिता शुरू गरे पनि अन्ततः यहाँका महिला पत्रकारहरू बिहेपछि यो पेशालाई छोड्न बाध्य हुन्छन् । यदि कसैले पेशालाई निरन्तरता दिइहाले पनि दोहोरो जिम्मेवारी बेहोर्न बाध्य छन् यहाँका पत्रकार महिलाहरू । घरपरिवारको जिम्मेवारी, छोराछोरीको जिम्मेवारी तथा आफ्नो पेशाप्रतिको जिम्मेवारीका कारण सबै क्षेत्रमा निपुणता हासिल गर्न सक्दैनन् ।

कर्णाली प्रदेशको भौगोलिक विकटताका कारण महिला पत्रकारहरूलाई पत्रकारिता गर्न निकै कठिन छ । विकट बाटो, यातायातको असुविधा, सुरक्षाको ग्यारेण्टी नहुँदा रहरले शुरूमा पत्रकारिता गर्ने पत्रकार महिलाहरूको जाँगर मर्दै जान्छ । महिला

पत्रकारहरूले कर्णाली प्रदेशमा आफ्नो पेशालाई कसरी अगाडि बढाएका छन् ? त्यो त पेशा अंगाल्नेहरूका अनुभव सुन्दा थाहा हुन्छ । आफूले विगत १२ वर्षदेखि पत्रकारिता गर्दै आएपछि आफ्नो पेशामा चाहेजति काम गर्न नसकेको दुखेसो पोख्छिन् पत्रकार सीता वली । उनी भन्छिन् 'समग्रमा महिलाहरूलाई पत्रकारिता जगतमा टिक्न एकदमै अप्ठ्यारो छ । समाजले हेर्ने दृष्टिकोण, परिवारको असहयोग तथा सहकर्मीहरूको समेत असहयोग महिला पत्रकारहरूलाई छ ।' परिवारले पत्रकारिता क्षेत्रलाई सहयोग गरे पनि पढाइ र छोराछोरीको स्याहार गर्नुपर्दा चाहेजति काम गर्न नसकिएको उनको भनाइ छ । उनी थप्छिन्, 'पत्रकार महिलाहरूले जति राम्रो काम गरे पनि मूल्याङ्कन कम हुन्छ । त्यसमा पनि ठूला मिडिया हाउसमा पत्रकार महिलाको पहुँच कम छ ।'

विगत १५ वर्षदेखि रेडियो नेपालमा करार सेवामा कार्यरत मगर खाम भाषाकी समाचार वाचिका विमला बुढाको अनुभव यस्तो छ । उनी भन्छिन्, 'पत्रकार महिलाहरूका लागि कार्यक्षेत्रमा जाने वातावरण छैन । सुरक्षाको ग्यारेण्टी पनि छैन र कार्यालयको काम र घरपरिवारमा समेत काम गर्नुपर्दा दोहोरो भूमिका निर्वाह गर्नुपर्ने बाध्यता छ ।' त्यस्तै पत्रकार महासंघ कर्णाली प्रदेशकी सदस्य तथा हुम्लामा कार्यरत पत्रकार छपाल लामाका अनुसार हुम्लामा हाल ५ जना महिला पत्रकार मात्र रहेको र समाचार संकलन गर्न जानको लागि समेत हुम्लामा पत्रकारहरूलाई समस्या छ । उनले भनिन्, 'हुम्लामा बिहेअगाडि महिला पत्रकारहरू सक्रिय भएपनि बिहेपछि भने पेशा नै छोड्ने गरेका छन् ।' यस्तै अनुनभव डोल्पाका महिला पत्रकार मनकुमारी हिराचनको पनि छ । उनी भन्छिन्, 'बाटोले नछोएको डोल्पा जिल्लाको सदरमुकाम दुनैमा मात्र ४ जना महिला पत्रकार छन् । त्यसमा पनि भौगोलिक विकटता भएका कारण पत्रकार महिलाहरू घटनास्थलसम्म गएर रिपोर्टिङ गर्न सक्दैनन् । परम्परागत सोचका कारण पुरुष पत्रकारसँग समेत उनीहरू डराउँछन् ।'

यी कर्णालीका प्रतिनिधि पात्र मात्र हुन् । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा रहेर पत्रकारिता गर्ने महिला पत्रकारहरूको अवस्था पनि दयनीय छ । यहाँ महिलाहरूले रातिको समयमा पनि आफ्नो कार्यक्षेत्रमा रहेर काम गर्नुपर्ने बाध्यता छ । तर यसमा कार्यालयले भने सुरक्षाको जिम्मेवारी लिँदैनन् । राति अबेरसम्म कार्यालयमा काम गरेर राति डेरातर्फ फर्कंदा उनीहरूले बाटोमा विभिन्न खालको समस्या भोग्नुपरेको छ । बाटोमा मोटरसाइकलले बाटो छेक्ने, कसैले अपशब्द बोल्ने समेतका कार्य गर्छन् । काम गर्ने सवालमा भएका यी विभेद बाहेक महिला पत्रकारहरूमाथि आर्थिक विभेद पनि छ । पुरूषहरूको तुलनामा महिला पत्रकारहरूको सेवासुविधा समेत कम छ । तालिम गोष्ठीहरूमा महिला पत्रकारहरूलाई कम सहभागी बनाइन्छ । साथै महिला पत्रकारहरूलाई निर्णय तहमा समेत कम सहभागी गराइन्छ ।

कर्णाली प्रदेशको संघीय संरचना अनुसार पत्रकारहरूलाई सरकारको चौथो अंगको रूपमा अझै समावेश गराइएको यहाँका पत्रकारहरूले महशुस गर्न पाएका छैनन् । पत्रकार महासंघ कर्णाली प्रदेशको महिला शाखा गठन गर्न सकिएको छैन भने कर्णालीमा हालसम्म कति महिला पत्रकार हामीसँग छन् ? त्यसको तथ्याङ्क समेत हामीसँग छैन । प्रदेश तथा जिल्ला तहमा अध्यक्ष तथा महासचिव, सचिव पुरूष हुने भएकोले उनीहरूले बनाएको योजनाहरूलाई प्राथमिकताका साथ राख्ने तर महिला पत्रकारहरूले भनेका र बनाएका योजनाहरूलाई गौण ठानी पछि गरौंला भन्दै टार्ने जस्ता प्रवृत्तिले पनि महिला पत्रकारहरूले आफ्नो क्षेत्रमा खासै उल्लेखनीय काम गर्न सकिरहेका छैनन् । केन्द्रदेखि प्रदेश र जिल्लास्तरमा समेत पुरूष पत्रकारहरूको बाहुल्यताका कारण महिला पत्रकारहरूसँगको सहकार्य समेत यो प्रदेशमा न्यून देखिन्छ । वास्तबमै कर्णाली प्रदेशका पत्रकार महिलाहरूले लेखेका समाचारहरूलाई कमै मात्रामा मिडिया हाउसहरूले स्थान दिने गरेका छन् । कतिपय राम्रा विषयमा महिला पत्रकारहरूले समाचार लेखेका छन् भने पुरूष पत्रकारहरूले विभन्नि प्रलोभन देखाई आफ्ना केन्द्रीय मिडियामा छापेर पुरस्कृत भएका घटना पनि हामीसँग छन् ।

**निष्कर्ष**

महिलाहरूलाई पुरूषहरूको तुलनामा आरक्षणको व्यवस्था गर्नुपर्ने, कार्य अनुभवको आधारमा सेवासुबिधा थप गरिनुका साथै त्यहीअनुसारको पदको व्यवस्था गर्न सकेमा सहज हुने महिला पत्रकारहरूको भनाइ छ । साथै पत्रकारिता गर्दै आएका महिलाहरूको लागि अध्ययनमा सहुलियत हुनुपर्ने, निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था हुनुपर्ने देखिन्छ ।

**(आचार्य नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश उपाध्यक्ष हुनुहुन्छ)**

# युद्ध पत्रकारिताको त्यो परिस्थिति पार गर्दा

**सञ्चार एउटै उपकरणको माध्यमबाट हजारौं सैन्यविरुद्ध विजय हासिल गर्ने माध्यम हो । सञ्चार संप्रेषणबाट वैज्ञानिक परिवर्तन ल्याउन सकिन्छ भन्ने कुरा इतिहासमा पढिएको थियो । यो वास्तविक कुरो पनि हो । सञ्चार माध्यम यस्तो बनेछ कि समाजको नयाा कुरा सुन्ने, जान्ने आफ्नो ज्ञान आर्जन गर्ने र जानकारी लिने भएकोले जनताको चासोको विषय रहेको थियो ।**



स्मिता निरौला

युद्ध भन्नेबित्तिकै मानिसले बम, गोली, बारूदसँग भिडन्त गर्ने, लड्ने, मान्छे मार्ने भनेर बुझ्ने गर्दछन् । तर युद्धको वास्तविक अर्थ मेरो बुझाइमा परिवर्तन हो । सत्ता र समाज परिवर्तनको लागि क्रान्ति, युद्ध हुँदै आएको छ । विभिन्न चरणमा भएका युद्धले केही परिवर्तन पनि भएको महशुस भएको छ । नेपालमा राणाशासन अन्त्यको लागि युद्ध भएको थियो । त्यसपछि पञ्चायतविरूद्ध युद्ध गरी पञ्चायती शासन ढाल्न नेपाली जनता सफल भए । त्यसपछि प्रजातन्त्र आयो । त्यसमा पनि जनताको जनसत्ता प्राप्त हुन सकेन । त्यसपछि पनि जनताले सत्ता सञ्चालनमा परिवर्तनको महसुस गर्न सकेनन् । तत्कालीन नेकपा (माओवादी) ले २०५२ फागुन १ गतेदेखि जनयुद्धको घोषणा गर्‍यो । समयसँगै परिवर्तनको वास्तबिक कुरा र आवाजविहीनहरूको आवाजलाई जनतासामु पुर्‍यान जनपक्षीय पत्रकारिताको सुरूवात भयो ।

गरीब, निम्नवर्ग र पछाडि पारिएका जनताको जीवनमा आमूल परिवर्तनको बाटो देखाउने एउटा महत्वपूर्ण भूमिका सञ्चार माध्यम अर्थात पत्रकारिताको हो । त्यो बेलाको कलमधारी मोर्चामा महिलाहरूको कम मात्र सहभागिता रहेको थियो । पत्रकारिता निकै कठिन पेशा हो । त्यसमा पनि कलमधारी मोर्चाको समयमा निकै चुनौतीको सामना गरी समाचार लेख्नुपर्ने अवस्था थियो । त्यस्तो अवस्थामा पनि साहसी महिलाहरूले कलम चलाइरहे । उत्पीडित वर्गको लागि कलमधारी मोर्चाले उनीहरूको दु:खपीडा

आम जनमासमा पुऱ्याउने काममा ठूलो कष्टपूर्ण तवरबाट अगाडि बढ्यो । २०५८ मंसिर ११ गते तत्कालीन सरकारले संकटकाल घोषणा गरेपछि सबैभन्दा ठूलो शिकार सञ्चार क्षेत्र पत्रपत्रिकामाथि पऱ्यो । जनपक्षधर समाचार लेख्न, अन्तर्वार्ता, लेख, रचना प्रकाशन प्रसारण गर्न समेत प्रतिबन्ध लगाइयो । सरकारले गरेको दमनको कुरा लेख्ने र छाप्नेलाई आतंककारीको परिभाषाभित्र राखियो । सर कारको दमन र जनताको पक्षको कुरा एक टुक्रा लेखिएको पाइए पनि तुरून्त गिरफ्तार गरी थुन्ने वा मार्नेसम्म आदेश सरकारले दियो । यही अवस्थामा धेरै जनपक्षीय पत्रकारहरू मारिए । जनताको लेख्ने पत्रपत्रिका, रेडियो, टेलिभिजन जस्ता सञ्चारमाध्यमका साधनलाई सरकारले नियन्त्रणमा लिने काम गऱ्यो । जनताको मौलिक हकमाथि ठाडो हस्तक्षेप गरी नियन्त्रणमा लिने काम भयो । यस्तो समयको बाबजुद पनि साहसिक पत्रकारको कलम र कापी सबै भन्दा ठूलो हतियार बन्न पुगेको थियो । गोली, बारूद र तत्कालीन सरकारको ज्यादतिको सामना गर्दै जनपक्षीय पत्रकारितालाई निरन्तरता दिने काम भयो । जनताको स्वतन्त्रताको दायरा सबैभन्दा फराकिलो बनाउनु पर्छ । स्वतन्त्रतामाथिको दमनका विरूद्ध कलम चलाउन श्रमजीवी सर्वहारा जनताको उत्थानको लागि उजागर गर्ने एउटा महत्वपूर्ण पक्ष कलम बनेको थियो ।

आवाजविहीनको आवाजलाई बुलन्द गर्न त्यो समय निकै चुनौतीपूर्ण थियो । तर, निडर भएर कुनै पनि अठ्याराहरूको परवाह नगरी गन्तव्यमा पुग्ने लक्ष्यका साथ मैले पनि कलम चलाइरहें । त्यो क्षण सम्फँदा अहिले पनि आङ जिरिङ्ग हुन्छ । पूर्वबाट प्रसारण हुने जनगणतन्त्र एफएम समाचार प्रसारण र जनविद्रोह साप्ताहिक पत्रिकाबाट समाचार प्रकाशन हुँदा निकै खुशी लाग्थ्यो । सरकारले जनपक्षधर सञ्चारमाध्यमलाई प्रतिबन्ध लगाएको बेला हाम्रो प्रकाशन हेर्न र जनगणतन्त्र एफएम सुन्न जनता आतुर हुन्थे । जनतामाफ वास्तविक र सत्यतथ्य कुरा लेख्ने र जनतासामु पुऱ्याउने काम निरन्तर गर्दै जनविश्वास जित्न सफल भइन्छ भन्ने अठोटका साथ कलम चलाउने साहस गरियो । परिवर्तनको लडाइँमा निष्पक्ष र सही ढंगमा जनताको पक्षमा निरन्तर कमल चलाउने साहस लिन कम ठूलो चुनौती थिएन । तर कठिन भौगोलिक परिस्थिति, कतिखेर पक्राउ हुने, कतिखेर बन्दुकको निशानामा परिने भन्ने जो खिम मोलेर गाउँका फुपडीमा पुगेर जनताको पिरमर्कालाई समेटेर समाचार लेख्न पाउँदा आफैमा गौरव हुने गर्थ्यो । त्यो परिस्थितिको सामना गर्दै पत्रकारितामा निरन्तरता दिने महिला पत्रकारहरूको संख्या न्यून रहेको थियो ।

हामीले युद्ध पत्रकारिता गर्दैगर्दा विशेषतः उत्पीडित वर्ग, लिङ्ग, जातिको भावना समेटेर उनीहरूलाई अगाडि बढाउन, चेतना र मनोबल उठाउन एवं स्वतन्त्रताका आवाज बुलन्द गर्न, प्रेरित गर्न र जागरूक गराउन कलमको महत्वपूर्ण भूमिका रहेको महशुस भएको छ । जनयुद्धको क्रममा २०६० भदौ १७ गतेदेखि त्यो बेलाको सरकारले रेडियो एफएम स्टेशन, पत्रपत्रिका र ग्रामीण क्षेत्रमा रेडियो सेट लिएर बजाउन समेत प्रतिबन्ध लगाएको अवस्था थियो । जनताले समाचार सुनेर राजतन्त्रको विरोध गर्दछन् भन्ने ठानेर सञ्चारमा प्रतिबन्ध लगाइएको थियो । सञ्चार भनेको प्रत्यक्ष ज्ञानेन्द्रीयमा प्रभाव पार्ने भएकोले सञ्चारको प्रभाव मानिसको मस्तिष्कमा सिधै पर्दछ र यसले चाँडो प्रभाव पर्ने भएकोले पनि सञ्चारमा प्रतिबन्ध लगाउने दुस्साहस तत्कालीन राज्यले गरेको थियो । तत्कालीन विद्रोहीको क्षति धेरै देखाउन र सरकारको सानो बल बढाउन प्रपञ्च गरिन्थ्यो र जनताको आँखामा छारो हाल्ने काम हुन्थ्यो । २०५८ मंसिर ११ गते लगाएको संकटकालपछि सरकारले एकपक्षीय समाचार प्रसारण प्रकाशन गर्न थाल्यो । जनताको पक्षधर सञ्चारमाध्यममा रोक लगाए पनि हामीले निरन्तररूपमा जनतालाई समाचार संप्रेषण गर्दै आयौं । सञ्चारको कुटनीतक माध्यमबाट अमेरिकाले रूसी सत्ता ढाल्न सफल भएको थियो । सञ्चारको माध्यमबाट एक थोपा पनि रगत नबगाई विश्वमा युद्ध सफल भएका उदाहरणहरू छन् । सञ्चार एउटै उपकरणको माध्यमबाट हजारौं सैन्यविरूद्ध विजय हासिल गर्ने माध्यम हो । सञ्चार संप्रेषणबाट वैज्ञानिक परिवर्तन ल्याउन सकिन्छ भन्ने कुरा इतिहासमा पढिएको थियो । यो वास्तविक कुरो पनि हो । सञ्चारमाध्यम यस्तो बनेछ कि समाजको नयाँ कुरा सुन्ने, जान्ने आफ्नो ज्ञान आर्जन गर्ने र जानकारी लिने भएकोले जनताको चासोको विषय रहेको थियो । संकटपूर्ण घडीमा पनि समाचार लेखनमा निरन्तर लागिरहेका परिवर्तनशील कलम अफै पनि निरन्तर चलाइरहेकी छु । खैर ! जनपक्षीय पत्रकारिता गर्ने क्रममा आफ्नो जीवनलाई पर्वाह नगरी राज्यसँग पौंठेजोरी खेल्न पक्कै पनि सहज कार्य थिएन ।

**(निरौला नेपाल पत्रकार महासंघ १ नम्बर प्रदेश उपाध्यक्ष हुनुहुन्छ)**

# दायित्व र कर्तव्य

**उही आमा बाबाका सन्तान, आमाको कोखमा ९/१० महिना बसाई, प्रसव पीडा एउटै, उही स्तनपान, उही वात्सल्य, उही लालन पालन, उही पोषण र उही रगत अनि छोरीले किन छोराले गर्ने सबै संस्कार गर्न मिल्दैन ? के छोरी पराईघर जाने जात भएरै हो त ? यो एक्काइसौं शताब्दीमा आइपुग्दा पनि किन सोंचमा परिवर्तन आउन सकिरहेको छैन अहिलेसम्म पनि । मैले बुझ्न नसकेको कुरा ......।**



शान्ति गुरुङ

आज मैले उठान गर्न लागेको विषयवस्तु झट्ट हेर्दा, पढ्दा, नियाल्दा खासै भयङ्करै जस्तो नलागे पनि आमनागरिक खासगरी महिला/छोरी सबैले भोग्दै आइरहेको व्यवहारिक कुरा हो । त्यसैले चर्चा गर्न मन लाग्यो । जहाँसम्म लाग्छ, यसमा शायदै पत्रकार पनि अछुतो छैन । यो लेखनी यतिले मात्र पर्याप्त त नहोला तर कर्तव्यबोधका साथै, सकारात्मक सोंच र केही न केही सन्देश जाओस् भन्ने हेतु लेख्दै छु ।

ए...फलाना, फलानाले त फेरि नि छोरी नै पाइछे । ए...हो र ? पहिला नि छोरी नै पाइथी । अहिले नि छोरी नै पो पाइछे विचरी ! अब फेरि छोराको लागि दुःख पाउने भई । आफ्नै लागि, परिवारका लागि र यो समाजका लागि पनि, देखावटी लोकाचार । यसो भनिरहँदा छोरालाई भन्दा छोरीको चाहना राख्ने, छोरीलाई माया गर्ने अभिभावक पनि कम्ता छैनन् । समग्रमा पहिलो सन्तान छोरा भए फेरि छोरा नै जन्मिए नि ठिकै छ बरू छोरी छँदै फेरि पनि छोरी नै जन्मी भने श्रीमतीको कमजोरी देखाउँछन् । उनी पनि होला त नि भन्नेमा जान्छिन् । श्रीमानको कमजोरीले यस्तो हुन्छ भनेर सम्झाउने को ? मान्नेवाला पनि छैन । हुन त उहिलेको जमाना जस्तो अहिले रहेन । अब त नमानेर नि सुख्खै छैन किनकि चेकजाँचका विभिन्न उपकरणहरू भित्रिएका छन् । कसको कमजोरी भन्ने पत्ता लागिहाल्छ ।

छोराछोरी दुई आँखाका नानी । अभिभावकका लागि दुबै बराबरी नहुने त कुरै भएन । तर पनि दुइटी छोरी रैछे एउटा छोरो त पाउन पर्छ गाँठे भन्ने पात्र पनि महिला नै हुन्छिन् । यत्ति सुने पछि पुरूषलाई त अच्छा भैगो । छोरो जन्माउने प्रयास इन्कार भो भने त अर्की बिहे गर्न नि तम्सिहाल्छन् । इच्छा होस् या नहोस्, शरीरले सकोस् या नसकोस् । लोकका लागि पनि छोरा पाइदिनै पर्नी उफ्....। विवाह गरेको वर्षौंसम्म सन्तान नहुँदाको पीडा खेपाई, घरपट्टिको त कुरै नगरौं, अर्की केटी बिहे गर्नलाई ठिक्क पारिहाल्छन् । हतारै हुन्छ दर सन्तानको मुख हेर्न बुढ्यौली बाजेबज्यैलाई पनाति/पनातिनी, हजुरबा हजुरआमालाई नाती/नातिनी, श्रीमान श्रीमतीलाई सन्तानको रहर त हुन्छ नै एवम्रीतले । त्यस्तो बेलामा दायाँबायाँ यताउता केही नसोंची महिलालाई पीडा दिन महिला नै राजी हुन्छिन् । यस्तो बेलामा महिलाले गम्भीर भएर सोच्नु जरूरी छ । कसैको उक्साहटमा लागेर बनिबनाउ घरजाम चिलबिल पार्नु राम्रो काम हुँदै हैन । हुन त सबै महिला सबै पुरूष त्यस्ता हुदैनन् पनि । सोलोडोलोरूपमा एउटै बकेटमा राख्न नमिल्ला तर प्रतिशतका हिसाबले यस्तो संख्या बढी नै छ भन्दा अत्युक्ति नहोला ।

अनेक अनमोल चिजहरू छन् यस धर्तीमा । यिनीहरूको आआफ्नै महत्व छ । कुन चिजलाई कति महत्व दिने भन्ने कुरा व्यक्तिको सोंचाई, बुझाई र आवश्यकतामा निर्भर रहन्छ । तर यहाँ यस्तो हुँदैन छोरैछोरा जन्माउनेलाई छोरीको चाहना, छोरी नै छोरी जन्माउनेलाई छोराको चाहना ! बयान गरी साध्यै छैन । एउटा छोरा एउटी छोरी भए सारै राम्रो नभए दुइटा छोरा, एउटी छोरी अथवा दुइटी छोरी एउटा छोरा । छोरा नै छोरा नि भएन । छोरी नै छोरी नि भएन । अनि ठ्याक्कै भने जस्तो कहाँ हुन्छ त ? हुन त आजभोलि पेटभित्र के हुर्किदैछ भनेर हेर्ने मेशिन पनि आइसक्यो । केही वर्ष पहिले भारत जानु पर्थ्यो । अहिले त हाम्रै देश नेपालमा त्यसको पनि सुविधा छ । छानी छानी नभएको राख्ने भइसकेको छ भने नराख्ने । झन अहिले त कानुनतः सुरक्षित गर्भपतनको व्यवस्था पनि छ । उहिले हाम्रा आमाबाका पालामा थिएन र पो वर्षौंटे ओइराउँथे घरैभरि, डाँडाकाँडा ढाक्ने गरी । एउटा सन्तान र एक माना चामलको भर हुन्न भन्ने उक्ति मानेर सन्तान जन्माउँदै जाँदा आमा/महिलाको स्वास्थ्यमा पनि प्रतिकूल असर पर्ने भएकोले कमजोर हुँदै जाने समस्या एकातिर भने ठ्याक्कै आफैले भने जस्तो सन्तान नजन्मँदा परिवारमा अमेल थपिने अर्कोतिर । शुरूमै छोरा नै जन्मे त ठूलै उपलब्धि भो तर छोरी जन्मी भने त छोरो पाउने योजना गर्नै पर्‍यो नत्र पाल्ने पनि फाल्ने पनि कसले ?

हुन त आजभोलि चाहे त्यो छोरा होस् या छोरी एउटै सन्तान काफी हुन्छ । तिनलाई राम्रोसँग लालनपालन, पठनपाठन गरिदिन सके अभिभावकको बुढेशकालको सहारा ऊ नै बन्छ भन्ने मान्यताले प्राथमिकता नपाएको हैन तर पितृसत्तात्मक सोंचले गाँजे को हाम्रो मानसिकता..। यसमा पुरूष मात्र दोषी नहोला । महिला पनि त्यस सोंचाइको हिस्सा बनेको छ । छोरा त चाहियो नि भन्ने महिलाकै मुखबाट फुत्त फुत्किन्छ । किनकि बुढेशकालमा जत्ति नै दुःख भएपनि छोरी कहाँ बस्न रूचाउँदैनन् । कथम्कदाचित छोरीको घरमा केही भइहाल्यो भने गति पर्दैन । स्वर्ग तरिदैन र पाप लाग्छ भन्ने मनचिन्ते कुराले गर्दा गति पर्नकै लागि र पाप कटानीकै लागि पाल्ने र फाल्ने जन्माउनै पर्‍यो । आखिर कोख त एउटै हो जननी कोख । उही आमा बाबाका सन्तान, आमाको कोखमा ९/१० महिना बसाई, प्रसव पीडा एउटै, उही स्तनपान, उही वात्सल्य, उही लालन पालन, उही पोषण र उही रगत अनि छोरीले किन छोराले गर्ने सबै संस्कार गर्न मिल्दैन ? के छोरी पराईघर जाने जात भएरै हो त ? यो एक्काइसौं शताब्दीमा आइपुग्दा पनि किन सोंचमा परिवर्तन आउन सकिरहेको छैन अहिलेसम्म पनि । मैले बुझ्न नसकेको कुरा ......।

प्रजनन्मा महिलारूपी मेशिन प्रणालीको नियन्त्रण गर्न सम्पूर्ण मानव जगतलाई सचेत गराउनु अति जरूरी देखिन्छ । व्यक्ति जति नै पढालेखा होस्, समृद्ध होस्, उसको सोंच र प्रवृत्तिमा विकास भएन भने संकुचित मानसिकताले जरा गाड्छ । त्यसैले यी यस्ता मानसिक विकृति र विसंगतिहरूलाई वैयक्तिक र सामाजिक दायराबाट पूर्णरूपमा निकाल्नका लागि राज्यकै चौथो अंग मानिने पत्रकारिता जगतले कलम शिल्पीबाट/आवाज शिल्पीबाट उजागर गर्नु आवश्यक छ ।

**(गुरुङ नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश उपाध्यक्ष हुनुहुन्छ)**

# पत्रकार महिला र कलमले फेरिएको जीवन

**माथि उल्लिखित घटनाहरू केही प्रतिनिधि पात्र र घटना मात्र हुन् । पत्रकार महिलाले आफ्नो कलममार्फत समाजमा परिवर्तन गर्न र सामाजिक जिम्मेवारी पूरा गर्न सक्छन् । सामाजिक, पारिवारिक तथा कार्यक्षेत्रमा अनुकूल वातावरण भएमा पत्रकार महिलाले पनि अन्यसरह भूमिका निवार्ह गर्न कुनै गाह्रो छैन । तर, आज पत्रकार महिलाको भविष्य अनिश्चित र असुरक्षित रहेको छ ।**



दीपा घर्ती (पौडेल)

थुप्रै सम्भावना र केही समस्याको बीचबाट अहिले नेपाली पत्रकारिता चलेको छ । जनताको समस्या, पीडा, उनीहरूको खुशी र खासगरी राज्यको समृद्धिको लागि नै पत्रकारले कलम चलाउने हो । जुनसुकै संगठन, विभिन्न बिट तथा भूगोलमा रहने पुरूष तथा महिला पत्रकारको उद्देश्य नै जनता अनि राष्ट्रको उन्नति र समृद्धिको पक्षमा कलम चलाउने हो । यी विषयभन्दा बाहिरबाट पत्रकारिता गर्न खोजे त्यो पीत पत्रकारिता हुन्छ । त्यो कुनै अमुक व्यक्तिको प्रचार तथा विज्ञापन हुन्छ । वास्तवमा त्यो पत्रकारिता नै हुँदैन ।

लोकतन्त्रको अक्सिजनको रूपमा रहेको नेपाली पत्रकारिताले देशको सामाजिक, आर्थिक, राजनीतिक परिर्वतनका लागि महत्वपूर्ण भूमिका खेलेको छ । अहिलेसम्म भएका परिवर्तन नेपाली पत्रकारिताको साथ नभएको भए सम्भव नै थिएन । सूचना प्रविधिको अहिलेको युगमा मिडिया जनताको सुःखदुःखको सहयात्री जस्तै बनेका छन् । अहिले दुईतिहाई बहुमतसहितको सरकार बनिरहेको अवस्थामा मुलुकलाई कसरी समृद्धिको दिशामा अगाडि बढाउन सकिन्छ भन्ने बिषय पनि नेपाली पत्रकारिताको महत्वपूर्ण विषय हो ।

अबको हाम्रो यात्रा राजनीतिक परिर्वतनका लागि भन्दा पनि स्थानीय, प्रदेश तथा केन्द्र सरकारले गर्ने काम, यहाँ हुने गतिविधि, आम नागरिकको समस्या, भइरहेको चरम भ्रष्टाचार अन्त्य कसरी गर्न सकिन्छ र सुशासनसहित समृद्ध राष्ट्र निर्माणका लागि

हुनुपर्दछ । मानवअधिकार, समतामूलक लोकतन्त्र र सुशासन कायम गर्नका लागि हामीले हिम्मतका साथ अगाडि बढी कलम चलाउने हो ।

मैले गर्वका साथ के भन्न सक्छु भने नेपाली समाजलाई आजको दिनसम्म ल्याउनको लागि नेपाली पत्रकारिताले निकै नै ठूलो काम गर्‍यो । अब द्रूतगतिमा विकासका लागि सरकारको ध्यान केन्द्रित गर्न पनि नेपाली पत्रकारिताले राम्रो भूमिका खेल्नु पर्दछ ।

श्रमजीवी पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघ केन्द्रीय समितिअन्तरगत पत्रकार महिलाहरूले प्रकाशन गर्न लागेको पुस्तकमा मैले आलेख लेख्दा पत्रकारिताको आम भूमिका तथा जनताको सुःख दुःखमा सहयात्रा गर्दै कलमकै माध्यमबाट बदलिएका जीवनहरूको बिषयमा लेख्न मन लाग्यो । पितृसत्तात्मक मुलुकमा खासगरी महिला सहभागिता, महिला अधिकारको बिषय र महिलाले पनि केही गर्न सक्दछन् भन्ने बुझाई हुन थालेको धेरै लामो समय भएको छैन । महिला हिंसाको बिषय हाम्रो मुलुकको हरेक क्षेत्रमा भएको समस्या हो । यो समस्या नेपाली पत्रकारिता, हाम्रा मिडियाहरू र नेपाल पत्रकार महासंघमा समेत छ । हामी नेपाल पत्रकार महासंघ पाँच नम्बर प्रदेशको अवस्था हेर्दा पनि पत्रकार महासंघको कूल सदस्यता संख्या १७६५ मा करिव ३५० जति पत्रकार महिला साथीहरू हुनुहुन्छ । क्रियाशीलताको कुरा गर्दा अझ कम देखिन्छ । यसको खास कारणहरू थुप्रै छन् । हाम्रो समाजको महिलाप्रतिको सोचाई, महिलाले खेल्नुपर्ने दोहोरो तेहोरो जिम्मेवारी, एउटा महिला पत्रकार छोरी, बुहारी, आमा, सासु हुँदै धेरै जिम्मेवारी ब्यहोर्नुपर्ने अवस्था, सबैभन्दा बढी बिवाहित भएपछि बर्षौसम्म गरिरहेको पेशा श्रीमानको कारण होस् वा अन्य कुनै कारण देखाएर होस् विस्थापित हुने अवस्था र राज्यले पत्रकारहरूका लागि खास लगानी तथा ब्यवस्थापन गर्न नसक्दा हामीले थुप्रै समस्या भोग्नु परेको छ । यति हुँदाहुँदै यस्ता समस्या भोग्दै काम पनि गरिरहेका छौं । संख्यामा हेर्दा सुरूवातको चरणमा रेडियो पत्रकारितामा महिलाको आकर्षण बढी देखिए तापनि विवाहित भएपछि ह्वात्तै विस्थापित हुने अवस्था छ । यति हुँदाहुँदै पनि समस्याका बीचबाट पनि हामीले साँच्चिकै आँट र साहसका साथ पत्रकारितालाई पेशा मात्र होइन राज्यले राम्रो व्यवस्थापन गर्न नसक्दासम्म यसलाई सेवाको रूपमा लिई कलम चलाउन सकेमा हामी पुरूष पत्रकार सरह यो क्षेत्रमा टिक्न सक्छौं । हामीले कलमकै माध्यमबाट मृत्युको मुखमा पुगेका जीवनलाई बचाउन सक्छौं । मैले कलमले फेरिएका जीवनको बिषयमा केही छोटो चर्चा गर्न खोजेकी छु ।

**फेरिएको जीवनहरू** :

हामी पत्रकारहरूका लागि समाचार लेख्ने काम दैनिकीको विषय हो । हाम्रा विषयहरू समाज रूपान्तरणकै लागि हुन्छ । हामीले नागरिकको समस्यालाई ध्यानमा राखेर काम गरिरहेकै हुन्छौं । हामीले गरेको समाज रूपान्तरणको महत्वपूर्ण कामको तत्कालै नतिजा पाउँदैनौं । विस्तारै नागरिकको चेतना जगाउँदै सामाजिक सूचाङ्क बृद्धि गर्न हाम्रो भूमिका महत्वपूर्ण छ । बाटो बनाएको जस्तो गरी हामीले गरेको कामको नतिजा तत्कालै नआउँदै गर्दा हामीले चलाएका कलमले फेरिएका केही उदाहरणीय कथाहरू मात्र तपाईहरूमाझ प्रस्तुत गर्दछु ।

एक बर्ष पहिले मल्लरानी गाउँपालिका १ चुदेरीखोला चुँजा निवासी कीर्तिमान नेपाली आर्थिक अभावका कारण तड्पिएर बाँच्न बाध्य थिए । उनको अबस्थाको विषयमा स्वास्थ्य खबर पत्रिकामा **रगत चुहाउँदै काम गर्न बाध्य कीर्तिमान** भन्ने शीर्षकमा समाचार प्रकाशन भयो । समाचार पढेर देशविदेशबाट सहयोगी मनहरूको सहयोगमा उनी बाँच्न सफल भए । उनको खुट्टामा लागेको जटिल घाउ निको नभई क्यान्सर हुने अवस्थामा थियो । उनको चितवन मेडिकल कलेजमा २० दिन भर्ना गरी निःशुल्क उपचार गरियो । उनी गाउँमा काठको काम गर्ने डकर्मी थिए । उनको आर्थिक अवस्था नाजुक भएकै कारण मर्ने विषयलाई आत्मसाथ गर्दै सडेको रगत चुहाउँदै गन्हाउने घाउ पाल्दै रक्सी र दुखाई कम गर्ने औषधिको भरमा बाँचेका थिए । अहिले उनको निःशुल्क उपचारपश्चात हाँसीखुशी जीवन बिताइरहेका छन् । अहिले कीर्तिमान भन्छन्, "पत्रकार त मेरा लागि भगवान हुन् ।"

नौबहिनी गाउँपालिका– ८ की ११ बर्षीया शोभी पुन अहिले हाँसीखुशी विद्यालय जान्छिन् । उनको खुट्टामा गम्भीर प्रकारको घाउ थियो । सुन्निएको खुट्टा, हड्डीभित्रको घाउ घरमै राखेर बाँच्न बाध्य पुनको **आर्थिक अभावले दुखाई सहेर बाच्न बाध्य बालिका** भन्ने शीर्षकमा स्वास्थ्य खबर पत्रिका लगायतका मिडियामा समाचार प्रकाशन भए । पछि सहयोग संकलन गरी प्यूठानबाट चितवन लगेर उनको उपचार भएको थियो । अविरल बर्षाका कारण आएको पहिरोमा पुरिएर बुवाको मुत्यु, पहिरोमा परी घाइते भएकी आमा, घरका तीन बहिनी दिदीबहिनी साना तर घरको एउटा जेठो दाजु विदेश गएको ७ बर्ष भएको थियो । उनी घरपरिवारको सम्पर्कमै थिएनन् । गाउँमा घर बनाउन माटो मुछ्ने काम गरेर साँझबिहान हातमुख जोर्न खर्च जुटाएका बुवाको मुत्युपछि शोभीको उपचार हुने त कुरै थिएन । उनको विषयमा चलाएको कलमले उनको जीवन बदलियो । उनी बाँचेर विद्यालयमा गई पढ्ने भएकी छन् ।

प्यूठानको खैरा निवासी उमाराम नेपालीकी १४ वर्षीया छोरी सुनिता नेपालीको पनि शोभी पुनको जस्तै खुट्टाको तिघ्राभित्रको हड्डीभित्र घाउ थियो । उनी पनि आर्थिक अभावका कारण उपचार गराउन नसकी रूँदैरूँदै बाँच्न बाध्य थिइन् । कक्षा ८ मा पढ्ने सुनिता सुन्निएको खुट्टासहित विद्यालय जाने गरेकी थिइन् । उनको बुवाले रेडियो लिस्ने आवाजको खैरामा रहेको टावर रक्षकको रूपमा काम गर्ने गर्थे । निकै पीडादायी उनको अवस्थाको विषयमा स्वास्थ्य खबर पत्रिका, लिस्ने जनसञ्चार साप्ताहिक लगायतका मिडियामा समाचार प्रकाशन गरेपछि केही सहयोगी मनहरू र तत्काल जिल्ला अस्पताल बिजुवारमा कार्यरत डा.समीर लामाको सहयोग तथा पहलमा भरतपुरमा उपचार भयो । उनी निको भएर अहिले विद्यालय जान्छिन् । सुनिता भन्छिन्, "पत्रकारले गर्दा जीवन जिउन पाएँ ।"

त्यस्तै प्यूठान नगरपालिका– ८ का ९ महिने प्रकाश विकको शरीरभरि घाउ भएर आर्थिक अभावका कारण उपचार गराउन नसकेको समाचार स्वास्थ्य खबर पत्रिका लगायतका विभिन्न मिडियामा प्रकाशन भएपछि उनको उपचारका लागि पाँच सात दिनमै ५ लाखभन्दा बढी रकम जुट्यो । उनलाई आइसियुमा राखेर उपचार गरियो । निको भएपछि अहिले उनी सामान्य अवस्थामा छिन् । प्रकाश विकको समाचार आएपछि प्यूठान नगरपालिका, वडा कार्यालयले समेत आर्थिक सहयोग गरेका थिए । विकको उपचारको विषयमा प्यूठान नगरपालिकाका वडाध्यक्ष लिलासिंह केसी भन्छन्, "पत्रकारले चलाएको कलम निकै महत्वपूर्ण हुँदो रहेछ । हजारौं मनलाई जोडेर एकजना बच्चाको जीवन बाच्यो ।"

२२ बर्षसम्म साङ्लोमा बाँधिएका मेघबहादुरको जीवनको विषय निकै भाइरल बन्यो । उनको पनि समाचार बाहिर आएपछि कुकुरलाई जस्तै साङ्लोमा बाँधिएर बाँचेका मल्लरानी गाउँपालिका १ लुक्का निवासी मेघबहादुर केसीको उपचार भइरहेको छ । २२ बर्षदेखि कडा प्रकारको मानसिक रोगबाट पीडित उनको स्वास्थ्य खबरपत्रिकामा समाचार पढेपछि रिदम न्यूरोसाइकाइटिस अस्पतालका डाइरेक्टर मानसिक रोग विशेषक्ष डा. रितेश थापाले निःशुल्क उपचार गर्ने बताएपछि उनको उपचार अहिले सुरू भएको छ । अहिले पनि मेघबहादुरले औषधि खाइरहेका छन् । कडा प्रकारको मानसिक रोग भएकाले चिकित्सा क्षेत्रमा एउटा ठूलो अध्ययनको विषय समेत बन्ने जिल्ला अस्पताल बिजुवारमा तत्कालीन कार्यरत हाल चितवनमा कार्यरत डा. समीर लामाले आफ्नो फेसबुकमा टिप्पणी समेत

गरेका थिए ।

२ बर्षअघि प्यूठानको विजयनगर मान्त्रेचौरका १५० घरधुरीलाई विद्युत विस्तारका लागि नेपाल विद्युत प्राधिकरणले बजेट विनियोजन गरेर ठेक्का मार्फत काम गर्नुपर्नेमा ठेकदारले सम्झौता गरेर त्यहाँका करीव १५० घरधुरीलाई तीन दिनसम्म पोल बोक्ने, विद्युतका पोल गाड्ने, खाल्टा खन्ने काम लगाई बजेट दुरूपयोग गरेको विषय लिस्ने जनसञ्चार साप्ताहिकमा प्रकाशन भएपछि त्यहाँका जनताले ३ दिनको पारिश्रमिक पाएको विषयले जिल्लामा तरंग पैदा भयो । उनीहरूले पारिश्रमिक पाउन सफल भए । त्यही समाचारका कारण जिल्लाको सबैभन्दा ठूलो राशीको पुरस्कार (रू. ११ हजार १ सय ११)बाट पुरस्कृत गर्नभएको थियो ।

एक महिना अगाडि नौबहिनी गाउँपालिका वडा नं. ८ निवासी १६ वर्षीय दिलबहादुर घर्तीको ब्रेन ट्युमरका कारण आर्थिक अभावमा उपचार गराउन नसकी घरमै तड्पिएर बसेको उनको कथा स्वास्थ्य खबर पत्रिका र लिस्ने जनसञ्चार राष्टिय साप्ताहिक लगायतका मिडियामा समाचार प्रकाशन भए । त्यसपछि जनप्रतिनिधिकै नेतृत्वमा सहयोग समिति गठन गरी गाउँपालिका, वडा कार्यालयको आर्थिक सहयोग, जिल्ला अस्पताल प्यूठानका प्रमुख डा. अच्युतराज कार्कीको आर्थिक तथा समन्वयात्मक सहयोग लगायत अन्य सहयोगी मनहरूको आर्थिक सहयोगमा चितवनमा अप्रेशन भई उपचार भइरहेको छ । उनी यही २०७५ पुस १८ गते चितवनबाट घर फर्किएका छन् ।

माथि उल्लिखित घटनाहरू केही प्रतिनिधि पात्र र घटना मात्र हुन् । पत्रकार महिलाले आफ्नो कलममार्फत समाजमा परिवर्तन गर्न र सामाजिक जिम्मेवारी पूरा गर्न सक्छन् । सामाजिक, पारिवारिक तथा कार्यक्षेत्रमा अनुकूल वातावरण भएमा पत्रकार महिलाले पनि अन्यसरह भूमिका निवार्ह गर्न कुनै गाह्रो छैन । तर, आज पत्रकार महिलाको भविष्य अनिश्चित र असुरक्षित रहेको छ । त्यसका पछाडिका कारणहरूमा पत्रकारको पारिश्रमिक, कार्यक्षेत्रको वातावरण, कामको समय, प्रकृति तथा सामाजिक दृष्टिकोण, पारिवारिक तथा सामाजिक दृष्टिकोण, कार्यक्षेत्रको वातावरण र सहकर्मीको दृष्टिकोण लगायतका कारण महिलाहरू पत्रकारितामा आकर्षित भएको देखिँदैन भने पत्रकारिता गरिरहेकाहरू पनि विस्थापित हुने क्रम बढ्दो छ । पत्रकारले राज्यले नदेखेको बिषय देखेको छ । जनताको पीडा एउटा कलमले मेटाइदिएको छ भने राज्यले तिनै पत्रकारका लागि सोच्नु पर्ने हो । त्यसमा पनि समाजका कैयन् समस्याबाट गुज्रिएर ती समस्याहरूसँग मुकाबिला गर्दै बर्षौ समाज रूपान्तरण र नागरिकको समस्यामा लागिरहेका पत्रकार महिलाहरूको बिषयमा त राज्य गम्भीर बन्नु पर्दछ ।

भोकभोकै नागरिकको सेवा कति दिन गर्ने ? यिनीहरूको विषयमा सरकार गम्भीर बनी ब्यवस्थापन गर्न लाग्नुपर्ने आवश्यकता छ ।

**(पौडेल नेपाल पत्रकार महासंघ ५ नं. प्रदेश उपाध्यक्ष हुनुहुन्छ)**

# सूचना प्रवाहमा नारी



**मन गहिरे**

नारी सूचना प्रवाहको शंखनाद बनी
सत्यतथ्य र निष्पक्षताका लागि
हर जोखिमहरू मोल्दै
लुकेका तथ्य प्रमाणहरू खोज्दै
समाज रूपान्तरणको सम्वाहक बन !
तिम्रा हरखबरहरूले खबरदारी गरून् !!
सत्यको वकालत गरून् !
खोज अनुसन्धानले फड्को मारून्
आमसञ्चारको दुनियाँमा नारी पत्रकार छाइरहून्
तिम्रा ती पथहरूमा हरेक मोडहरूको सामना गर्दै
गाउँ, कुना, कन्दरा, वस्तीवस्तीमा
जनमानसको सारथि हुनू !
पीडितको आशा अनि भरोसाको केन्द्र बन्नू
चौथो अङ्गका नारी पत्रकार सधै विचार शक्तिले
अग्रगामी छलाङ मार्नू
निरन्तरता र हिम्मतको उर्जाले
समाजलाई गतिशील चेतनशील बनाउन उद्धत रहून् !
समाजको मुक्तिका लागि लागिपरून्
तिम्रा हर नजीरहरू !
विसंगति र विकृतिको पर्दाफास गर्ने
यी नारी हस्ताक्षर
एक नयाँ उदघोष बनिरहून् सदासदा !

**(गहिरे नेपाल पत्रकार महासंघ पाल्पाको केन्द्रीय पार्षद हुनुहुन्छ)**

# किन टिक्दैनन् कर्णालीका महिला पत्रकार ?

**महिलाहरूलाई पत्रकारिता क्षेत्रमा टिकाई राख्नको लागि सरकारले क्षमता अभिवृद्धिका तालिमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । महिलाहरूलाई पुरुषहरूको तुलनामा आरक्षणको व्यवस्था गर्नुपर्ने, कार्य अनुभवको आधारमा सेवासुविधा थप गरिनुका साथै त्यहीअनुसारको ओहदाको व्यवस्था गर्न सकेमा सहज हुने देखिन्छ ।**



कृष्णमाया उपाध्याय

साविकको कर्णाली अञ्चलको जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालिकोट जिल्लामा कार्यरत महिला पत्रकारहरूको संख्या हेर्दा औंलामा गन्न सकिने अवस्था देखिन्छ । कर्णालीका यी पाँचवटै जिल्लामा क्रियाशील महिलाहरू १९ जना मात्र रहेका छन् । जसमा जिल्लागत हिसाबमा हेर्दा जुम्लामा ७ जना, मुगुमा ३ जना, कालिकोटमा ३ जना, डोल्पामा ३ जना र हुम्ला जिल्लामा ३ जना महिलाहरूले क्रियाशील रूपमा काम गरिरहेको देखिन्छ । तर पत्रकार महासंघमा आवद्ध महिलाहरूको संख्या हेर्दा डोल्पामा ६ जना, कालिकोटमा १० जना, हुम्लामा ४ जना, मुगुमा ६ जना र जुम्लामा झण्डै १६ जना गरेर ४२ जनाको हाराहारीमा महिला सदस्य रहेको तथ्यांक छ ।

माथि प्रस्तुत गरिएको तथ्यांकलाई केलाउँदै जाँदा रेडियोमा काम गर्ने महिलाहरूको संख्या केही देख्न पाइने भएपनि छापामाध्यममा महिलाहरूको संख्या शून्य रहेको छ । एकै ठाउँमा बसेर काम गर्न केही सहज हुने भएकाले पनि छापाभन्दा रेडियोमा काम गर्ने महिलाहरूको संख्या बढी देखिएको हुन सक्छ । लामो समयसम्म काम गरेर पेशा परिवर्तन गर्नुपर्ने बाध्यता हुनुका निम्न कारणहरू रहेका छन् ।

**भौगोलिक विकटता**

कर्णालीका प्रायः ठाउँमा रिपोर्टिङ गर्न जाँदा पैदल हिँडेर

मात्र जानु पर्ने बाध्यता छ । फिल्डमा जाँदा प्रायः ३ देखि ४ दिनसम्म त्यहीँ बस्नु पर्ने अवस्था रहेको हुनाले महिलाहरूलाई सुरक्षामा चुनौती थपिएको देखिन्छ । जसका कारण सञ्चारगृहमा बसेर काम गर्न सजिलो भएपनि टाढा टाढा गएर समाचार संकलन गर्न निकै कठिन छ । रिपोर्टिङ गर्न जाँदा पनि पुरूष सहकर्मीहरूबाट असुरक्षाको महशुस हुनु, पुरूष सहकर्मीहरूले महिलालाई हेर्ने दृष्टिकोण फरक हुनु र पुरूषबाट नै असहयोगको वातावरण सिर्जना हुनुले पनि महिलालाई पत्रकारिता क्षेत्रमा टिकिरहन गाह्रो भएको देखिन्छ । यातायातको सुविधा सबै ठाउँमा नभएकोले हिडेर ग्रामीण बस्तीसम्म पुग्नुपर्ने र त्यहाँको वास्तविक अवस्थाको विषयमा जानकारी गराउनु पर्दा ठूलो समस्या भोग्नुपर्ने छ ।

गाउँमा रिपोर्टिङ गर्न जाँदा बस्ने बासको राम्रो व्यवस्था नहुनु, महिलाहरूको सुरक्षामा चुनौती हुनु र विवाहपश्चात परिवारको सहयोग नहुनु तथा बच्चा साथमा लिएर फिल्डमा रिपोर्टिङ गर्न कठिन हुनु जस्ता कारणले पनि महिलाहरूलाई पत्रकारिता क्षेत्रमा टिकिरहन गाह्रो भएको छ । यातायात पुगेको क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा बसेर काम गर्न धेरै कठिन अवस्था रहेको छ ।

## न्यून पारिश्रमिक

रेडियोमा कार्यरत पत्रकारहरूले पनि धेरै समस्याको सामना गर्नुपरेको देखिन्छ । घरको काम गर्ने समय मिल्छ न त महिनाभरि खान, बस्न र आधारभूत आवश्यकता पूर्ति गर्ने खालको पारिश्रमिक नै पाइन्छ । कतिपय सञ्चारगृहमा काम गर्दा १८ घण्टासम्म काम गर्नुपर्छ । कतिले भने पारिश्रमिक पाउँदै पाउँदैनन् । कतिले पाइहाले भने पनि ६/७ महिनापछि पाउँछन् । पारिश्रमिक पाएकाहरूले पनि ३ हजारदेखि ७ हजार २ सयसम्म मात्र पारिश्रमिक पाउने गरेको महिला पत्रकारहरूले बताएका छन् । ग्रामीण क्षेत्रमा कार्यरत महिला पत्रकारहरूले समाचार संकलन, समाचार वाचन, साङ्गीतिक कार्यक्रमदेखि म्यागेजिन कार्यक्रम समेत धान्नु परेको छ । तर सेवासुविधा हेर्दा सारै पीडाको अनुभूति हुन्छ ।

सञ्चारगृहका सञ्चालकहरूले रेडियोमा बोलेर त तिमीहरूलाइ सबैले चिनेका छन् । त्यसैमा चित्त बुझाऊ भन्ने जस्ता जवाफहरू दिने गरेका छन् । तर काम गर्दा पेटमा पटुकी बाँधेर कति दिनसम्म खाजा नखाएर, खाना नखाएर तथा रातभर बसेर पनि काम गर्नुपर्ने बाध्यता छ । काम गर्दै जाँदा समय बितेको पनि पत्तो हुँदैन । अर्काको लागि लेखिदिने र आवाजविहीनहरूको आवाज बन्ने पत्रकारहरूको लागि आफै दबिएर बस्नुपर्ने बाध्यताका कारण पनि काम गर्दै बीचमा छोड्नु परेको महिलाहरूको भनाइ छ । रेडियोमा काम गर्दै आएका महिला पत्रकारहरूका अनुसार ३ महिनासम्म निःशुल्क सेवा गर्नुपर्ने, त्यति काम गर्दा पनि कसैले कार्यरत संस्थाको नियुक्ति र कसैले परिचयपत्र समेत नपाएर काम गर्नु परेको छ । कतिपयले नियुक्तिपत्रमा न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकेको रकम उल्लेख गर्ने तर त्यही अनुसारको तलबभत्ता नदिने गरेका कारण पनि महिलाहरू पत्रकारिता क्षेत्रबाट पलायन हुनु परेको छ । काम गर्ने जाँगर हुँदासम्म पत्रकारिता क्षेत्रमा आधा उमेर गुजार्नु पर्ने र पछि स्वास्थ्य अवस्था कमजोर हुँदै जाँदा रित्तो हात घर फर्कनु पर्ने जस्ता बाध्यताहरू पत्रकारिता क्षेत्रमा रहेका छन् ।

## सुरक्षामा चुनौती

पुरूष पत्रकारहरूको तुलनामा महिला पत्रकारहरूलाई असुरक्षाको महशुस बढी हुने गरेको छ । रातिको ११ बजेसम्म रेडियोमा काम गर्नुपर्छ । रेडियोमा बस्ने र खाने व्यवस्था नभएका कारण राति अबेरसम्म काम गरेर बस्ने, डेरा तथा घरसम्म पुग्नको लागि समस्या हुने गरेको छ । यसरी काम गर्दा पनि भने जस्तो सेवासुविधा नभएका कारण परिवारबाट पटकपटक पत्रकारिता छोडेर अन्यत्र काम गर्नुपर्ने दबाब आउने गर्दछ । जसका कारण पनि महिलाहरूलाई पत्रकारिता क्षेत्रमा टिकिरहन गाह्रो हुने गरेको छ । समाचारको माध्यमबाट उठान गर्नुपर्ने विषय उठान गर्दा पनि विभिन्न क्षेत्रबाट धम्की आउनु र सानो क्षेत्रमा बसेर काम गर्नुपरेका कारण पनि सुरक्षामा चुनौती रहेको हुनाले यस्तो जोखिम काम किन गर्नु भनेर बीचमा काम छोड्ने गरेका छन् । घर बिदा, बिरामी बिदा, अध्ययन बिदा, भैपरी आउने बिदा र सुत्केरी बिदा समेत नपाएपछि महिलाहरूले बीचमा पत्रकारिता छोड्दै गएका छन् । लामो समयसम्म काम गर्दै जाँदा सञ्चयकोषको व्यवस्था नहुनु, काम गरे अनुसारको कार्य मूल्याङ्कन नहुनु, बिमा नहुनु जस्ता चुनौती रहेका कारण महिलाहरूलाई पत्रकारिता क्षेत्रमा टिकिरहन गाह्रो भएको छ ।

## महिला पत्रकारको क्षमता विकास सम्बन्धीका कार्यक्रम नहुनु

कर्णाली जस्तो विकट क्षेत्रमा महिला पत्रकारहरूको लागि क्षमता अभिवृद्धिका कार्यक्रम नहुनु पनि अर्को समस्या रहेको छ । ग्रामीण क्षेत्रमा काम गर्ने पत्रकारहरूले कुनै पनि तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी नभएर काम गर्दै सिक्दै गर्नुपर्ने समस्या छ । यहाँ पत्रकारिता पढेर काम गर्ने भन्दा पनि काम गरेर पत्रकार बन्नुपर्ने अवस्था रहेको छ । सरकारले दिएका महिला पत्रकारसम्बन्धी कार्यक्रमहरू पनि सुगम क्षेत्र तथा राजधानी केन्द्रित भएका देखिन्छन् । टाढासम्म गएर तालिम लिएर आउनको लागि पनि भाडा गरेर जान नसक्नु, परिवारले घरबाट जान नदिनु जस्ता समस्या रहेका छन् । यसको साथै त्यस्ता खालका तालिमको अवसर आएमा पत्रकारिता गर्ने भन्दा नगर्ने पहुँचवाला मात्र सहभागी हुने गरेका छन् । सञ्चारगृहमा काम गर्ने व्यवस्थापक, स्टेशन म्यानेजर र उनका नजिकका मानिसहरूले अवसर लिने गरेका छन् । तर काममा दिनरात खटिरहनेहरूका लागि त्यस्ता अवसर कहिल्यै आएको देखिदैन । एउटै सञ्चारगृहमा कार्यरत महिला पत्रकार र पुरूष पत्रकार बीचमा समानता कायम हुन नसक्नुले पनि अन्याय सहन नसकेर महिलाहरूले पत्रकारिता पेशा नै परिवर्तन गर्नु परेको गुनासो गरेका छन् ।

## निष्कर्ष

महिलाहरूलाई पत्रकारिता क्षेत्रमा टिकाई राख्नको लागि सरकारले क्षमता अभिवृद्धिका तालिमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । महिलाहरूलाई पुरूषहरूको तुलनामा आरक्षणको व्यवस्था गर्नुपर्ने, कार्य अनुभवको आधारमा सेवासुविधा थप गरिनुका साथै त्यहीअनुसारको ओहदाको व्यवस्था गर्न सकेमा सहज हुने देखिन्छ । सरकारले निजामती कर्मचारी महिलाहरूले पाए सरहको सुत्केरी बिदा दिने व्यवस्था हुनुपर्छ । त्यो समयमा उनीहरूले बिदामा बसेपछि बेतलबी बस्नुपर्ने बाध्यता रहेको हुनाले तलबसहितको बिदाको व्यवस्था हुनुपर्ने देखिन्छ । यसको साथै ग्रामीण क्षेत्रबाट पत्रकारिता गर्दै आएका महिलाहरूको लागि अध्ययनमा सहुलियत हुनुपर्ने, निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था हुनुपर्ने र नेपालमा रहेको स्ट्रिन्जर प्रथाको अन्त्य गर्दै कार्य अनुभवको आधारमा स्थायी गर्न सकेमा पनि महिलाहरूलाई पत्रकारिता क्षेत्रमा टिकाई राख्न सजिलो हुन्थ्यो ।

**(उपाध्याय नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश सदस्य तथा बिबिसी नेपाली सेवाको जुम्ला सम्वाददाता हुनुहुन्छ)**

# पत्रकारिता भर्सेस इमान्दारिता

**नैतिकता र इमान्दारिताबिनाको पत्रकारिताले व्यक्तिका साथसाथै राज्यलाई समेत दीर्घकालीन असर पुऱ्याउने हुँदा यो पेशालाई मर्यादित बनाउनु नितान्त जरुरी छ । पत्रकारितामा नैतिकता र इमान्दारितासहितको समिश्रण हुने हो भने यो पेशा अन्य भन्दा सुन्दर, मर्यादित साथै प्रतिष्ठित समेत छ ।**



प्रतिक्षा काफ्ले

पत्रकारिता पेशा बाहिरबाट हेर्दा जति सजिलो देखिन्छ, यसमा त्यति नै चुनौती र अप्ठ्याराहरूको सामना गर्नुपर्ने हुन्छ । पत्रकारितामा नैतिकता र इमान्दारिता एक अर्काका परिपूरक भएता पनि हालको पत्रकारितालाई हेर्दा यी दुबै विपरीत हुन् कि जस्तो भान हुन्छ । हालका दिनहरूको पत्रकारिता पेशालाई नियाल्दा नैतिक र इमान्दारिताको अभाव महशुस हुन्छ । पत्रकारितालाई मुख्य पेशा बनाएर जीविकोपार्जन गर्ने मनशायले यो पेशातर्फ आकर्षित हुने हरूको लागि नैतिकता र इमान्दारिता भुल्नुपर्ने हुन्छ ।

वास्तविक पत्रकारिता गर्नेहरूको लागि यी दुबै परिपूरक हुन आउँछन् । पत्रकारिता के हो ? र, यसले आम जनमानसमा कस्तो सकारात्मक वा नकारात्मक प्रभाव पार्दछ भन्ने कुरा बुझ्नु जरुरी छ । राज्यको चौथो अंगकै रूपमा लिइएको यो पेशालाई इमान्दारिता र नैतिकताका साथ अँगाल्न सकिएन भने त्यस्तो पत्रकारिता पत्रकारको नाममा कलंक नै सावित हुन्छ । आम जनमानसलाई यथेस्ट प्रमाणको आधारमा सही सूचना दिनु पत्रकारिताको मूल मर्म हो । ओझेलमा परेका र पिछडिएका वर्गहरूको उत्थानको लागि आवाज बुलन्द गर्ने मुख्य माध्यम भनेकै पत्रकारिता हो । यदि, नैतिकता र इमान्दारिता साथ सही सूचना दिन सकिएन भने यसको प्रतिफल नकारात्मक हुन जान्छ ।

समाजमा जगडिएका विकृति, अनियमितता र निम्न वर्गका मानिसहरूको उत्थान र विकासलाई मार्गदर्शन गर्नु

नैतिकरूपमा पत्रकारिताको दायित्व हो । इमान्दारितापूर्वक सही सूचना दिन सकिएन र व्यक्तिगत महत्वकांक्षा पूर्तिका लागि गरिने पत्रकारिता दिगो समेत हुँदैन । वास्तविक पत्रकारिताको लागि इमान्दारिता र नैतिकता अपरिहार्य विषयवस्तु हुन् । जतिसुकै शव्द समायोजन गरी समाचार बनाए तापनि नैतिक र इमान्दारितापूर्वक काम गर्न सकिएन भने एक दिन भण्डाफोर हुन सक्छ । आर्थिक उपार्जन गर्ने मनशाय र कसैप्रति पूर्वाग्रही भएर सूचना प्रकाशित गर्नु पत्रकारिताको परिभाषा नै उल्ट्याउनु हो । यो पेशामा इमान्दारितापूर्वक काम गर्ने हो भने न यसले आफ्ना नातागोता नै चिन्छ, न त कसैको दवावमा पर्दछ ।

स्वतन्त्रपूर्वक सही सूचना प्रवाह गर्नु पत्रकारिताको मूल धर्म हो । यो पेशालाई इमान्दारितापूर्वक अपनाउने हो भने न त यसले आर्थिक उपार्जनमा टेवा पुऱ्याउँदछ न त कसैको नजिक र प्रिय बनाउँदछ । यदि, पत्रकारिता नै गर्ने हो भने आर्थिक प्रलोभन र अनैतिक प्रभावलाई त्याग्नैपर्ने हुन्छ । आजका दिनहरूमा कतिपय पत्रकारिता गर्नेहरू यो पेशालाई गलतरूपमा प्रयोग गरेको देखिन्छ । एकातिर पत्रकारिताका बिल्ला भिर्ने, अर्कोतर्फ अन्य पेशालाई मुख्य पेशा बनाई पत्रकारिताको आडम्बर देखाउने प्रवृत्तिले आजको समाजले सही सूचना पाउन सकेको छ जस्तो लाग्दैन । अर्कोतर्फ राजनीतिक आस्था हुनु छुट्टै कुरा हो ।

त्यसको विपरीत राजनीतिक दलको झोला बोकेर व्यक्तिगत स्वार्थको लागि मरिहत्ते गर्ने पत्रकारिता गर्नेहरूको भीड पनि प्रशस्त मात्रामा देख्न सकिन्छ । हाम्रो समाजमा कुरीतिपूर्ण पत्रकारिताका कारण पत्रकारलाई हेर्ने दृष्टिकोण नै फरक भएको पाइन्छ । पत्रकार भन्नेबित्तिकै आम जनमानसको मानसपटलमा फटाहा र झुटारको मार्गचित्र देखिन्छ । त्यसरी नै इमान्दारिता र नैतिकतापूर्वक आफ्नो पेशा अँगालेकाहरूलाई समेत यसले दृष्टिभ्रममा पारेको छ । पत्रकारिता गर्नेहरूको लागि आचारसंहिता निर्माण गरेको छ तर, त्यसको कहींकतैबाट पालना भएजस्तो लाग्दैन । आचारसंहिता पालना नगर्नेहरूलाई न त कुनै कारबाही हुन्छ न त सरकारी पक्षबाट नै यसतर्फ ध्यान दिएको पाइन्छ । शव्दमा भन्दा राज्यको चौथो अंगको संज्ञा त दिएको छ तर यसलाई कसरी व्यवस्थित गर्ने र दिगो बनाउने भन्नेतर्फ हालसम्म चासो दिएको देखिँदैन ।

एउटा व्यक्ति तबमात्र स्वतन्त्र पत्रकार हुन्छ, जब उसलाई यो पेशालाई जिउने आधार अनिवार्य दिइन्छ । पत्रकारिता पेशा नैतिक र इमान्दारीपूर्वक बहन गर्ने हो भने, मेरो विचारमा यो पेशा अन्य पेशाभन्दा प्रतिष्ठित र मर्यादित पनि छ । राज्यपक्षबाट नैतिक र इमान्दार पत्रकार निर्माण गर्ने नै हो भने यो पेशामा लागेकाहरूलाई न्यूनतम पनि जीविका चलाउन सक्ने किसिमले सेवासुविधाहरू उपलब्ध गराउनु पर्ने देखिन्छ । तव मात्र सही अर्थको पत्रकारिता सम्भव छ । मिडियाका नाममा स्थापना भएका च्याउ उम्रेसरी सञ्चारमाध्यमहरू अधिकांश मापदण्डविपरीत र आचारसंहिता पालनाको न्यूनतम मापदण्ड पनि पूरा गर्न नसकी कुनै बीचमा नै हराएर गएका छन् । आफ्नो अनुकूल समाचार वा सूचना सम्प्रेषण गर्नु पनि नियमविपरीत र पीत पत्रकारिता अन्तर्गत पर्दछ ।

राज्यले चौथो अंगको रूपमा लिएको पत्रकारितालाई अझ सशक्त र पारदर्शी बनाउनको लागि ध्यान दिनु आजको प्रमुख आवश्यकता हो । इमान्दार र नैतिकवान पत्रकार उत्पादन गर्नको लागि राज्यले समेत यो पेशालाई जीविकोपार्जन गर्नसक्ने बनाउनु मुख्य आवश्यकता हो भने योसँग सम्बन्धित नेपाल सरकार अन्तर्गतको सञ्चारमन्त्रालय, सञ्चार विभाग, नेपाल प्रेस काउन्सिल, नेपाल पत्रकार महासंघ लगायतका सञ्चार क्षेत्रसँग सम्बन्धित अन्य संघसंस्थाहरूलाई समेत सदृढ बनाउन जरूरी देखिन्छ । सञ्चार क्षेत्रसँग आवद्ध संघसंस्थाहरूलाई पुनर्संरचना गरी प्रणालीगत आधारमा समन्वयात्मक भूमिकासहित पुनर्निर्माण आजको आवश्यकता हो ।

पत्रकारिताको नाममा भइरहेका विभिन्न गैरपत्रकारिता प्रदर्शित हुने क्रियाकलापमा आवद्ध जोसुकैलाई कारबाहीको दायरामा ल्याउनु समेत जरूरी छ । त्यस्तै यो पेशामा आवद्ध व्यक्तिले अन्य पेशा वा व्यवसाय गर्न पूर्ण रूपमा रोक लागउने नियम बनाई कडाईका साथ लागू गर्नुका साथै यो पेशामा आवद्ध हुन चाहनेहरूका लागि निश्चित क्राइट एरियाहरू निर्माण गरी सफल हुन सक्नेहरूलाई मात्र अनुमति दिँदा उत्तम हुने देखिन्छ ।

अन्तमाः पत्रकारिता पेशामा आवद्ध हुन चाहनेहरूले नैतिकता र इमान्दारितालाई पूर्णरूपमा पालना गर्न सक्छु भन्ने दृढ अठोट गरेर मात्र यो पेशामा होमिनु उत्तम हुने छ । यदि कसैले पत्रकारिताको नाममा आर्थिक उपार्जन गर्ने र कसैको प्रलोभनमा परी वा कसैप्रति पूर्वाग्राही भएर व्यक्तिगत मनोकांक्षा पूरा गर्ने उद्देश्यले मात्र यो पेशामा आउने हो भने त्यो दिगो हुन सक्दैन । बरू यो पेशालाई छाडेर अन्य पेशातर्फ समयमै लाग्दा राम्रो हुनेछ ।

नैतिकता र इमान्दारिताबिनाको पत्रकारिताले व्यक्तिका साथसाथै राज्यलाई समेत दीर्घकालीन असर पुऱ्याउने हुँदा यो पेशालाई मर्यादित बनाउनु नितान्त जरूरी छ । पत्रकारितामा नैतिकता र इमान्दारितासहितको समिश्रण हुने हो भने यो पेशा अन्य भन्दा सुन्दर, मर्यादित साथै प्रतिष्ठित समेत छ । त्यसैले आम पत्रकार साथीहरूलाई इमान्दार भई राज्य र नागरिकको लागि सही सूचना संप्रेषण गर्ने दृढ अठोटका साथ नैतिक र इमान्दारीपूर्वक पत्रकारिता गर्न हामी सबैले साझा संकल्पको रूपमा लिनु आजको आवश्यकता हो ।

**(काफ्ले कान्तिपुरकर्मी हुनुहुन्छ)**

# भोजपुरदेखि काठमाडौंसम्मको मेरो यात्रा

**पत्रकारितामा आउन महिला र पुरुष दुबैलाई सहजै छ । तर, पत्रकारितामै टिक्नका लागि महिला पत्रकारलाई थुप्रै चुनौती छन् । आज पनि मूलधारका सञ्चारमाध्यमले न्यूनतम पारिश्रमिक दिन सकेका छैनन् । महिला पत्रकारलाई परिवार, पत्रकारिता र समाजको जिम्मेवारी छ । पुरुष पत्रकारहरुले जिम्मेवारीबाट विमुख गराउने, क्षमता विकासमा महिला पत्रकारलाई अवसर नदिने, तलब सुविधामा विभेद गर्ने जस्ता थुप्रै कारण र समस्याहरुले गर्दा महिला पत्रकारहरू क्षमता र दक्षताको प्रदर्शनबाट टाढिन बाध्य छन् । अवसरसँगैका चुनौतीलाई चिर्न फेरि पनि असम्भव भने पक्कै छैन ।**



विद्या राई

करिब साढे  तीन बर्ष अगाडि म जतिबेला गाउँमा थिएँ, त्यतिबेला राजनीति के हो ? बुझ्न सकेको थिएन । अहिले पनि मज्जाले बुझ्न सकेको छैन । त्यो बेला त राजनीतिबारे चासो लिनुपर्ने आवश्यकता पनि थिएन । निर्णयात्मक भूमिकामा महिलाहरू दोस्रो दर्जामा छन् है । अधिकारको लडाइँमा बर्षौंदेखि लडिरहेका छन् । १६ दिने महिला दिवसका बेला अग्रज महिला दिदीहरूले भाषण गरेको सुनेर थाहा पाउँथे । कसरी दोस्रो दर्जामा छन् ? थाहा थिएन ।

२०७२ सालमा राष्ट्रपति विद्यादेवी भण्डारी देशकै पहिलो महिला राष्ट्रपति बन्नुभयो । नेपालले गणतन्त्र प्राप्त गरेपछिको उपलब्धि थियो त्यो । धुमिल मनले महिला राष्ट्रपति पाएकामा हर्ष मानेको थियो । कारण मैले सुनेको दोस्रो दर्जामा परेकै महिलामध्यको प्रतिनिधि पात्र देशकै सम्मानित पदमा आसिन सफल हुनुभयो ।

तर, त्यसै सेरोफेरोमा एकजनाले भनेको सुनें, महिलाले जति मै हु भने पनि के गर्ने ? अधिकार मागे पनि, दिए पनि काम छैन महिलाहरूको । यसो सृष्टि गर्नेमात्र न हुन् ।' मनमा च्वास्सै बिझ्यो, आफू महिला भएको हैसियतले । हप्तौंसम्म मनमा यो कुरा खेलिरह्यो । जसलाई केही समयपछि ब्लगमा उतारें । जानी नजानी 'कहिले हुन्छन्, छोराछोरी साँच्चिकै बराबरी ?' शीर्षकमा । त्यतिबेला अनलाइन र वेबसाइटले पत्रकारितामा बजार लिइरहेका थिए । मेरो ब्लगलाई केही स्थानीय अनलाइनहरूले स्थान दिएका थिए । जुन चाहिँ मेरो पहिलो ब्लग थियो । महिला नेतृत्वलाई पुरूषले कसरी नीचरूपमा सोच्छन् हाम्रो समाजमा ? त्यसैमा आधारित थियो । शायद यसैको प्रेरणाले हुनसक्छ, अग्रज पत्रकारहरूको हौसलाले गर्दा महिलाहरू आफ्नो तहतप्कामा रहेर

अधिकार प्राप्तिका लागि लड्नुपर्छ भन्ने कुरा मानसपटलमा छाएको ।

प्लस टु सक्काएपछि २०७२ सालकै मंसिर महिनामा उच्च शिक्षाका लागि सदरमुकाम लागें । उज्वल भविष्य कोर्ने सपना बोकेर भोजपुर क्याम्पसमा स्नातक भर्ना भएको थिएँ । विद्यालयमा उत्कृष्ट विद्यार्थीभित्रै गनिने भएकाले सक्षम र कर्तव्यनिष्ठ व्यक्ति बन्नुपर्ने परिवार, आफन्त, अग्रजको चाहना थियो । जुन स्वभाविक हो । पढाइसँगै लेखनमा रूचि थियो । तर जीवनमा पत्रकारिता गर्छु भन्ने सोच थिएन ।

जब भोजपुर क्याम्पसमा अध्ययन थालें । मेरो घुलमिल कलेजका साथीहरूसँग भन्दा पनि जिल्लाका पत्रकारहरूसँग हुन थाल्यो । वेबसाइटहरूमा समाचार लेख्ने, पोष्ट गर्ने र सामाजिक सञ्जालमा शेयर गर्ने अवसर मिल्यो । २०७२ सालकै फागुन महिनादेखि साँच्चिकै पत्रकारिताको सुरूवात भयो । अग्रज पत्रकारहरूले दिएको ऊर्जा र ममा बसेको पत्रकारिताको लतले पत्रकारिता पेशामा होमिएँ । शुरूमा झापाको हिमशिखर टेलिभिजनमा भोजपुर सम्वाददाता भएँ । जानेर होस् या नजानेर, सकेसम्म दैनिकजसो रिपोर्टहरू पठाउँथे । बज्थ्यो या बज्थेन ? मलाई थाहा हुन्थेन । किनकि हिमशिखर टेलिभिजन भोजपुरमा पुग्दैनथ्यो । इन्टरनेटबाट लाइभ हेर्न पनि सम्भव थिएन । इन्टरनेट स्लो भएर सामान्य इमेल गर्न पनि घण्टौं कुर्नुपर्थ्यो भने लाइभ हेर्ने सम्भावना नै थिएन । तैपनि मज्जा लाग्थ्यो । किनकि टेलिभिजन समाचारकक्षले फोनबाट मैले पठाएको सामग्रीको तारिफ गर्थ्यो । २०७३ साल बैशाख महिनामा पहिलोपल्ट राष्ट्रिय बाणिज्य बैंकको खातामा ४ हजार रूपैयाँ तलब आएको कुरा जब मोबाइलमा एसएमएस पढेर थाहा पाएँ शायद जीवनमा त्यति धेरै खुशी र सन्तुष्ट कहिल्यै भएको थिएन । सोही महिनादेखि न्युज ट्वान्टी फोर टेलिभिजनमा पनि काम पाएँ । जिल्लामा पनि बज्थ्यो टेलिभिजन । जिल्लाबासीले मैले पठाएको समाचार हेर्थे । बजारमा समाचारको हल्ला चल्थ्यो । म बस्ने सदरमुकामदेखि घरसम्म जाने सडक ४८ किलोमिटर कच्ची छ । साना ल्याण्डलोभर गाडीहरू चल्थे । भाडादर निक्कै महंगो थियो । सर्वसाधारणको पहुँचका लागि चलाइएका सवारीसाधनमा उनीहरूको पहुँच पुग्दैनथ्यो । यसबारे रिपोर्ट बज्यो, न्युज ट्वान्टीफोर टेलिभिजनमा । तत्कालीन डीएसपी राजकुमार लम्सालले व्यवसायीहरूलाई बोलाएर सोधपुछ गर्नभयो । त्यसपछि मलाई व्यवसायीहरूले फोन गरेर तथानाम गाली गरे । उनीहरूले कुनै पनि बेला जस्तोसुकै सजाय दिनसक्ने चेतावनी दिए । अलिकति पनि हिच्किचाएन म । किनकि मैले सत्य कुरा समाचारका रूपमा बाहिर ल्याएको थिएँ । जब यो कुरा मेरो गाउँमा फैलियो, म र मेरो परिवारलाई गाडी चढ्न नदिने चेतावनी दिइएको रहेछ । १९ बर्षको किशोरावस्थाको जोश होला शायद यस्ता विकृति र विसंगति अझै उजागर गर्ने जोश बढ्यो । बिस्तारै म पनि शिकारू पत्रकारका रूपमा चिनिन थालें । जेठ १५ गतेदेखि नागरिक दैनिकमा पनि काम पाएँ । तीनवटै मिडिया हाउसलाई समाचार पठाउन थालें । सपनामा पनि समाचारै देख्न थालें । भदौ महिनामा स्ट्रिन्जर भएर कान्तिपुर दैनिकमा प्रवेश गर्ने अवसर मिल्यो ।

आज म कान्तिपुरसँगको २८ औ महिनाको यात्रामा छु । समाज, समाचार, पत्रकार, पत्रकारिता र देशबारे थोरबहुत बुझ्ने भएको छु । भोजपुर जिल्ला सम्वाददाता भएर १६ महिना काम गरें । पत्रकारितामा प्रवेशको छोटो समयमा पाएका अवसर, चुनौती र सामना गरिएका अवस्थाहरूलाई अहिले सम्झदा निकै रोमाञ्चित हुन्छु ।

कान्तिपुर प्रवेशपछिको विभिन्न चरणमा माथि लेखेको 'कहिले हुन्छन्, छोराछोरी साँच्चिकै बराबरी ?' शीर्षकको ब्लग यादगार बनिदिन्छ । मैले कान्तिपुर प्रवेश गर्दा २० बर्षको थिएँ । अग्रज पत्रकारले भन्थे 'यस्ती फुच्ची केटीलाई कान्तिपुरले राखेर के प्रगति गर्छ कान्तिपुरले ?' कतिले भन्थे 'विद्यालाई त समाचार अरूले नै लेखिदिन्छन्, विद्याले मेल मात्रै गर्ने हो ।' हार खाएन र यसको प्रतिवाद पनि गरेन । जुन कुरा गर्नेहरू मन्त्रीको सल्लाहकार बताउने पत्रकार नै थिए । अहिले त्यस्ता पत्रकार दलको झण्डा बोकेर एउटा नेता समाएर पछाडि हिडिरहेको देख्छु । आफ्नो मेहनतले भ्याएजति मेहनत गर्थे । बिहान क्याम्पस जान्थें । दिउँसो समाचार खोज्थें । प्रायःजसो रातको समय समाचार लेख्थें । किनकि म होहल्लामा काम गर्न सक्दैन ।

घर छोडेर सदरमुकाम बस्ने भएकाले खानबस्न पैसा लाग्थ्यो । घरबाट बुवाआमाले पठाउनुहुन्थ्यो । एकपटक भोजपुरको उत्तरी नेपाले डाँडामा रिपोर्टिङ गर्न जाने बेलामा खर्चको अभाव भयो । तत्कालीन समयमा कान्तिपुर टिभीमा कार्यरत अग्रज पत्रकार दाजु किरण राई (हाल लण्डनमा हुनुहन्छ ।)ले र टेम्केमैयुङ गाउँपालिकाका अध्यक्ष दाजु ध्रुव राईले एक/एक हजार रूपैयाँ ऋण दिनुभएको थियो । शुरूमा म एक्लै जान लागेको थिएँ । सदरमुकादेखि झण्डै ५० किलोमिटर टाढाको बाटो पर्ने भएकाले अन्नपूर्ण पोष्ट दैनिकका जिल्ला सम्वाददाता दाजु प्रदीपचन्द्र राईसँग गएँ । जिन्दगीकै पहिलो ऋण थियो । जुन अनगिन्ती गुनगानले पनि तिर्न सकिँदैन ।

नेपाले डाँडाको सिमानामा अरूण नदी किनार योगमायाको समाधिस्थलमा छ । समाधिस्थल पर्ने गाउँको नाम मझुवाबेसी कोटिहोम हो । पारिपट्टि कुलुङ गौडेनी छ । बीचमा इर्खुवा खोला पर्छ । शिवरात्रि मेला चलेको थियो । त्यही मौका छोपेर रिपोर्टिङ गर्न गएका थियौं । साँझपख फर्कियौं । रिपोर्टिङ गर्दै गरेको डायरी उतै छोडिएछ । लिन फर्किदा झ्याप्पै रात पर्‍यो । इर्खुवा तर्न साँघु थियो । त्यो जंगल र घारीको बाटो अनि रातमा साँघु खोज्दाखोज्दै म हराएँ । प्रदीप दाई मलाई खोजीरहनुभएको थियो । आवाज सुन्थें, भेट्दैनथे । फोन सम्पर्क गर्न गाह्रो थियो । पारिपट्टि धुमधाम मेला चलिरहेकै थियो । म साँघु खोज्दै निक्कै तल पुगें । नजिकै साँघु देखियो, फाल हाल्दै झरें । तर निक्कै भीर पो रहेछ । अनि अरूण नदीसँगको दोभान पो रहेछ । बीचमा बगाएर ल्याएका रूखका हाँगा रहेछन् । हतार र हतास मुडमा धन्न दुईचार पाइला पछाडि नै रहेछु । होस हराएको बेला त्यहाँ फाल हालेको भए शायद म यो संसारमा हुँदैन थिएँ । फेरि माथि डाँडामा निस्किएँ । अचानक स्थानीय पत्रकार सौगात गौतम दाइको फोनमा सम्पर्क भयो । शायद रातको ८ बजेको थियो । बाइकसहितको टोलीले मलाई इर्खुवामा तार्‍यो ।

म र प्रदीप दाइ सदरमुकाम फर्कने दिनको कहानी छ । दिङ्गला बजारदेखि ३८ किलोमिटर टाढा पर्छ । बेलुकी चार बजेसम्म गाडी कुर्‍यौं, पाइएन । हामी हिँडेर आयौं । त्यहाँबाट हिडेको करिब रातको १२ बजे सदरमुकाम आइपुग्यौं, सुनसान रातमा घनघोर जंगलका बाटोहरू काटेर । रहर नभएर बाध्यता नै थियो त्यो ।

कान्तिपुर आएपछि मैले ल्यापटप, मोबाइल र क्यामरा जोडें । सबै भन्दा खुशीको क्षण बन्यो । बिस्तारै मैले आत्मनिर्भरतालाई जोड दिन थालें ।

मैले स्वतन्त्र रूपमा निष्पक्ष र व्यवसायिक पत्रकारिता गर्दा दलका मान्छे र दलीय पत्रकारिता गर्नेलाई पटक्कै मन परेको थिएन । ग्रामीण पत्रकारिताको दुःख एक हदसम्म त थियो नै अर्को राजनीतिक कार्यकर्ताले गरेको गलत क्रियाकलाप र भ्रष्टाचारका कुरालाई समाचार बनाउँदा दलका कार्यकर्ता र दलमा आवद्ध पत्रकार हरूबाट निकै समस्या आए । निष्पक्षरूपमा समाचारहरू पस्कँदा राजनीतिक कार्यकर्ताहरूले त्यसलाई खण्डन गर्ने र दलमा आवद्ध पत्रकारहरूले त्यो समाचारलाई गलत बनाउने प्रयास हुन्थे । अर्को, म लैंगिक रूपमा महिला र कम उमेर भएकै कारण मेरो परिपक्वता र क्षमतामाथि प्रश्न उठाउने गरिन्थ्यो । दलमा आवद्ध महिला र महिला अधिकारको नाममा गलत क्रियाकलाप गर्ने महिलाहरूबाट नै म धेरै समस्यामा परेको थिएँ । तर अग्रज पत्रकारले दिएको उत्साह, ऊर्जा, प्रोत्साहन र उहाँले हिडाएको निष्पक्ष पत्रकारिताको लामो यात्रामा छु ।

माथि उल्लेख गरिएका कुराहरू मैले भोजपुर छँदा पत्रकारिता गर्दा पाएका अवसर र चुनौती हुन् । पत्रकारिता त्यसै पनि दुखिया कर्म हो । तर आवाजविहीनहरूको मर्म बोल्ने आधार हो ।

विगतका दिनहरूमा पत्रकारिताले प्रजातन्त्र र आन्तरिक लोकतन्त्र सुदृढीकरणका लागि योगदान दियो । राजनीतिक परिवर्तनको भूमिका निभायो । विभिन्न कालखण्डलाई छलाङ मार्दै पत्रकारिता अहिले सामाजिक परिवर्तनको अवस्थामा आएको छ । आजको आवश्यकता यही सामाजिक परिवर्तन भएकाले पनि पत्रकारिताको क्षेत्र यता सोझिएको छ । यसले नेपाली पत्रकारिताको जगतमा धेरै आशातीत सुधार गरेको छ । धेरै मिडिया हाउसहरू खुले, खुलिरहेका छन्, जसले कुनाकन्दराका जनतालाई सुसूचित बनाएको छ । पत्रकारहरूको संख्यामा बृद्धि भएको छ । धेरै संख्यामा पत्रकारको बृद्धि भएपनि महिलाहरूको हकमा भने यो लागू भएको छैन । यसले पत्रकारितामा महिला सहभागिता कति र कुन अवस्थामा र किन भएन भन्ने प्रश्नचिन्ह खडा हुन्छ ।

२००७ सालको क्रान्ति, ०४७ हुँदै ०६२/०६३ को जतिसुकै राजनीतिक परिवर्तनहरू भएपनि समतामूलक मानिएको देशमा महिलाको अवस्थामा आशा गरिएअनुरूप सुधार भएको छैन । पत्रकारितामा महिला सहभागिता फलामको चिउरा चपाउनुजस्तै बनेको छ । यसमा मुख्य समस्या समाजमा महिला पत्रकारलाई हेर्ने दृष्टिकोण र व्याप्त पुरूषप्रधान सोच र अवशेषहरू नै हुन् । पारिवारिक, सामाजिक, आर्थिक, मनोवैज्ञानिक, राजनीतिक जस्ता थुप्रै समस्याहरू छन् । तर यीमध्ये मुख्य कारण भनेकै पुरूषप्रधान सोच हावी हुनु हो । आज महिला पत्रकारहरूले परिवार, समाज, मनोविज्ञानबाट माथि उठेपनि पुरूषका घटिया सोच र प्रवृत्तिले गर्दा मूलधारमा आउन सकेका छैनन् ।

पत्रकारिता समतामूलक न्यायका लागि वकालत गर्ने संवैधानिक अंग हो । तर यही अंगमा महिला सहभागिता एकदमै न्यून छ । मूलधारमा रहेका सञ्चारगृहमा त व्यवसायिक महिला पत्रकारलाई औंलामा गन्न सकिन्छ । जिल्ला तहमा औंलामा गन्न नपुग्ने अवस्था छ । कारण पुरूषप्रधान देशमा महिलाप्रति हाम्रो समाजले हेर्ने र देखाउने दृष्टिकोण, उठाउने चोर औंला नै हो । पुरूषप्रधान समाजमा योग्यता, क्षमता र दक्षता भएपनि महिला भएकैले सामाजिक रूपमा हेपिनुपर्ने विवशता छ । जिम्मेवार क्षेत्रको जिम्मा दिन नचाहने, महिलालाई अगाडि बढाए पुरूषहरू हेपिनुपर्ने, पछि पर्नुपर्ने डरले सञ्चारगृहहरूले सक्षमता र क्षमता हुँदाहुँदै पनि पक्षपात गर्छन् । पछिल्लो समय संख्यात्मक र गुणात्मक हिसाबले बढिरहेका छन् । तर, बर्षौसम्म क्षमतालाई प्रदर्शन गर्ने वातावरण नपाएर धुरूधुरू रोएर कुर्सी छोडेका घटनाहरू पनि प्रशस्त उदाहरणका रूपमा पाइन्छन् ।

महिला पत्रकार चाहेर पनि चुनौतीलाई पार गर्ने वातावरण छैन । सामाजिक बन्धन, शारीरिक बनावट र हेरिने दुष्टिकोणले महिला पत्रकारका लागि झनै चुनौती थपिएको छ ।

समाचार लेखेकै भरमा महिला पत्रकारको इज्जतमाथि दाग लगाउने अनेक प्रपञ्च रचिन्छ । यौन दुर्व्यवहारको शिकार बनाइन्छन् । राजनीतिक दलका नेता, सरकारी कर्मचारीहरूले धाकधम्की देखाउने, लोभलालचमा फसाउने काम गरेर महिला पत्रकारहरूको भविष्यमाथि खेलबाड गरिरहेका हुन्छन् । यतिमात्र हैन, आफ्नै सञ्चारगृहका सहकर्मी पुरूष पत्रकारबाट गिद्धेनजर लगाइन्छ । जुन पुरूषसँग हरेक समाचारको समन्वय गरिहनुपर्ने हुन्छ । तिनै पुरूषसँग इज्जतका लागि पौंठेबाजी गर्नु परिरहेको हुन्छ । मेरो एकजना महिला सहकर्मीले हालै सुनाउनुभएको थियो, 'पुरूष पत्रकारहरू महिलाको क्षमताभन्दा पनि शरीरप्रति आकर्षित भएको कुरा । उनी समाचार कोअर्डिनेटर कहाँ गएकी रहिछन् । कोअर्डिनेटरले समाचार हेरि दिनुको साटो शिरदेखि पाउसम्म नजर लाएछन् । उनलाई अप्ठ्यारो लागेको रहेछ । दोस्रो घटना उनी त्यो साँझ एक्लै महिला पत्रकार रहिछन् । जसलाई समाचार हेर्न लगाएकी थिइन्, ती पुरूष पत्रकार ह्वासह्वास्ती गन्हाउने गरी मादकपदार्थ सेवन गरेर कार्यालय छिरेका रहेछन् । बेसुरमा महिला पत्रकारलाई अपाच्य शव्द प्रयोग गरी उनले अन्य पुरूष पत्रकारसँग छाडा र अपशब्द प्रयोग गरेछन् ।

यसैगरी पुरूष पत्रकारहरूले चाहेको व्यवहारमा संलग्न नभए जागिरबाट निकालिदिने, चरित्र हत्या गर्ने जस्ता अनेक धम्कीको सामना गर्न परिरहेको हुन्छ । महिला पत्रकारहरूलाई मानसिक रूपमा टर्चर दिने, उनको कामप्रति कुनै न कुनै बहानामा खोट लाइदिने गरेका छन् । उनमा नैराश्यता पैदा गर्ने गतिविधि गर्छन् । जो चाहिँ बर्षौदेखि एउटै सञ्चारगृहमा काम गर्दै आएका हुन्छन् । उनीहरू विशेष रिपोर्टिङका लागि आफूलाई सक्षम ठान्छन् । र, सञ्चारगृह आफैले धानेको ठान्छन् । म आफैले पनि बेलाबेला भोगेको छु । मैले मल्टिमिडिया गर्ने भएकाले जुनसुकै बिटको समाचार सामग्री क्षमताले भ्याएअनुसार बनाउनुपर्छ । नसक्ने बिटको सामग्री तयार गर्ने कुरामा बिट रिपोर्टरको साथ दिइन्छ । केही समयअघि मैले मेरा लागि फरक बिटको भिडियो खिच्नुपर्ने भयो । बिट रिपोर्टरले बेलुकी अफिसमा आएर सूचना मागे । मैले जिम्मेवारीअनुसार ल्याएको सूचना दिएँ । उनले चाहेअनुसार आएको रहेनछ । जुन कुरा उनले मलाई अगाडि भनेका पनि थिएनन् । र, त्यही बिषयलाई लिएर कार्यकक्षमा पटकपटक होच्याए । मैले त्यसलाई सामान्य ठानिदिएँ । जब भोलिपल्ट बिहान पनि त्यही कुरा दोहोऱ्याए, मलाई साँच्चिकै हेपेको अनुभूति गरेँ । योभन्दा अगाडि पनि मैले लेखेका केही लेखहरूमा उनले नमज्जाले खिल्ली उडाएका थिए । यस्ता तीता तर यथार्थ अनुभव महिला पत्रकारले समाचारकक्षमा नभोगेका कमै मात्र होलान् । यस्ता चरणको काँडेतार नाघेर व्यवसायिक पत्रकारितामा जमिरहेका महिला पत्रकारले बीचैमा हात धुनुपर्ने बाध्यता छ ।

कडा प्रतिवाद गरेर दोस्रो चरण पार गरिरहेका, व्यवसायिक बनेकाहरूलाई अर्को तेस्रो चुनौती र जिन्दगीकै अन्तिम चुनौतीले घेर्न थालिसकेको हुन्छ । जुन चुनौती चिर्न एकप्रतिशत महिलाहरूको सहभागिता भेटाउन हम्मे पर्ने हुन्छ । विवाह, सामाजिक बन्धन र वैकल्पिक व्यवसायले विश्राम लगाइदिन्छ । विवाह आफैमा पनि बन्धन हो । अझ महिलाका लागि परिवन्द पनि हो । मानसिक, शारीरिक, पारिवारिक, आर्थिक र सामाजिक भूमिकाको भुमरीभित्र फस्नुपर्ने भएपछि पत्रकारितामा महिलाको उपस्थिति स्वतः घट्छ । यसरी पत्रकारिताले महिला पत्रकारलाई नै समतामूलक आरक्षणमा अटाउन सकेको छैन ।

पत्रकारितामा आउन महिला र पुरूष दुबैलाई सहजै छ । तर, पत्रकारितामै टिक्नका लागि महिला पत्रकारलाई थुप्रै चुनौती छन् । आज पनि मूलधारका सञ्चारमाध्यमले न्यूनतम पारिश्रमिक दिन सकेका छैनन् । महिला पत्रकारलाई परिवार, पत्रकारिता र समाजको जिम्मेवारी छ । पुरूष पत्रकारहरूले जिम्मेवारीबाट विमुख गराउने, क्षमता विकासमा महिला पत्रकारलाई अवसर नदिने, तलब सुविधामा विभेद गर्ने जस्ता थुप्रै कारण र समस्याहरूले गर्दा महिला पत्रकारहरू क्षमता र दक्षताको प्रदर्शनबाट टाढिन बाध्य छन् । अवसरसँगैका चुनौतीलाई चिर्न फेरि पनि असम्भव भने पक्कै छैन ।

**(राई नेपाल पत्रकार महासंघ भोजपुर शाखाको उपाध्यक्ष हुनुहुन्छ)**

# पत्रकारितामा महिलाको संख्यात्मक र गुणात्मक सहअस्तित्व चाहिन्छ

**पत्रकारितामा आउन महिला र पुरुष दुबैलाई सहजै छ । तर, पत्रकारितामै टिक्नका लागि महिला पत्रकारलाई थुप्रै चुनौती छन् । आज पनि मूलधारका सञ्चारमाध्यमले न्यूनतम पारिश्रमिक दिन सकेका छैनन् । महिला पत्रकारलाई परिवार, पत्रकारिता र समाजको जिम्मेवारी छ । पुरुष पत्रकारहरुले जिम्मेवारीबाट विमुख गराउने, क्षमता विकासमा महिला पत्रकारलाई अवसर नदिने, तलब सुविधामा विभेद गर्ने जस्ता थुप्रै कारण र समस्याहरुले गर्दा महिला पत्रकारहरू क्षमता र दक्षताको प्रदर्शनबाट टाढिन बाध्य छन् । अवसरसँगैका चुनौतीलाई चिर्न फेरि पनि असम्भव भने पक्कै छैन ।**



विमला पाण्डे

पत्रकारिता पेशा समाजको ऐना हो । जसले समाज (जनता) र राज्यबीचको दूरीलाई कम गर्न अथवा जोड्न आफ्ना लेखरचना, आवाज वा दृश्यका माध्यमबाट महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसैले राज्यका महत्वपूर्ण अंगहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकापछिको महत्वपूर्ण अंग र पहरेदारका रूपमा पत्रकारिता पेशालाई लिने गरिएको छ ।

नेपाल पत्रकार महासंघको विधानको परिभाषामा छापा, प्रसारण तथा अनलाइन जस्ता कुनै पनि प्रकृतिका आमसञ्चारका माध्यमसँग आवद्ध यस विधान बमोजिम तोकिएको योग्यता पुगेको समाचार संकलन, उत्पादन, सम्पादन, सम्प्रेषण, समाचार लेखन/पुनर्लेखन गर्ने कार्यका साथै नियमित स्तम्भ लेखक, कार्टुनिष्ट, फोटो पत्रकार, प्रेस क्यामरापर्सन, समाचार तथा समाचारमूलक कार्यक्रम निर्माता तथा सञ्चालक, समीक्षक, साजसज्जा, स्केच, भाषा तथा श्रब्य दृश्य सम्पादक एवं स्वतन्त्र पत्रकार समेतलाई पत्रकार भनि परिभाषित गरिएको छ ।

नेपाल पत्रकार महासंघले सदस्य बन्नका लागि सहज वातावरणको सिर्जना गर्दै महिला पत्रकारलाई प्राथमिकतामा समेत राखेको छ । नेतृत्वमा आरक्षणको व्यवस्था गर्नुका साथै अन्य पत्रकारिताका हकहितमा काम गर्ने संस्थाहरूले समेत पछिल्लो समय महिला पत्रकारलाई नेतृत्वमा ल्याउन विशेष व्यवस्था समेत गरेका छन् तर पत्रकारितामा पुरुषको तुलनामा महिलाको संख्या अत्यधिक न्यून रहेको छ । तर महिलाको संख्यात्मक र गुणात्मक विकास गति भने त्यति खुशी हुनुपर्ने खालको देखिएको छैन ।

विश्वभरि नै पत्रकार महिलाको अवस्था नाजुक देखिएको पाइन्छ । अन्य क्षेत्र जस्तै पत्रकारितामा लागेका महिलाको अस्तित्व स्वीकार गरिएको पाइँदैन । लैंगिक भेदभावको प्रत्यक्ष प्रभाव पत्रकार महिलामाथि पनि परेको विभिन्न अध्ययनहरूबाट देखिन्छ । पछिल्लो समयमा समेत महिला पत्रकारले कानुनी बाधा भेदभाव र अपमानजनक व्यवहारहरू सामना गर्नु परिरहेको छ । तथापि पत्रकारितालाई पेशा बनाएर काम गर्ने महिलाहरू नभएका भने होइनन् ।

नेपालमा २००७ सालभन्दा अगाडि पत्रकारिता गर्ने महिला पाउन गाह्रो थियो । महिला घर बाहिर निस्कने र काम गर्ने वातावरण सोँच्न समेत सकिँदैन थियो । त्यतिबेला मात्र हैन त्यही समयको परिवेशसँग मिल्नेगरी महिलालाई सामाजिक एवं साँस्कृतिक मान्यताअनुसार प्रजनन र चुलोचौकोका काममा मात्र लगाउने परिपाटीको असर अहिले पनि उस्तै छ । पत्रकारितामा पनि यसको असर नपर्ने कुरै भएन ।

२००७ सालको राजनैतिक परिवर्तन, संविधान र राष्ट्रिय कानुनले महिलालाई पुरूष समान अधिकार दियो । नेपालको अन्तरिम शासन विधान २००७ को धारा १५ ले लिंगका आधारमा हुने भेदभावलाई बन्देज गरेपछि समताको अभ्यास हुन थाल्यो । त्यसपछि नेपाली पत्रकारिता जगतमा पनि महिलाको प्रवेश भयो । वि.सं. २००८ मा साधना प्रधान र कामाक्षादेवीको सम्पादनमा 'महिला' नामक नेपाली भाषाको मासिक पत्रिका प्रकाशित भयो । त्यही पत्रिकाले नै नेपाली पत्रकारिता क्षेत्रमा महिला संलग्नताको इतिहास बोकेको पाइन्छ । उक्त पत्रिकामा शलवन्ती, मधुकरी, प्रमिला सहसम्पादक थिए भने मायादेवीले व्यवस्थापनको भूमिका निर्वाह गरेकी थिइन् । त्यसपछि वि.सं. २००८ असोजमा प्रियम्वदा शर्माको प्रधान सम्पादकत्वमा 'प्रभा' (मासिक) पत्रिका प्रकाशित भयो ।

यस्तै, वि.सं. २००९ मा कुन्तीदेवीको सम्पादकत्वमा 'प्रतिभा' (मासिक) पत्रिका प्रकाशित भयो । त्यसपछि २०१० सालमा रमादेवीले 'जनविकास' (मासिक) पत्रिकाको सम्पादक तथा प्रकाशकको रूपमा काम गरिन् । 'जनविकास' पत्रिका १२ अंकसम्म प्रकाशित भयो भने रमादेवीले २०११ सालमा 'जनसाहित्य' (द्वैमासिक) नामको अर्को पत्रिका पनि प्रकाशित गरिन् ।

वि.सं. २०१२ सालको नागरिक अधिकार ऐनको दफा ६ (१) ले सबै नागरिक (महिला, पुरूष वा अन्य) लाई 'वाक्' र 'प्रकाशन' स्वतन्त्रता दिएपछि महिलालाई पत्रकारिता पेशा अँगाल्न थप सहज भएको पाइन्छ ।

यति हुँदाहुँदै पनि २०४६ सालको जनआन्दोलनसम्म आइपुग्दा समेत नेपाली पत्रकारितामा पत्रकार महिलाको अवस्था निराशाजनक नै पाइन्छ । २०४६ सालको परिवर्तनसँगै देशमा सञ्चार उद्योग उल्लेखनीय रूपमा बढेसँगै पुरूष पत्रकारको संख्या झनै बढेको छ । पुरूष पत्रकारको तुलनामा पत्रकार महिलाको संख्यात्मक र गुणात्मक अवस्थालाई हेर्दा खुशी मान्नसक्ने अवस्था भने रहेको छैन ।

पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासंघका देशभरिका १३ हजार ५० जना सदस्यहरूमा महिलाको संख्या २ हजार ३ सय ५४ रहेको छ । यो संख्या जम्मा १८ दशमलव शून्य ४ प्रतिशत हो । यसले पनि महिलाहरूको पत्रकारिता पेशामा आगमन नै न्यून रहेको देखिएको छ । सञ्चारिका समूहले सन २००५ मा गरेको एक अध्ययनले महिला पत्रकारका समस्यालाई उजागर गर्‍यो । 'सञ्चारकर्मी महिलाको अवस्था' नामक उक्त अध्ययनले नेपालका महिला पत्रकारहरूको अवस्था कमजोर रहेको, संख्या कम रहेको, तालिम, विदा, तलब, पेशागत सुरक्षा, सहभागिता जस्ता विषयमा महिलाको अवस्था दयनीय भएको देखाएको थियो । जुन अध्ययनले नेपालका मिडिया नीतिहरू महिलामैत्री बनाउनुपर्ने, महिला सहभागिता र पेशागत सुरक्षाका लागि प्रोत्साहन गर्नु पर्ने लगायतका विषयमा सुझाव दिएको छ ।

इन्टरनेशनल फेडरेशन अफ जर्नालिष्टस् (आइएफजे)ले सन् २०१५ को मार्चमा काठमाडौंमा गरेको एक अध्ययनले पनि काठमाडौंमा रहेका पत्रकार महिलाको अवस्था पुरूषको तुलनामा दयनीय देखाएको थियो । उक्त सर्वेक्षणले जम्मा पत्रकारमा महिलाको संख्या २४ प्रतिशत रहेको देखाएको थियो । सरकारी सञ्चारमाध्यममा महिलाको जिम्मेवारी तल्लोस्तरमा मात्र देखिएको थियो । यसको कारणका रूपमा महिलामैत्री सरकारी नीति नहुनुलाई देखाइयो । यस अध्ययनले पनि महिला पत्रकारका समस्याका रूपमा काम गर्ने वातावरण नपाउनु, लैंगिकमैत्री नीति नियम नहुनु, उचित पारिश्रमिक तथा विदाका व्यवस्था नहुनु, सामाजिक विभेद, भौगोलिक अवस्था समेत बाधक रहेको देखाएको थियो ।

महिला पत्रकारहरू टिकिरहन नसकेको, स्थान तथा पेशा नै परिवर्तन गरिरहेको र नेतृत्वमा पुगेका महिलाहरू पनि हराएको पाइयो । महिला पत्रकारलाई पत्रकार महासंघको सदस्यता दिनेदेखि नेतृत्वमा लैजान लगाउने काममा नेतृत्व नै गम्भीर नबनेको देखिन्छ ।

यता श्रम ऐन २०७४ को दफा ७ ले समान कामको लागि पारिश्रमिकमा भेदभाव गर्न नहुने भनी उल्लेख गरेको छ । सोही दफाको उपदफा १ ले लिङ्गको आधारमा श्रमिकबीच समान मूल्यको काम (इक्वयल भ्यालु अफ वर्क) को लागि पारिश्रमिकमा भेदभाव गर्न हुँदैन भनी उल्लेख गरेको छ । सोही ऐनको दफा ५१ (१) ले श्रमिकले बिरामी बिदा, किरिया बिदा, प्रसूति बिदालाई अधिकारका रूपमा व्याख्या गरेको छ तर अध्ययनहरूले महिला पत्रकारले सुत्केरी हुने अवस्थामा बिदा नपाउने र पेशा नै छोड्नुपरेको अवस्था छ । रोजगारदाता अथवा सञ्चारमाध्यमले यस विषयलाई नीतिमै समावेश गर्नुपर्ने भए पनि त्यस्तो गरेको पाइँदैन ।

हालसम्म सामाजिक ऐनाका रूपमा रहेको पत्रकारिताका चुनौती र महिला पत्रकारको वास्तविक अवस्थाको बारेमा अध्ययन एकदम कम भएका छन् । नेपाल पत्रकार महासंघ, क्रियाशील पत्रकार महिला, सञ्चारिका समूह लगायतले २०६३/०६४ तिर गरेका ३ वटा राष्ट्रिय सम्मेलनहरूले समेत महिलाको संख्यात्मक सहभागिता, अर्थपूर्ण सहभागिता, रोजगारीको सुरक्षा तथा अवसर र पेशागत टिकाउपनका बारेमा छलफल गरेको थियो । आजसम्म पनि ती सम्मेलनले पास गरेका विषयहरू त्यही अवस्थामा रहेका छन् । अब पनि त्यही विषयमा छलफल गरी काम गर्नुपर्ने अवस्था छ ।

नेपालमा महिलाका नाममा सञ्चालित मिडिया हाउसहरू छन् । जुन मिडिया हाउसहरू महिला नै टिक्न नसकेका बेला टिकाउनु कम्ति चुनौतीपूर्ण छैन । ती मिडिया सञ्चालन गर्ने महिलाका पीडा त्यसमा पनि मोफसलमा बसेर पत्रकारिता गर्नु निकै चुनौतीपूर्ण छ । यतिबेला ती समस्या, चुनौती र अबको मार्गका विषयमा नेपाल पत्रकार महासंघ लगायतका पत्रकारिताका हितमा काम गर्ने संस्थाहरूले सोँच्ने बेला भएको छ । त्यस्ता मिडिया हाउसलाई प्रोत्साहनसहित टिकाउनका लागि नेतृत्वको भूमिका जरूरी देखिएको छ । उनीहरूको क्षमता विकास महत्वपूर्ण छ । यसतर्फ महासंघको ध्यान जानुपर्ने देखिएको छ ।

**(पाण्डे नेपाल पत्रकार महासंघ सिन्धुलीको उपाध्यक्ष तथा साझा नेपाल साप्ताहिकका सम्पादक हुनुहुन्छ)**

# विभिन्न समस्याले पत्रकारितामा टिक्दैनन् महिला

**यी सबै समस्याहरूलाई हल गर्दै राज्यको समावेशी सिद्धान्तलाई कार्यान्वयन गर्न महिलाहरूलाई पत्रकारिता क्षेत्रमा क्रियाशील बनाएर अघि बढ्न विभिन्न योजनाका साथ काम गर्नुपर्ने आवश्यकता छ । समग्र पत्रकारिता क्षेत्रलाई उत्पादनमुखी, आयआर्जनमुखी र व्यवसायिक रूपले अगाडि बढाएर भविष्य सुनिश्चित हुने खालको बनाउन सकेमा मात्र पत्रकारिताबाट पलायन हुने महिलाहरूको संख्या घटाउन सकिन्छ । त्यस्तै उनीहरूलाई संगठित गरेर नेतृत्व लगायतका क्षमता विकास गर्न जरुरी देखिन्छ ।**



मनिषा केसी

पत्रकारितालाई राज्यको चौथो अंगको रुपमा बुझिन्छ । नागरिकलाई सु-सूचित गर्ने र आम नागरिकका सवालमाथि राज्यलाई समेत सचेत गराउने पत्रकारिताको क्षेत्र पछिल्लो समयमा फराकिलो बन्दै गएको छ। पत्रकारिता गर्नका लागि विभिन्न आधुनिक सञ्चार माध्यम र प्रविधिको विकास हुँदै गएको छ । पत्रपत्रिका, रेडियो, टेलिभिजनका साथै अनलाइनहरुमा काम गर्नका लागि थुप्रै पत्रकारहरु क्रियाशील रहेको अवस्था छ । पत्रकारिता आफैमा जटिल र संवेदनशील पेशा हो। त्यसमाथि पेशाप्रति क्रियाशीलता, लगनशीलता र निरन्तरता दिनु निकै नै कठिन छ।

समग्र पत्रकारिता क्षेत्रमा थुप्रै चुनौतीहरु त छन् नै, त्यसमाथि महिलाहरुका लागि आउने चुनौती र समस्याहरुको सामना गर्न नसक्दा महिलाहरु पत्रकारिता क्षेत्रमा टिक्न नसकिरहेको अवस्था छ । नेपालको संविधान २०७२ ले राज्यका सबै क्षेत्रहरुमा समावेशिताको परिकल्पना गरेको छ । त्यसै अनुरुप पत्रकारिता क्षेत्रमा समेत महिलाका लागि उक्त व्यवस्था कार्यान्वयन गर्ने हो भने थुप्रै सम्भावनाहरु समेत रहेका छन् । पेशागतरुपमा विभिन्न सञ्चारमाध्यमहरुमा पाउने अवसर र संगठित भएर अगाडि बढ्दा संघसंगठनहरुमा समेत हुने आरक्षण व्यवस्थाले विगतको भन्दा अहिले सहज छ। उदाहरणका लागि नेपाल पत्रकार महासंघमा समेत महिला र समावेशी पदाधिकारीको व्यवस्था गर्दा महिलाहरुलाई त्यस स्थानमा पुग्न सहज भएको छ। यद्यपि त्यसलाई

सदुपयोग गरेर नेतृत्व विकास गर्दै माथिल्लो पदमा पुग्न महिलाहरु स्वयंले नसकेको देखिन्छ। त्यसका पनि विभिन्न कारणहरु छन्। महिलाहरुलाई आरक्षण मात्रै हो, खुला पदहरु पुरुषहरुको मात्रै हो भन्ने भ्रम, महिलाहरुको सक्रियता नहुनु जस्ता कारणले पछाडि पर्नुपरेको अवस्था छ।

महिलाहरुको सक्रियता नहुने पनि थुप्रै कारणहरु छन्। सामाजिकरुपमा महिलाहरुलाई हेर्ने दृष्टिकोण, घरायसी समस्या, आयआर्जनको मुख्य स्रोत पत्रकारिता क्षेत्र नहुनु जस्ता समस्याले महिलाहरु पत्रकारिता क्षेत्रबाट पलायन हुने समस्या बढेको छ। त्यसमा पनि विवाहपूर्वको पत्रकारिता र विवाहपछिको पत्रकारितामा फरक पाइन्छ। विवाहपछि पारिवारिक झमेला, कामको बोझ, कतिपय अवस्थामा परिवारले समेत सहयोग नगर्दा विवाहअघि पत्रकारिता क्षेत्रमा गरेको योगदान त्यत्तिकै हराउने गरेको छ। पत्रकारिता एकै ठाउँमा कार्यालयमा बसेर मात्र गर्न सकिने पेशा होइन। समाचार संकलन, विभिन्न बहस, अन्तर्क्रिया सञ्चालन लगायतका सिलसिलामा दुर्गम गाउँगाउँसम्म पुग्नुपर्ने हुन्छ। त्यसवापत पाउने पारिश्रमिकले उनीहरुको जीवन निर्वाहसम्म हुन नसक्ने अवस्था छ, । त्यसमा पनि लामोसमयसम्म घरबाहिर जाँदा परिवारको सहयोग नपाउने अर्को समस्या छ। त्यस्तै कार्यरत सञ्चारमाध्यममा समेत महिलामाथि विभेद र यौनजन्य हिंसामा परेका घटनाहरु समाजमा देखिन्छन्। शुरुमा पत्रकारिता क्षेत्रमा महिलाहरुको आकर्षण बढेपनि रेडियोमा कार्यक्रम प्रस्तोतामा मात्र सीमित हुने र त्यसलाई पनि निरन्तरता दिन मुश्किल हुने हुँदा महिला पत्रकारको संख्या समेत कम रहेको छ।

रुकुम जिल्लाको सन्दर्भमा पछिल्लो समयमा करिब ८ वटा स्थानीय एफएम रेडियो, एउटा दैनिक र २ वटा साप्ताहिक पत्रिकाहरु सञ्चालित छन्। साथै राष्ट्रियस्तरका चलेका सबैजसो सञ्चारमाध्यममा रिपोर्टिङ गर्ने पत्रकारहरु समेत क्रियाशील छन्। २०७३ सालसम्म नेपाल पत्रकार महासंघको साधारण सदस्यता प्राप्त पत्रकारहरुको संख्या १०७ जना रहेको छ। तर त्यसको २ वर्षपछिको अवस्था अहिले हेर्दा क्रियाशीलहरुको संख्या निकै घटेको छ। अहिले करिब ४०-५० जना मात्र क्रियाशील रहेको अवस्था छ। जिल्लामा महासंघको सदस्यता लिएका २८ जना महिला पत्रकार भए पनि क्रियाशील महिला पत्रकार भने करिब ७-८ जना मात्रै रहेका छन्। यसरी क्रियाशीलताको संख्या घट्नुमा यस पेशामा भविष्य सुनिश्चित नहुनु नै मुख्य कारण हो। महिलाहरुको हकमा भने विवाह गरेर गएपछि पेशालाई निरन्तरता नदिएको उदाहरणहरु धेरै छन्। परिवारले पत्रकारिताबाट नियमितरुपमा पारिश्रमिकको अपेक्षा गर्ने तर कार्यरत सञ्चारमाध्यमले नियमितरुपमा उचित पारिश्रमिक नपाउने, सामाजिक सुरक्षाको ग्यारेण्टी नहुने जस्ता कारणले महिलाहरु यस क्षेत्रमा टिक्न नसकेको पाइन्छ।

यी सबै समस्याहरुलाई हल गर्दै राज्यको समावेशी सिद्धान्तलाई कार्यान्वयन गर्न महिलाहरुलाई पत्रकारिता क्षेत्रमा क्रियाशील बनाएर अघि बढ्न विभिन्न योजनाका साथ काम गर्नुपर्ने आवश्यकता छ। समग्र पत्रकारिता क्षेत्रलाई उत्पादनमुखी, आयआर्जनमुखी र व्यवसायिक रुपले अगाडि बढाएर भविष्य सुनिश्चित हुने खालको बनाउन सकेमा मात्र पत्रकारिताबाट पलायन हुने महिलाहरुको संख्या घटाउन सकिन्छ। त्यस्तै उनीहरुलाई संगठित गरेर नेतृत्व लगायतका क्षमता विकास गर्न जरुरी देखिन्छ। सञ्चारमाध्यममा महिलाहरुमाथि गरिने दुर्व्यवहार र हिंसा न्यूनिकरण गर्न सचेतना कार्यक्रम गरी कडाईका साथ कानुन कार्यान्वयनमा जोड दिएमा त्यस्ता घटनाहरुमा पनि कमी आउनेछ। यी सबै कार्यका लागि नेपाल पत्रकार महासंघ र विभिन्न पेशागत संघसंगठनहहरुले नेतृत्व लिएर अगाडि बढेमा यस्ता समस्याहरुको समाधान गर्न सकिने छ।

(केसी नेपाल पत्रकार महासंघ रुकुम शाखाकी उपाध्यक्ष हुनुहुन्छ)

# पत्रकार महिलाको अवस्था र चुनौती

**ठूलो जोश र आँट लिएर प्रवेश गर्ने पत्रकारिताको क्षेत्रमा किन केही समयपश्चात नै पेशा छोड्ने अवस्थाको सिर्जना हुन्छ ? पत्रकार  महिला भएको नाताले हामीले छुट्टै सम्मान चाहेका छैनौ र चाहने पनि छैनौ । चाहेका छौं त केवल आत्मसम्मान अनि पुरुष पत्रकार दाजुभाइमाझ समानरूपमा काम गर्नसक्ने वातावरण ।**



पार्वती पाण्डे

पत्रकारिता पेशा जिम्मेवारी, सक्रियता र विश्वसनीयताको प्रतीक हो । समाजको तेस्रो आँखा र राज्यको चौथो अंगका रुपमा पत्रकारितालाई हेर्दै आइएको छ । यो पेशा आफैमा निकै चुनौतीपूर्ण छ । यो पेशा महिलाहरूका लागि मात्रै हैन पुरुषका लागि पनि त्यत्ति नै चुनौतीपूर्ण छ । महिला र पुरुषले सामना गर्नंपर्ने चुनौती भने फरक छन् । पत्रकार पुरुषका लागि आर्थिक र भौतिक असुरक्षा छ भने महिलाले आर्थिक भौतिकका साथै सामाजिक असुरक्षाको समेत सामना गर्नंपर्ने वाध्यता  हाम्रो समाजमा छ । समाजका कुरीति र कुसंस्कारका विरुद्ध आवाज उठाउने पत्रकारिता गर्ने र गर्न चाहने महिला स्वयं सामाजिक असुरक्षाबाट ग्रसित छन् ।

**अवस्था** :

कपिलवस्तु तथा तराईका जिल्लामा व्यवसायिक पत्रकारिता गर्ने महिला पत्रकार ज्यादै न्यून मात्रामा देखिन्छन् । कपिलवस्तुमा पत्रकारिताको ३० बर्षीय इतिहासमा १५ बर्षअघि मात्र पत्रकारिता क्षेत्रमा महिलाले पाइला टेकेका थिए । नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखामा अहिले १३६ जना पत्रकारमा महिलाको संख्या जम्मा २२ मात्र छ । जुन आफैमा ३३ प्रतिशत भन्दा कम हो । अझ यसमा क्रियाशील महिला पत्रकारको संख्या न्यून छ । जिल्लामा रहेका ११ वटा रेडियो तथा ७ वटा पत्रिकामा काम गर्ने सञ्चार क्षेत्रका अधिकांश महिला व्यवसायिक रुपमा पत्रकारितामा लागेको पाइँदैन । पुरुष पत्रकारको तुलनामा रिपोर्टिङमा हिड्ने अनि समाचार

लेख्ने महिलाहरुको संख्या औंलामा गन्न सकिने अवस्था छ । पत्रिका र रेडियोमा पनि समाचारको क्षेत्रमा काम गर्ने महिला पत्रकार कमै छन् । महिला पत्रकारहरु केवल समाचार वाचन र रेडियो कार्यक्रममा मात्र सीमित भएको देखिन्छ । कार्यक्रममा पनि विकासे कार्यक्रम चलाउनु भन्दा पनि मनोरञ्जनात्मक कार्यक्रम चलाउने मात्र बढी देखिन्छ ।

वर्तमान समयमा पनि अधिकांश महिला पत्रकारहरु आफ्नो कार्यक्षेत्रमा खुलेर लाग्न सक्ने अवस्था छैन । मिडियामा काम गर्ने समयका चुनौतीदेखि पारिश्रमिकसम्मका कुराहरुले गर्दा पत्रकारिता क्षेत्रमा महिलाहरु पुरुषको तुलनामा निकै पछाडि पर्दै गएका छन् । कपिलवस्तुका सबै सञ्चार संस्थामा महिलाको नेतृत्व छैन भने पारिश्रमिकमा पनि समानता देखिँदैन । पत्रकार महिलाको निरन्तरता र क्रियाशीलताको विषय पटकपटक बहस बन्ने गरेको छ । पत्रकारितामा महिलाको उपस्थिति न्यून भयो । क्षमतावान हुन सकेनन् तर हामी यो कुरा सोच्दैनौं कि पत्रकार महिलाहरुको क्षमता किन कम भयो त ? किन महिलाहरु पत्रकारितामा कम हुन्छन् ? पत्रकारितामा धेरै समय किन टिक्दैनन् ? भन्ने विषयप्रति कमै मात्रको चासो गएको देखिन्छ ।

बहस र मुद्दा बनाउनुको साटो सकारात्मक अभियान चालेर पत्रकारितामा आएका महिलाहरुलाई उत्प्रेरणा दिने आँटसम्म पनि गर्दैनौ । राज्यको चौथो अंग मानिने पत्रकारिताका क्षेत्रमा महिला पत्रकारहरु पेशामा लागेको केही समयपछि नै पलायन हुन्छन् । के महिलाहरु पुँरुषको तुलनामा दीर्घकालसम्म यस पेशामा रहन सक्दैनन् ? यो एक गम्भीर प्रश्न बनेर नेपाली पत्रकारिता क्षेत्रको वरि परि घुमिरहेको छ । महिला पत्रकार ठूलो जोश र आँट लिएर पत्रकारितामा प्रवेश गर्दछन् । तर पनि बीचैमा आउने विविध समस्याहरुले गर्दा पत्रकारिताको क्षेत्रमा केही समयपश्चात नै पेशा छोड्ने अवस्था सिर्जना भइदिन्छ । यो एकदमै बहसको विषय बनेको छ ।

**चुनौती** :

राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता क्षेत्रमा आवद्ध भई काम गर्ने पत्रकार महिला पनि त्यतिकै सजक र चनाखो हुनुपर्ने पेशागत दायित्व पनि हो । तर, साँघुरो घेराभित्र रहेको हाम्रो समाजले नै त्यस्ता चुनौती थपेको छ, जुन चुनौतीका कारण पत्रकार महिला पेशाबाटै पलायन हुन बाध्य छन् । विशेषगरी यस्ता चुनौतीहरुको सामना मोफसलमा बसेर पत्रकारिता गरिरहेका पत्रकार महिलाले भोग्दै आइरहेका छन् । शारीरिक र बौद्धिक दुबै कुरामा अगाडि हुनुपर्ने पत्रकारिता पेशामा लागेका पत्रकार महिलाले अवसर भन्दा पनि धेरै चुनौती नै खेप्नु परेको छ ।

मोफसलमा बसेर पत्रकारिता गर्दै आइरहेका महिलाहरुले सामाजिक, आर्थिक र नैतिकरुपमा चुनौतीको सामना गर्नं परिरहेको हुन्छ । आम समाजको हौसला र प्रोत्साहनभन्दा पनि बढी आलोचनाको सामना गर्न बाँध्य छन् मोफसलका पत्रकार महिलाहरु । उसै त आम महिलाहरुको चरित्रमाथि नै दाग लगाउन तल्लीन हाम्रो समाजले अझ पत्रकार महिलामाथि यस्ता थुप्रै चुनौती खडा गरेको छ । आफूले काम गर्ने सञ्चार संस्थामा निर्णायक भूमिका निर्वाह गर्न नपाउनु, पत्रकारहरुका संघसंगठनमा नेतृत्व तहमा पत्रकार महिलाको सहभागिता हुन नदिनु वा नेतृत्वमा बसालेर महिलाले नेतृत्व सम्माल्न सक्दैनन् भन्नु, ठूला सञ्चारगृहमा वा राष्ट्रिय सञ्चारगृहमा जिल्लाबाट सम्वाददाता राख्दा होस् वा जिल्लाको सञ्चार डेस्कमा पत्रकार महिलालाई प्राथमिकता वा अवसर नदिनुले पनि अवसरभन्दा धेरै चुनौती देखिएको छ । राष्ट्रिय सञ्चार माध्यमहरुमा जिल्लाबाट सम्वाददाता छनोट गर्दा पत्रकार महिलाले काम गर्न सक्दैनन् भनी पुरुषको नाम नै सिफारिस गर्नं र पत्रकार महासंघले समेत पत्रकार महिलाहरुका लागि कुनै कदम नचाल्नुले पनि पत्रकार महिलाहरु चुनौतीका बीचमा काम गर्न बाध्य छन् ।

महिलालाई अवसर दिनुपर्छ भन्ने तर, व्यवहारमा भने लागु नगर्ने हुँदा पनि पत्रकार महिलालाई चुनौती थपिएको छ । साथ दिन्छौ अगाडि बढ् भन्ने तर, खुट्टा तान्ने प्रवृत्तिले गर्दा पनि पत्रकार महिलाहरु नेतृत्व तहसम्म पुग्न सकेका छैनन् । पत्रकार महिलाले गरेको काममा विश्वास नगर्नं र अधिकारका बारेमा आवाज उठाउन खोजे सञ्चार माध्यमबाट नै निकाल्नु जस्ता चुनौतीले गर्दा पत्रकार महिला रहरले नभई बाध्यताले अन्य पेशामा लाग्नु परेको तितो यथार्थ हाम्रोसामु छ ।

पत्रकारिता क्षेत्रका माध्यमबाट समाज परिवर्तन र महिलाले भोगेका समस्या बारेमा आवाज उठाउँछु भन्ने उद्देश्य बोकेर आएका पत्रकार महिलाहरु आफै हिंसामा परी पेशा नै परिर्वतन गर्न पुग्छन् । यो उनीहरुको रहर होइन बाध्यता हो । पीडित महिलाहरुको आवाज बन्दाबन्दै कतिखेर कहाँ आफै हिंसामा पर्छन् थाहै हुँदैन । एक त पारिश्रमिक कम त्यसैमा पनि पत्रकार महिलाहरुको अनुभवको कदर नहुनु, समयमा पारिश्रमिक नपाउनु, शब्दकै माध्यमबाट सहकर्मीहरुबाटै हिंसामा पर्नं जस्ता चुनौती खेप्न मोफसलका पत्रकार महिलाहरु बाध्य छन् ।

**अपेक्षा** :

समाज, आफन्त र घरपरिवारको समस्या र चुनौती झेल्दै पत्रकारिता जस्तो पेशामा होमिएका महिला पत्रकारले आफ्नो पेशालाई निरन्तरता दिनु नै यसको उत्तम विकल्प देखिन्छ । समाज परिवर्तनको अभियानमा लागेका पत्रकार महिलालाई आउने चुनौतिको सामना गर्न योग्य स्वयं समाजका सकारात्मक व्यक्तिहरु र परिवारबाटै हुनु जरुरी देखिन्छ । पत्रकार महिलाको संख्या घट्दो छ र क्षमता न्यून छ भन्ने टिप्पणी मात्र होइन उनीहरुलाई अवसर र सम्भावना समेत दखाइदिनुपर्छ । राज्यका हरेक निकायले महिला पत्रकारलाई क्रियाशील बनाउन र पेशामा टिकाइराख्नका लागि अधिकतम हौसला र अवसर दिनुपर्ने पत्रकार महिलाहरुको अपेक्षा छ । सञ्चारमाध्यम, सरकारी गैरसर कारी निकायले महिला पत्रकार र उनीहरुको क्षमतालाई हेर्ने दृष्टिकोषमा परिवर्तन ल्याउनु आवश्यक छ । पुरुष सरह श्रम र सम्मान पाउनु महिला पत्रकारको अधिकार हो । समाजको लैंगिक विभेद अन्त्य गर्दै समुन्नत समाज स्थापनाका लागि स्थानीय तहको अभियान र महिला पत्रकारको सक्रियता अपरिहार्य छ । सरोकारवालाले महिला पत्रकारलाई पनि पुरुष सरह सक्रिय र सक्षम छन् भन्ने बुझ्न र अवसर दिने अपेक्षा पत्रकार महिलाको छ । "पत्रकार महिलाहरुलाई पेशामा टिकाइराख्नका लागि पहिलो अवसर दिनु पर्छ । दोस्रो श्रमजीवी ऐन अनुसारको पारिश्रमिक, तेस्रो समय समयमा विभिन्न तालिमहरुमा सहभागी गराइनु पर्छ । नेपाल पत्रकार महासंघले जिल्ला तहदेखि केन्द्रसम्म पत्रकार महिलाहरुलाई विशेष योजनासहितको अवसर र सहयोग गर्नु आवश्यक छ । स्वयं पत्रकार महिलाहरु पनि पेशाप्रति क्रियाशील र अध्ययनशील हुनु पर्छ ।"

पत्रकार महिलाहरुसँग क्षमता, दक्षता र सक्रियता भएपछि वैवाहिक बन्धनले पत्रकारिताको क्रियाशीलताबाट पन्छिन बाध्य बनायो । जीवनयापनका लागि पत्रकारिताको सट्टा वैकल्पिक व्यवसाय अँगाल्न पर्ने अवस्थामा पुर्‍याएको छ । मूलधारका सञ्चारमाध्यममा उपस्थिति र सक्रियताहरुलाई शून्यमा पुर्‍याइरहेको छ । विवाहपछि घर परिवार र समाजले हेर्ने दृष्टिकोण र जिम्मेवारीको डरले पत्रकारिता छोड्नपर्ने समस्या छ । पत्रकारितामा आउन पुरुषलाई जति सजिलो छ, महिलालाई उतिकै कठिन छ ।

**(पाण्डे नेपाल पत्रकार महासंघ, कपिलवस्तु शाखाकी उपाध्यक्ष हुनुहुन्छ)**

# लमजुङका पत्रकार महिलाको अवस्था र चुनौती



**शान्ता कमली**

पत्रकारिता पेशा निकै चुनौतीपूर्ण छ । यो पेशा महिलाहरूका लागि मात्रै हैन पुरुषका लागि पनि त्यत्ति नै चुनौतीपूर्ण छ । महिला र पुरूषले सामना गर्नपर्ने चुनौती भने फरक छन् । पत्रकार पुरूषलाई आर्थिक र भौतिक असुरक्षा छ भने महिलाले यसका साथै सामाजिक असुरक्षाको सामना गर्नुपर्ने वाध्यता छ । मैले पत्रकारिता सुरू गरेको ७ वर्ष भयो । म हाल नेपाल पत्रकार महासंघ लमजुङको कोषाध्यक्ष र सञ्चारिका समुह लमजुङको अध्यक्ष भएर काम गदै आएकी छु । साथमा म ३ वर्षदेखि नयाँ पत्रिका दैनिकको लमजुङ र मनाङको सम्वाददाताको रूपमा काम गर्छु भने स्थानीय रेडियो लमजुङको ४ वर्षदेखि समाचार प्रमुखको जिम्मेवारी लिई काम गर्दै आएको छु । तर मैले पत्रकारिता गरिरहँदा जिल्लामा महिला पत्रकारले व्यवसायिक रूपमा पत्रकारितालाई अगाडि बढाएको भने पाएन । कारण पहाडी जिल्लामा पत्रकारितामा राम्रो काम गरेर अघि बढ्छु भन्ने महिला पत्रकार कमै भेटिन्छन् । भएका पनि एउटा कार्यक्रम चलाउने बढी भेटिन्छन् । जसले गर्दा पत्रकारितामा टिक्दैनन् । समाचारमा कामै नगरेको पुरूषलाई समाचार प्रमुख राखिन्छ । कार्यक्रममा कामै नगरेकोलाई कार्यक्रम प्रमुख राखिन्छ । तर, जो महिला समाचारमा काम गरिरहेको छ, जो कार्यक्रममा काम गरिरहेको छ, हरेक क्षेत्रबाट पत्रकार महिला सक्षम भएपनि पत्रकार महिलालाई स्थान दिइँदैन । सक्षम पत्रकार महिलाको कुनै स्थान छैन् । राम्रा हैन् हाम्रालाई स्थान दिने प्रवृत्ति छ ।

पछिल्लो समय पत्रकारितामा पत्रकार महिलाको प्रवेश बढेको पाइन्छ । लमजुङकै सन्दर्भमा जिल्लामा ४ वटा रेडियो, २ वटा दैनिक पत्रिका, साप्ताहिक पत्रिका ६ वटा र २ वटा अनलाइन सञ्चालनमा छन् । तर विडम्वना पत्रिकामा समाचार लेख्ने पत्रकार महिला १ र २ मा गन्न सकिन्छ । जिल्लामा सञ्चालनमा रहेका ४ वटा रेडियोमा पनि समाचारको क्षेत्रमा काम गर्ने पत्रकार महिला कमै छन् । पत्रकार महिलाहरू स्वयम् आफू नै व्यवसायिक नबनी केवल कार्यक्रममा मात्र सीमित भएको देखिन्छ । कार्यक्रममा पनि मनोरञ्जनात्मक कार्यक्रम चलाउने मात्र बढी देखिन्छ । यसले गर्दा पनि पत्रकार महिलालाई समस्या आएको देखिन्छ । किनकि पत्रकारिता पेशालाई निरन्तरता दिनसक्ने माध्यम भनेको नै समाचार लेख्न सक्ने दक्षता, खोज, अनुसन्धान र फिल्डमा गएर ल्याउने सामग्री नै हो ।

अधिकांश पत्रकार महिलाहरूले कार्यक्षेत्रमा अझै पनि खुलेर लाग्नसक्ने अवस्था छैन । पारिश्रमिकदेखि अन्य धेरै कुरामा अझै पनि पत्रकार महिलाहरू पछि परेका छन् । एउटै रेडियोमा पत्रकार महिला र पुरूषलाई तलवमा फरक हुन्छ । 'महिला हुन्, पुरूषसरह तलव दिनुहुँदैन' भन्ने मानसिकताले अझै पनि जरो गाडेको छ । जबकि पत्रकार महिलालाई दोस्रो दर्जामा राखिन्छ । जसले गर्दा पत्रकार महिला छोटो समयमा नै यो पेशाबाट पर हुन्छन् । पत्रकारिता क्षेत्रमा लागेको केही समयपछि नै पत्रकार महिला पलायन हुन्छन् । किन पत्रकार महिलालाई टिकाउन सकिदैन ? यो एक गम्भीर प्रश्न हुन सक्छ । भर्खर पत्रकारिता सिक्दै गरेको पुरुष र ६ वर्षदेखि पत्रकारिता गरिरहेकी महिलालाई एउटै दाँजोमा राखेर हेरिनुले पत्रकार महिलालाई हेर्ने दृष्टिकोण प्रष्टिन्छ । जतिसुकै अनुभवी र क्षमतावान भए पनि पुरुषको तुलनामा पत्रकार महिला कमजोर नै हुन्छन् भन्ने मानसिकता छ तर लमजुङमा भने यो मानिकतालाई चिर्दै लमजुङको पहिलो सामुदायिक रेडियो मर्स्याङदीको स्टेशन म्यानेजरको जिम्मेवारी समेत महिलाले लिएका छन् भने नेपाल पत्रकार महासंघ लमजुङको उपाध्यक्ष, कोषाध्यक्ष पनि पत्रकार महिला नै छन् । तर यतिले मात्र पत्रकार महिलाको सम्मान होला त ? यो कदापि होइन । जबसम्म पत्रकार महिलालाई पुरुषसरह काम गर्ने वातावरणको सिर्जना हुँदैन, तबसम्म पत्रकार महिलाको अवस्था ज्युँकात्यूँ रहन्छ । कुनै एक संस्थाको अध्यक्ष महिला छन् भने त्यहाँ अनेक प्रश्न उब्जन्छ तर पुरुष अध्यक्ष हुन्छ भने समाजले उसलाई हेर्ने दृष्टिकोण नै फरक हुन्छ । हामी पत्रकारितामा बहस गर्छौं । पत्रकारितामा महिलाको उपस्थिति न्युन भयो, क्षमतावान हुन सकेनौ तर हामी यो सोच्दैनौं कि पत्रकार महिलाहरूको क्षमता किन कम भयो त ? हामी बहस गरेर सकारात्मक अभियान चाल्नुको साटो पत्रकारितामा आएका महिलाहरूलाई उत्प्रेरणा दिने आँटसम्म पनि गर्दैनौं ।

ठूलो जोश र आँट लिएर प्रवेश गर्ने पत्रकारिताको क्षेत्रमा किन केही समयपश्चात नै पेशा छोड्ने अवस्थाको सिर्जना हुन्छ ? पत्रकार महिला भएको नाताले हामीले छुट्टै सम्मान चाहेका छैनौ र चाहने पनि छैनौ । चाहेका छौं त केवल आत्मसम्मान अनि पुरुष पत्रकार दाजुभाइमाझ समानरूपमा काम गर्नसक्ने वातावरण । पुरुष पत्रकार साथीसँग समन्वय गर्दा वा समाचार रिपोर्टिङमा एक्लै हिड्दा समाजले कुरा काट्ने गरेका कारण पनि मोफसलका हामी पत्रकार महिलामा आफ्नो पेशाप्रति हीनतावोध भएको पाइन्छ । फलस्वरूप पत्रकार महिला पत्रकारिताबाट पलायन हुन पुग्छन् । हामीकहाँ छोरीचेलीको इज्जतलाई काँचसँग तुलना गरिन्छ भनिन्छ । काँच जस्तै संवेदनशील हुन्छ रे छोरीचेलीको इज्जत । केही गर्ने इच्छा र आँट बोकेका पत्रकार महिलाको खुट्टा तान्नका लागि उसको नियतिका बारेमा प्रश्न उठाइन्छ । आखिर कसले दियो यो अधिकार ? पत्रकारिता क्षेत्रमा लागेका पत्रकार महिलाको कामको मूल्याङ्नसँगै प्रोत्साहन गर्ने चलन कमै मात्र भएको पाइन्छ । जसले गर्दा दक्ष महिला पत्रकार यस पेशाबाट विस्तारै पलायन हुने क्रम जारी छ । आफू सम्बन्धित सञ्चारमाध्यमले सन्तोषजनक रूपमा समयमा पारिश्रमिक दिन नसक्नु, विवाहित महिला पत्रकारले घरबार र पत्रकारिता पेशाबीच तालमेल मिलाउन नसक्नुकै कारण पत्रकार महिला पत्रकारिता क्षेत्रबाट पलायन हुन्छन् ।

पत्रकारितामा प्रवेश गर्न चाहने नवप्रवेशी महिला मित्रलाई निकै ठूलो हिम्मतको आवश्यकता छ । एक त चुनौतीपूर्ण कार्य पत्रकारिता, त्यसमा पनि महिला भएर फिल्डमा निस्किँदा बाहिरी वातावरणसँग आफैलाइ ढाल्न नै निकै कठिन हुन्छ । तर हिम्मत र हौसला रहेमा जस्तोसुकै कठिनाई पार गरी एक दिन लक्ष्यमा अवश्य पुग्न सकिन्छ ।

अवसर भएको अवस्थामा पनि महिलालाई निर्णायक स्थानमा राख्न उनीहरू चाहँदैनन् । तसर्थ, यदि लैङ्गिक विभेदर हित समाज निर्माण गर्ने हो भने सञ्चार क्षेत्रमा पत्रकार महिलाको संख्या नबढाई सुखै छैन । क्षमता र दक्षताको आधारमा पत्रकार महिलालाई अवसर दिंदै जाने र सञ्चारगृह महिलामैत्री बन्ने हो भने अहिलेको अवस्थामा पत्रकार महिलाले भोग्दै आएका समस्यामा न्यूनीकरण हुनेछ ।

**(कमली नेपाल पत्रकार महासंघ लमजुङको कोषाध्यक्ष हुनुहुन्छ)**

# खेलकुदका केही झलक



















**नेपाल पत्रकार महासंघद्वारा प्रकाशित त्रैमासिक पत्रकारिता**
**सम्पादक : विपुल पोखेल, संयोजक : लक्ष्मी पुन /प्रकाश थापा, लेआउट/भाषा : उदय जीएम**
**सम्पादन मण्डल : छेटु शेर्पा, लक्ष्मण कार्की, पवन आचार्य, राजेश चाम्लिङ, कलेन्द्र सेजुवाल, बसन्त गिरी**
कार्यालय : सञ्चारग्राम, तिलगंगा, काठमाडौं
फोन नं. : ०१-४११२७६३, ०१-४११२६७३, फ्याक्स : ०१-४११२७८५
इमेल : fnjnepal@mail.com.np, website : fnjnepal.org
प्रिन्टिङ : उपलब्धि प्रकाशन सेवा प्रालि, गैरीधारा, काठमाडौं